सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ माघ २०८०, सोमबार (15 Jan 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्माण व्यवसायीको आठ अर्ब भुक्तानी दिन प्रधानमन्त्री प्रचण्डको निर्देशन

माघ दोस्रो साताभित्र भुक्तानी गर्ने अर्थमन्त्रीको प्रतिबद्धता

● अर्थमन्त्रीलाई प्रधानमन्त्री प्रचण्डको निर्देशन-



यो विषय धेरै पहिलेदेखिको हो । भुक्तानी नपाउँदा निर्माण क्षेत्र पनि समस्याग्रस्त भएको छ, अब यो समस्या धेरै लम्ब्याउनुहुँदैन । तत्काल भुक्तानी हुने व्यवस्था गर्नुस् ।

● अर्थमन्त्री डा. प्रकाशशरण महतको प्रतिबद्धता-



सकेसम्म माघको पहिलो साता नै निर्माण व्यवसायीको बक्यौता भुक्तानी हुन्छ । नभए ढिलोमा पनि माघको दोस्रो सातासम्म यो समस्या समाधान हुन्छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले लामो समयदेखि शिथिल निर्माण क्षेत्रलाई गतिशील बनाउने गृहकार्य थालेको छ । सोहीअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहेको निर्माण व्यवसायीको बक्यौता तत्काल भुक्तानीका लागि प्रधानमन्त्रीले पहल लिएका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आइतबार अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागका

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

धरापपूर्ण थानकोट–चित्लाङ सडक

शनिबार दुर्घटना भएको उकालोमै पाँच वर्षमा दशजनाले गुमाए ज्यान, मर्मतसम्भारका लागि चालू आवमा विनियोजित डेढ करोड बजेटको अझै काम सुरु भएन



डा. महेशकुमार गौतमले चलाएको कार शनिबार यही स्थानबाट खसेको थियो

तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

काठमाडौंमा सवारीसाधन भित्र्याउँदाको इतिहाससँग जोडिएको थानकोट-चित्लाङ सडकखण्ड अझै साँघुरो र कच्ची छ । जब कि तराईसँग नजिक र सहज हुने भएकाले दशकौं पहिले यही बाटो प्रयोग गरेर भीमफेदी, चिसापानी हुँदै उपत्यकामा सवारीसाधन बोकेर ल्याइन्थ्यो । हाल उपत्यकाबाट मकवानपुर पुग्न छोटो (२२ किलोमिटर) हुने भएपछि यो सडक धेरैले प्रयोग गर्छन् । तर, सडकको अवस्था नाजुक भएका कारण हिमचुली सेतो पहरामा दुर्घटनाको जोखिम धेरै छ । सात मिटर अर्थात् दुई लेनको यो सडकको सबैतिर चौडा र ग्रेड पनि मिलेको छैन । पर्याप्त बजेट नहुँदा र प्राथमिकतामा नपर्दा कालोपत्रे भएको छैन ।

● **नारायणदत्त भण्डारी**
प्रमुख, सडक डिभिजन कार्यालय, काठमाडौं

यो सडकको इतिहास गाडी बोक्ने समयसँग जोडिएको छ, अहिले पनि यो बाटो मकवानपुर निस्किन छिटो छ, त्यही कारणले धेरैले यसको प्रयोग गर्छन्, तर यो सडक निकै जोखिमपूर्ण छ । शनिबार दुर्घटना भएको स्थान निकै डरलाग्दो छ, त्यहाँसम्म कालोपत्रे गर्न र सडक व्यवस्थित बनाउन करिब २० करोड बजेट चाहिन्छ, तर सरकारले बजेट नै दिएको छैन ।

● **आशिष गजुरेल**, यातायातविज्ञ

दुर्घटना कम गर्ने हो भने चाहिने र चल्ती सडकखण्डलाई प्राथमिकतामा राख्नुपर्छ, सडक सुरक्षा परिषद् गठन गर्नुपर्छ । यसलाई सडक पूर्वाधार, सवारीसाधनको अवस्था, नियम कानुनको पालना, उद्धार, सडक प्रयोगकर्ताको अनुशासनलगायत विषयलाई वैज्ञानिक ढंगले अध्ययन गरेर लागू गर्ने अधिकार दिनुपर्छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

शनिबार कार दुर्घटनामा एकै परिवारका पाँचजनाले ज्यान गुमाएपछि थानकोट-चित्लाङ सडकखण्ड चर्चामा छ । इतिहास लामो रहे पनि यो सडकखण्ड अझै अस्तव्यस्त र धरापपूर्ण छ ।

यो सडकखण्ड त्यसवेला बनेको थियो, जति वेला उपत्यकामा मानिसले गाडी बोकेर भित्र्याउँथे । तर, सवारीसाधन नै बोक्नुपर्ने कालखण्डमा नै ट्र्याक खुलिसकेको यो सडकको अझै दुरावस्था छ ।

काठमाडौंमा सवारीसाधन भित्र्याउँदाको इतिहाससँग जोडिएको थानकोट-चित्लाङ सडकखण्ड अझै साँघुरो र कच्ची छ । जब कि तराईसँग नजिक र सहज हुने भएकाले दशकौं पहिले यही बाटो प्रयोग गरेर भीमफेदी, चिसापानी हुँदै उपत्यकामा सवारीसाधन बोकेर ल्याइन्थ्यो । हाल उपत्यकाबाट मकवानपुर निस्कन छोटो हुने भएपछि यो सडक धेरैले प्रयोग गर्छन् । आन्तरिक पर्यटनका लागि राम्रो स्थान मानिएको चित्लाङ जान नजिक र उपयुक्त सडक पनि यही हो । तर, सडकको दुरावस्थाले एकपछि अर्को सवारीसाधन दुर्घटनामा पर्ने गरेका छन् ।

» पृष्ठ २ मा क्रमशः

पश्चिम नेपालमा भूकम्पपछिको पुनर्निर्माणको लागत साढे ७२ अर्ब

यम बम/नयाँ पत्रिका

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पश्चिम नेपालका १७ जिल्लामा भूकम्पपछिको पुनर्निर्माणका लागि ७२ अर्ब ४५ करोड ८९ लाख बजेट चाहिने प्रतिवेदन तयार पारेको छ । प्राधिकरणले जाजरकोट, बझाङ र डोटी केन्द्रविन्दु भएर गएका तीनवटा भूकम्पको क्षति प्रतिवेदन तयार गरेर निजी आवाससँगै सरकारी र सामुदायिक संरचना पुनर्निर्माणमा लाग्न सक्ने बजेटको आकलन गरेको हो ।

प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काका अनुसार तीनवटा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणमा ५२ अर्ब १० करोड सात लाख लागत अनुमान गरिएको छ । रुकुम पश्चिम, जाजरकोट, सल्यान, रोल्पा, दैलेख, जुम्ला, कालीकोट, दाङ, प्युठान, रुकुम पूर्व, बझाङ, बाजुरा, बैतडी, अछाम, डडेल्धुरा, दार्चुला र डोटीमा ९५ हजार सात सय ८७ निजी आवास बनाउनुपर्नेछ ।

सरकारी सामुदायिक संरचनाको पुनर्निर्माणमा १३ अर्ब ७७ करोड १० लाख लाग्ने आकलन छ । र, यसको सञ्चालन खर्चमा ६ अर्ब ५८ करोड ७१ लाख अनुमान छ ।

» पृष्ठ २ मा क्रमशः

कुन क्षेत्रमा कति बजेट आवश्यक ?

■ निजी आवास पुनर्निर्माण : **५२ अर्ब १० करोड ७ लाख**

पुनर्निर्माणमा : ४७ अर्ब ९३ करोड १७ लाख

पुनर्स्थापना : २८ करोड ७४ लाख

पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि पूर्वाधार बनाउन : २८ करोड ७४ लाख,

स्थानीय स्रोत सामग्री प्रयोग थप प्रोत्साहन रकम : २३ करोड ९६ लाख

संकटापन्न परिवारका लागि सुरक्षित आवास निर्माण : तीन अर्ब ३५ करोड ५४ लाख

■ सरकारी सामुदायिक संरचनाको पुनर्निर्माण : **१३ अर्ब ७७ करोड १० लाख**

■ सञ्चालन खर्च : **६ अर्ब ५८ करोड ७१ लाख**

● **धनीराम शर्मा**, प्रवक्ता, अर्थ मन्त्रालय



पुनर्निर्माण सहरी विकासमार्फत जाने कि स्थानीय तहमार्फत भनेर सरकारले निर्णय गर्ला । अनुदान के-कसरी दिने भनेर पनि मापदण्ड तय भएपछि अर्थले स्रोत जुटाउँछ, त्यसमा समस्या हुँदैन ।

● **ध्रुवबहादुर खड्का**, प्रवक्ता, विपत् प्राधिकरण



क्षतिको विवरण संकलन गरेर लागत अनुमान गरेका छौं । अब सामान्य मर्मत गर्नुपर्ने, रेक्टोफिटिङ गर्नुपर्ने र पुनर्निर्माण नै गर्नुपर्ने घरको विवरण संकलन हुनेछ । नौ सय इन्जिनियर परिचालन गरेमा ४५ दिन लाग्ने आकलन छ ।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

थुनामा परेका सबै सर्वोच्च पुगे, सरकारी पक्ष 'अध्ययन गर्दै'

शिल्पा कर्ण/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका सबै सर्वोच्च अदालत पुगेका छन् । उच्च अदालत पाटनको आदेशले थुनामा रहेकाले उक्त आदेश बदरको माग गर्दै विभिन्न मितिमा सर्वोच्चमा ७३ नम्बरको निवेदन दर्ता गराएका हुन् ।

'थुनामा रहनुभएकाले विभिन्न मितिमा निवेदन दर्ता गराउनुभएको छ । उहाँहरूको निवेदनमाथि विभिन्न मितिमा कैफियत प्रतिवेदन झिकाउने आदेश पनि भएका छन्,' सर्वोच्चका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले भने । यस निवेदनको म्याद नहुने भएकाले जहिलेसुकै आउन सक्ने उनले बताए । यद्यपि, हालसम्म सरकारी पक्षको निवेदन नपरेको घिमिरेले जानकारी दिए । उच्चको आदेशले नौजना यस मुद्दामा पुर्पक्षका लागि थुनामा छन् भने ११ जनाको हकमा जिल्लाको आदेश बदर भएको छ ।

सर्वोच्चको अभिलेखअनुसार १२ पुसमा गृहसचिव

» पृष्ठ २ मा क्रमशः

आलमविरुद्धको मुद्दाको सुनुवाइ सरेकोसँच्यै



आलमको मुद्दा जिल्ला अदालत रौतहटमा १८ कात्तिक ०७६ देखि विचाराधीन

१७ पटक तोकियो पेसी, तर अझै लागेन मुद्दाको अन्तिम किनारा

टेकराज थामी/नयाँ पत्रिका

इँटाभट्टामा जिउँदै जलाएर व्यक्ति हत्या गरेको अभियोगमा पुर्पक्षका लागि जेलमा रहेका मोहम्मद अफ्ताब आलमसँग सम्बन्धित मुद्दाको पेसी आइतबार पनि स्थगित भएको छ । मुद्दाको अर्को पेसी आगामी २१ माघका लागि तोकिएको छ ।

» पृष्ठ २ मा क्रमशः

■ माघीमा हुरडुङ्ग्या नाच



दाङबाट **विश्वराज पछ्लडङ्ग्या**

माघीको अवसरमा आइतबार हुरडुङ्ग्या नाच्दै दाङको दंगीशरण गाउँपालिका- ४ बैबाङका स्थानीय । पश्चिम तराईमा बसोवास गर्ने थारू समुदायले १ माघलाई नयाँ वर्षको रूपमा मनाउँदै आएका छन् । यस वर्ष थारू संवत २६४७ मनाउन लागेका उनीहरूले माघेसंक्रान्तिको अवसरमा नयाँ वर्षको योजना र गत वर्षको समीक्षा गर्छन् । यो पर्वमा सबैजसो स्वतन्त्र भएर नाचगान गर्छन् । मिठोमसिनो खान्छन् । सेतो टीका लगाएर आफूभन्दा ठूलासँग आशीर्वाद लिन्छन् । माघेसंक्रान्तिकै अवसरमा मटावा (बरघर, भल्मन्सा) चयन गर्ने र गाउँलाई समृद्ध बनाउन योजना तथा अनुशासित बनाउन नीति, नियम बनाउने गरिन्छ । अधियाँ जमिन जोत्ने, घर फाट्ने, जमिन किन्ने, घर बनाउने निर्णय पनि गरिन्छ । (माघी विशेष पृष्ठ ४ र ५)

■ उपत्यकामा भूमिगत पानीको सतह घट्दो

वार्षिक एक मिटर तल सर्दै छ पानी



● **मधुकर उपाध्या**, जलविद्

यो समस्या काठमाडौंको रिङरोडभित्र निकै चर्कंदो छ । कतिपय ठाउँमा निकै गहिरो इनार खन्दा वा डिप बोरिङ गर्दा पनि पानी नआउने अवस्था छ । हरेक वर्ष भूमिगत पानीको सहत धसिँदै छ, तर सरकारी निकायले यो समस्याबारे कुनै अध्ययन गर्दैन, गरे पनि प्रतिवेदन लुकाउँछ ।

● **राधा ढकाल**, प्रमुख, अनुगमन तथा अनुमति एकाइ, खानेपानी व्यवस्थापन बोर्ड

हामीसँग जनशक्ति सीमित छ, सबैतिर दोहन रोक्न सकिरहेका छैनौं । पानी धेरै खर्च गर्ने निकायले ३० फिटभन्दा तलबाट मात्रै पानी तान्न पाउँछन्, यसबारेमा हामीले हप्तामा दुईपटकसम्म अनुगमन गरिरहेका छौं । ०७१ मा बोर्डले निर्देशिका जारी गरेयता जथाभावी हुने पानीको दोहन क्रमिक रूपमा रोकिएको छ ।

नयाँ पत्रिका

जमिनमुनिको पानी अत्यधिक प्रयोगका कारण काठमाडौं उपत्यकामा भूमिगत पानीको सतह वार्षिक एक मिटर तल झरिरहेको छ । अव्यवस्थित ढंगमा हुने डिप बोरिङ र बस्ती विस्तारका कारण 'रिफिल' क्षेत्र अभावले बर्सेनि भूमिगत पानीको सतह झरिरहेको जलविज्ञहरूले बताएका छन् ।

जलविद् मधुकर उपाध्याका अनुसार यो समस्या काठमाडौंको रिङरोडभित्र अझै बढी चर्कंदो छ । कतिपय ठाउँमा निकै गहिरो इनार खन्दा वा डिप बोरिङ गर्दा पनि पानी नआउने अवस्था छ । 'हरेक वर्ष भूमिगत पानीको सहत धसिँदै छ, तर सरकारी निकायले यो समस्याबारे कुनै अध्ययन गर्दैन, गरे पनि प्रतिवेदन लुकाउँछ । केही समयअघि गरिएको एक अध्ययनले उपत्यकाका

» पृष्ठ २ मा क्रमशः



■ ठूला निकायले ३० फिटभन्दा तलबाट मात्रै पानी तान्नुपर्ने

खानेपानी व्यवस्थापन बोर्डकी अनुगमन तथा अनुमति एकाइ प्रमुख राधा ढकालले ३० फिटभन्दा गहिरो इनार वा डिप बोरिङ गर्नुपरे बोर्डसँग अनुमति लिनुपर्ने बताइन् । उनका अनुसार, ठूला अस्पताल, हाउजिङ, अपार्टमेन्ट, आवास क्षेत्र, पानी सप्लायर्सलगायते ३० फिटभन्दा तलबाट मात्रै पानी तान्न पाउँछन् । अग्ला भवन तथा अपार्टमेन्ट, होटेल, अस्पताल, सरकारी कार्यालय, पानी उद्योगलगायतले भूमिगत पानी निकाल्न बोर्डसँग अनुमति लिनुपर्छ । 'हामीसँग जनशक्ति सीमित छ, सबैतिर दोहन रोक्न सकिरहेका छैनौं,' उनले भनिन्, 'पानी धेरै खर्च गर्ने निकायले ३० फिटभन्दा तलबाट मात्रै पानी तान्न पाउँछन्, यसबारेमा हामीले हप्तामा दुईपटकसम्म अनुगमन गर्छौं ।' उनले पानीको सतह घट्दो वा बढ्दो अवस्थाको पुष्टि गर्न भने अध्ययन नै हुनुपर्ने बताइन् ।

नेपाल र चीन विश्वासिला विकासका साझेदार हुन् : प्रधानमन्त्री प्रचण्ड

काठमाडौँ/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाल र चीन विश्वासिला विकासका साझेदार भएको पनि बताएका छन्। शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा दुई देशबीचको सम्बन्ध झाँगिँदै गएको प्रधानमन्त्रीको भनाइ छ।

'हामीले असल मित्रका रूपमा एक-अर्काको संवेदनशीलतालाई नजिकबाट बुझेका छौँ। शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा हाम्रो सम्बन्ध रहिआएको छ,' चिनियाँ नयाँ वर्ष तथा वसन्तोत्सवका अवसरमा आइतबार आयोजित समारोहमा प्रधानमन्त्रीले भने, 'दुई देशको सभ्यता नदी र हिमशृंखलाले मात्र जोडिएका छैनन्, यसमा हाम्रा साझा संस्कृति र जनस्तरको सम्बन्ध पनि प्रमुख रहेका छन्।'

उनले ताइवान चीनकै अभिन्न अंग भएको पनि बताए। आफ्नो चीन भ्रमणका वेला जारी भएको संयुक्त वक्तव्य स्मरण गर्दै प्रधानमन्त्रीले भने, 'ताइवान चीनकै अभिन्न अंग हो। ताइवान स्वतन्त्रताका सम्बन्धमा नेपालको प्रस्ट दृष्टिकोण छ। मेरो चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा यसलाई प्रस्ट पारिएको छ।' उनले चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने स्पष्ट पारे।

नेपाल एक चीन सिद्धान्तप्रति दृढ रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले यस सम्बन्धमा सरकारको स्पष्ट प्रतिबद्धता रहेको बताए। 'आन्तरिक तथा बाह्य मामिलामा आएको बदलावबाट हाम्रो प्रतिबद्धता कुनै हालतमा प्रभावित हुँदैन,' उनले भने, 'संस्कृति र परम्पराले हामी एकापसमा बाँधिएका छौँ। संस्कृति र परम्पराले नै दुई देशबीचको जनस्तरको सम्बन्धलाई सुदृढ तुल्याउनेछ।' नेपालका लागि चीनका राजदूत छन सङले चीन र नेपाल रणनीतिक साझेदार भएको बताउँदै 'बेल्ट एन्ड रोड इनिसिएटिभ'अन्तर्गत विकासमा साझेदारी गर्न चीन प्रतिबद्ध रहेको धारणा राखे।

धरापपूर्ण...

पृष्ठ १ बाट क्रमशः

शनिबार यही सडकखण्डअन्तर्गत पर्ने हिमचुली सेतो पहरा भन्ने ठाउँमा कार दुर्घटनाग्रस्त भयो। दुर्घटनामा ३८ वर्षीय डा. महेशकुमार गौतमसहित उनीका छोरा चार वर्षीय प्रियांश, ६ वर्षीया छोरी स्मारिका, ६७ वर्षीय ससुरा ओमकारनिधि तिवारी र सासू कल्पना तिवारीको ज्यान गुमाउनुपर्‍यो। यस सडकखण्डमा भएको यो ताजा प्रतिनिधिमूलक घटना हो।

सडकको अवस्था नाजुक भएका कारण हिमचुली सेतो पहरामा दुर्घटनाको जोखिम धेरै छ। ठाडै उकालो, साँघुरो र ग्रेड नमिलेका कारण यस ठाउँमा बढी दुर्घटना हुने गरेको सडक डिभिजन कार्यालय काठमाडौँका प्रमुख नारायणदत्त भण्डारी बताउँछन्। उनका अनुसार सात मिटर अर्थात् दुई लेनको यो सडकको सबैतिर चौडा र ग्रेड मिलेको छैन। दुर्घटना कम गर्न ग्रेड मिलाउने, चौडा पार्ने, ब्रेक र सडकको छेउमा बार राख्न आवश्यक छ।

भण्डारीका अनुसार यो सडक उपत्यकासँग जोडिएका अन्य सडकभन्दा निकै पुरानो मानिन्छ। २०१३ सालभन्दा अघि नै यहाँ गोरेटो बाटो थियो भने यसलाई व्यापारिक बाटोका रूपमा पनि लिइन्थ्यो। यो बाटो मानिसले नै खनेका थिए। तर, कति सालमा यसको ट्र्याक खोलियो भन्ने यकिन विवरणचाहिँ सडक विभाग र सडक डिभिजनसँग छैन।

कुनै वेला कुलेखानी, चिसापानी, भीमफेदी हुँदै काठमाडौँमा गाडी बोकेर भित्र्याइन्थ्यो। तर, पुरानो सडक भए पनि पर्याप्त बजेट नहुँदा र प्राथमिकतामा नपर्दा कालोपत्रे भएको छैन। 'यो सडकको इतिहास गाडी बोक्ने समयसँग जोडिएको छ, अहिले पनि यो बाटो मकवानपुर निस्किन छिटो छ, त्यही कारणले धेरैले यसको प्रयोग गर्छन्, तर यो सडक निकै जोखिमपूर्ण छ,' उनले भने, 'शनिबार दुर्घटना भएको स्थान निकै डरलाग्दो छ, त्यहाँसम्म कालोपत्रे गर्न र सडक व्यवस्थित बनाउन करिब २० करोड बजेट चाहिन्छ, तर केन्द्र सरकारले बजेट नै दिएको छैन।'

मकवानपुरको थाहा नगरपालिकाका रामजी बलामीले सो सडक निकै अस्तव्यस्त रहे पनि वर्षौंदेखि मर्मतसम्भार नभएको बताए। 'म घर आउजाउ गर्ने सडक यही हो, तर यो सडक निकै जोखिमपूर्ण छ,' उनले भने, 'तर सरकारले सडक व्यवस्थित गर्न नसक्दा दुर्घटनाको जोखिम छ।'

थानकोटदेखि करिब दुई किमिभित्रसम्म यो सडक कालोपत्रे भइसकेको छ भने त्यसपछि कच्ची छ। थप पाँच सय मिटर कालोपत्रे गर्न आर्थिक वर्ष ०८०/८१ मा बजेट विनियोजन भएको छ। थानकोटबाट हिमचुली सेतो पहरा अर्थात् शनिबार दुर्घटना भएको स्थलसम्म पुग्न करिब पाँच किमि छ।

तर, केन्द्र सरकारले कम बजेट दिएकाले अप्ठ्यारो ठाउँमा काम गर्न नपाएको डिभिजन प्रमुख भण्डारी बताउँछन्। उनका अनुसार पाँच सय मिटर पक्की गर्नका लागि भने ठेक्का प्रक्रिया अघि बढिसकेको छ। हाल थानकोटदेखि खोल्सी भन्ने ठाउँसम्म करिब दुई किमि कालोपत्रे भइसकेको छ भने थप पाँच सय मिटर मात्रै पिच गर्नका लागि ठेक्का अघि बढेको छ।

'यो बाटो हुँदै त्यसवेला गाडी नै बोकेर पनि काठमाडौँमा ल्याइएको छ, तर प्राथमिकतामा नपर्दा हालसम्म पनि सडकको अवस्था सुधार हुन सकेन,' उनले भने, 'सडकको उन्नति नहुनाको कारण बजेट अभाव नै हो।'

०७० देखि मात्रै प्राथमिकतामा, एक दशकमा ३० करोड खर्च

उपत्यकाबाट मकवानपुर हुँदै तराई जोड्ने छोटो सडकका रूपमा रहेको यो सडकलाई राज्यले प्राथमिकतामै राखेन। थानकोट-चित्लाङ सडक योजना भनेर ०७० देखि यस सडकसँग सम्बन्धित योजनाको कार्यालय सडक विभागमा राखिएको थियो।

एक दशकयताको बजेट हेर्दा ३० करोड बजेट यो सडकमा खर्च भइसकेको छ। ०७० यता हरेक वर्ष ३/४ करोडका दरले बजेट छुट्याउने गरिएको छ भने चालू आवमा दुई करोड कालोपत्रे र डेढ करोड मर्मतसम्भारका लागि बजेट छुट्याइएको छ।

यातायातविज्ञ आशिष गजुरेलले सरकारले सडक पूर्वाधारलाई प्राथमिकतामा नराख्दा र दुर्घटना न्यूनीकरणमा तदारुकता नदेखाउँदा दुर्घटना बढिरहेको बताए। 'यदि दुर्घटना कम गर्ने हो भने चाहिने र चल्ती सडकखण्डलाई प्राथमिकतामा राख्नुपर्छ, सडक सुरक्षा परिषद् गठन गर्नुपर्छ,' उनले भने, 'यसलाई सडक पूर्वाधार, सवारीसाधनको अवस्था, नियम कानुनको पालना, उद्धार, सडक प्रयोगकर्ताको अनुशासनलगायत विषयलाई वैज्ञानिक ढंगले अध्ययन गरेर लागू गर्ने अधिकार दिनुपर्छ।'

०७५ यता पाँच वर्षको अवधिमा शनिबार दुर्घटना भएको उकालो सडकमा दुईवटा जिप, दुई मोटरसाइकल र शनिबार एउटा कारसहितमा गरी दशजनाले ज्यान गुमाइसकेका छन्। सडक डिभिजन कार्यालयका प्रमुख भण्डारीका अनुसार ०७५ यता मोटरसाइकल दुर्घटनामा तीनजना, जिपमा दुईजना र कारमा पाँचजना गरी दशजनाको ज्यान गएको हो। करिब चार किमि उकालो यस सडकमा चार दर्जनभन्दा बढी सवारीसाधन साना दुर्घटनामा परेका छन्।

दुर्घटनास्थलमा मर्मतका लागि विनियोजित डेढ करोडमा काम सुरु भएन

थानकोटदेखि मकवानपुरसम्म करिब २२ किमि पर्ने यो सडक मर्मतसम्भारका लागि भनेर चालू आर्थिक वर्षमा सडक बोर्डबाट डेढ करोड रुपैयाँ विनियोजन गरिएको छ। तर, मर्मतसम्भार नै सुरु भएको छैन। हालसम्म मर्मतसम्भारका लागि छुट्याइएको बजेटको डेढ लाख मात्रै बजेट खर्च भएको डिभिजन कार्यालयले जनाएको छ, सो खर्च पनि डिजेलमा खर्च भएको हो।

हरेक वर्ष विशेष महत्त्वको सडकको लागि बोर्डले बजेट छुट्याउँछ। यस वर्ष पनि यो सडकलाई महत्त्वमा राखेर बजेट छुट्याइएको थियो। शनिबार दुर्घटना भएको स्थानमा समेत व्यवस्थित गर्ने भनेर बोर्डले बजेट छुट्याएको डिभिजन कार्यालय प्रमुख भण्डारीले जानकारी दिए। उनका अनुसार सो उकालो र अप्ठ्यारा ठाउँमा मर्मत गर्न बाँकी छ। 'यो सडक निकै अप्ठ्यारो भए पनि पछिल्लो समय यसमा सवारीसाधनको चाप बढेको छ,' उनले भने, 'कच्ची बाटो त्यसमाथि पनि ठाडो उकालो छ, करिब चार किमि उकालो सडक जोखिम छ यो ठाउँसम्म पिच हुनलाई २० करोड बजेट चाहिन्छ, तर दुई करोड बजेटमा पिच नै हुँदैन।'

अर्थले दिएन बजेट, सीमित बजेटमा काम गर्न कठिन

यस सडकको उकालो क्षेत्र करिब चार किमिमा कालोपत्रे तथा ढलान गर्न भनेर गत असोजमा डिभिजन कार्यालयले अर्थ मन्त्रालयसँग आठ करोड बजेट मागेको थियो। तर, अर्थले बजेट दिन नमानेको डिभिजन कार्यालयले जनाएको छ। उकालो सडकमा काम गर्न बजेट धेरै चाहिने भएकाले वार्षिक रूपमा छुट्याइएको बजेटले सडक पिच गर्न वर्षौं लाग्छ। सरकारले बजेटको आकार बढाउने हो भने धेरै काम गर्न सकिने डिभिजन कार्यालयको भनाइ छ।

शनिबार दुर्घटना भएको सडकलाई तत्काल मर्मत गरिने

डिभिजन प्रमुख भण्डारीले शनिबार कार दुर्घटना भएको ठाउँमा मर्मतसम्भारका लागि आएको बजेटबाट व्यवस्थित गर्ने काम गरिने बताए। उनका अनुसार त्यस ठाउँमा चौडा पार्ने, ग्रेड मिलाउने, ब्रेकर राख्ने र बार लगाउनेलगायत काम गरिनेछ।

निर्माण व्यवसायीको...

पृष्ठ १ बाट क्रमशः

अधिकारीहरूसँग छलफल गरेर भुक्तानी प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयलाई निर्देशन गरेका छन्। उनले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहेको निर्माण व्यवसायीहरूको आठ अर्ब एक करोड रुपैयाँ दायित्व (बक्यौता) तत्काल भुक्तानी गर्न निर्देशन दिएका छन्।

छलफलमा अर्थमन्त्री डा. प्रकाशरण महत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, अर्थसचिव डा. कृष्णहरि पुष्कर, भौतिकसचिव केशवकुमार शर्मा र सडक विभागका महानिर्देशक सुशीलबाबु ढकाल सहभागी थिए। सोही छलफलपश्चात् प्रधानमन्त्री प्रचण्डले अर्थ मन्त्रालयलाई रकम भुक्तानी गर्न निर्देशन दिएका हुन्। यसअघि प्रधानमन्त्री प्रचण्डले १३ पुसमा यसबारे जानकारीसमेत लिएका थिए। सडक विभागले निर्माण व्यवसायीलाई गत आवको एक अर्ब ७१ करोड रुपैयाँ र चालू आवको ६ अर्ब २३ करोड रुपैयाँ गरेर आठ अर्ब एक करोड रुपैयाँ भुक्तानी गर्नुपर्नेछ। तर, सम्बन्धित ठेक्काको शीर्षकमा बजेट र विभागले त्यो रकम भुक्तानी गर्न सकेको छैन। त्यस्तो भुक्तानी नपाएपछि निर्माण क्षेत्र समस्याग्रस्त भइरहेको छ। त्यसपछि व्यवसायीले तत्काल भुक्तानी गर्न माग गर्दै आएका थिए। सोही क्रममा प्रधानमन्त्री प्रचण्डले यस्तो निर्देशन जारी गरेको सडक विभागका महानिर्देशक ढकालले बताए।

'यो विषय धेरै पहिलेदेखिको हो। भुक्तानी नपाउँदा निर्माण क्षेत्र पनि समस्याग्रस्त भएको छ, अब यो समस्या धेरै लम्बाउनुहुँदैन,' छलफलमा अर्थमन्त्रीलाई निर्देशन दिँदै प्रधानमन्त्री प्रचण्डले भनेका थिए, 'तत्काल भुक्तानी हुने व्यवस्था गर्नुस्।'

छलफलमा अर्थमन्त्री डा. प्रकाशशरण महतले माघको दोस्रो साताभित्र निर्माण व्यवसायीको भुक्तानी दिने प्रतिबद्धता गरेका छन्। 'सकेसम्म माघको पहिलो साता नै यो बक्यौता भुक्तानी हुन्छ। नभए ढिलोमा पनि माघको दोस्रो सातासम्म यो समस्या समाधान हुन्छ,' छलफलमा अर्थमन्त्री डा. महतले भनेका थिए।

सरकारले निर्माण व्यवसायीलाई गत आवकै ६ अर्बभन्दा बढी भुक्तानी दिनुपर्ने थियो। त्यसअन्तर्गत सडक विभागको मात्रै चार अर्ब बक्यौता थियो। त्यसमा गत कात्तिक पहिलो साता अर्थ मन्त्रालयले चालू आवको दोस्रो, तेस्रो र चौथो त्रैमासका लागि विनियोजन गरेको बजेटबाट सम्बन्धित शीर्षकअन्तर्गत पर्ने ठेक्काको बक्यौता तिर्न मिल्ने नीतिगत निर्णय गरेको थियो। सोहीअनुसार गत आवको भुक्तानी गर्दा पनि सडक विभागमा अझै एक अर्ब ७१ करोड दायित्व बाँकी छ।

यसैगरी, चालू आवको बजेटबाट अघिल्लो आवको दायित्व भुक्तानी गर्दा चालू आवको भुक्तानी गर्न पैसा पुगेको छैन। फलस्वरूप सडक विभागले बिल स्वीकृत भएर पनि निर्माण व्यवसायीलाई चालू आवको ६ अर्ब ३० करोड रुपैयाँ भुक्तानी दिन सकेको छैन। अब भने उक्त बक्यौता भुक्तानी गर्न सक्ने आशा पलाएको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए। 'यसका लागि बजेट व्यवस्था गर्न अर्थ मन्त्रालयमा पटक-पटक पहल गरेका थियौँ, यसका लागि विभिन्न विकल्पसमेत दिएका थियौँ। तर, सफल भएका थिएनौँ,' उनले भने, 'अहिले प्रधानमन्त्रीबाटै निर्देशन आएपछि आशा पलाएको छ।'

चालू आवमा सडक विभागले ९४ अर्बको पुँजीगत बजेट पाएको छ, पुससम्म त्यसको १४ प्रतिशत मात्रै बजेट खर्च भएको छ। तर, थुप्रै शीर्षकमा बजेट छुट्याएर पनि काम हुन सकेको छैन, जुन बजेट काम नभए फ्रिज हुने अवस्थामा पुगेका छन्। काम भइरहेका शीर्षकमा भने बजेट पुगेको छैन। 'अधिकांश शीर्षकमा आवश्यकताअनुसार बजेट परेको छैन। कतिपय शीर्षकमा आवश्यकभन्दा बढी बजेट पनि छन्। यसका अलावा कतिपय शीर्षकमा काम भएको छ, तर बजेट छैन। बजेट भएकोमा काम हुन सकेको छैन। तसर्थ, त्यस्ता शीर्षकको बजेट रकमान्तर गरेर भुक्तान दिन आग्रह गरेका छौँ,' विभागका महानिर्देशक ढकालले भने, 'यो पैसा आयो भने एकातिर निर्माण व्यवसायीहरूले भुक्तानी पाउँछन्। हाम्रो पुँजीगत खर्च भएको पनि देखिन्छ।'

यता निर्माण व्यवसायी अन्य मन्त्रालय तथा विभागको बक्यौता पनि तत्काल भुक्तानी गर्नुपर्ने बताउँछन्। सिँचाइ विभाग, खानेपानी विभाग, सहरी विकास मन्त्रालयतर्फ पनि अर्बौं रुपैयाँ दायित्व बाँकी छ। त्यस्ता निकायको भुक्तानीबारे पनि सरकारले तत्काल निर्णय गर्नुपर्ने नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए।

थुनामा परेका...

पृष्ठ १ बाट क्रमशः

टेकनारायण पाण्डे र पूर्वमन्त्री टोपबहादुर रायमाझीले उच्चको आदेशविरुद्ध सर्वोच्चमा निवेदन दर्ता गराएका छन्। सर्वोच्चका न्यायाधीश कुमार रेग्मीले उक्त निवेदनउपर सुनुवाइ गर्दै १६ पुसमा कैफियत झिकाउने आदेश दिएका छन्। यसैगरी उच्चको आदेशले थुनामै रहेका पाण्डे र रायमाझीसहित केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, इन्द्रजित राई, गोविन्दकुमार चौधरी, सन्देश शर्मा र आङटावा शेर्पासमेत निवेदनसहित सर्वोच्च पुगेका छन्।

'उच्च सरकारी वकिलको कार्यालयले मुद्दा पुनरावेदन गर्ने निर्णयसहित हामीलाई पठाउने हो। अनि मात्र त्यसैअनुसार अघि बढ्छौँ। आजको मितिसम्म त्यस्तो निर्णयसहितको फाइल हामीकहाँ आएको छैन,' महान्यायाधिवक्ताको कार्यालयका एक उच्च अधिकारीले भने, 'हुन त १० वर्षभन्दा कम सजाय माग दाबी भएका मुद्दाहरू उच्च सरकारी वकिलको कार्यालयले नै टुंग्याउन पाउँछ। सर्वोच्चसम्म आउने अवस्था रहेन भने त्यहीँबाट निवेदन गर्नुपर्ने अवस्था देखिएन भनेर निर्णय गर्न सक्छ।'

तर, सर्वोच्च अदालतसम्बद्ध एक अधिकृत भने यसलाई स्वाभाविक मान्दैनन्। 'सरकारी वकिल पाँच-सात वर्षको कैद माग गरेका मुद्दामा त थुनछेकका विषयमा सर्वोच्च आउँछन्। यो मुद्दामा उच्चबाटै किनारा गर्ने भन्ने कुरै हुँदैन नि!' उनले भने।

अर्कोतिर उच्च सरकारी वकिलको कार्यालयका अधिकारी भने आफूहरू सर्वोच्च जाने तयारीमा रहेको बताउँछन्। यद्यपि, हाई प्रोफाइल प्रतिवादी रहेका कारण पर्याप्त अध्ययन गरेर मात्रै जाने उनीहरूको भनाइ छ। 'हामीले तत्कालै सर्वोच्च जाने निर्णय गरेका छैनौँ, तर अध्ययन गर्दै छौँ। हामी ठोस तरिकाले लेखेर महान्यायाधिवक्ताको कार्यालयमा फाइल पठाउँछौँ,' उच्च सरकारी वकिलका एक उच्च अधिकारीले नाम नखुलाउने सर्तमा भने।

नेपाली नागरिकलाई भुटानी शरणार्थीका रूपमा अमेरिका पठाइदिने प्रलोभनमा करोडौँ ठगी गरेको अभियोगमा जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर भएको थियो। गत १० जेठमा जिल्ला सरकारी वकिलको कार्यालयले पूर्वमन्त्री र सांसदका साथै उच्च सरकारी अधिकृतलाई पनि विपक्षी बनाउँदै मुद्दा चलाएको थियो। ठगी, लिखत किर्ते र राज्यविरुद्ध तथा संगठित अपराधसम्बन्धी कसुरमा मुद्दा दायर भएको हो।

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेले गत १ असारमा थुनछेक आदेश गरेका थिए। तत्काल उपस्थित भएका १८ प्रतिवादीमध्ये १६ जनालाई थुनामा पठाएका थिए भने दुईजनालाई धरौटीमा रिहा गर्ने आदेश गरेका थिए। पछि उपस्थित गराइएका दुईजनासमेत गरी २० जनाको हकमा उच्च अदालतले १५ मंसिरमा आदेश गरेको थियो।

उच्च अदालतका न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको इजलासले जिल्लाले आदेश दिएकामध्ये नौजनालाई थुनामै रहने आदेश गरेको थियो भने पूर्व १० जनाको हकमा आदेश आंशिक उल्ट्याएको थियो। उक्त इजलासले टेकनारायण पाण्डे, इन्द्रजित राई, टोपबहादुर रायमाझी, केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई, गोविन्दकुमार चौधरी, सन्देश शर्मा र आङटावा शेर्पा थुनामै रहने गरी जिल्ला अदालतकै आदेश सदर गरेको थियो। यसैगरी नरेन्द्र केसी, हरिभक्त महर्जन, शमशेर मियाँ, सन्दीप रायमाझी, टेकनाथ रिजाल, रामशरण केसीलाई धरौटीमा रिहा गर्ने गरी जिल्लाको आदेश बदर गरेको थियो।

पाण्डे र खरेलको इजलासले लक्ष्मी महर्जन, आशिष बुढाथोकी, टंककुमार गुरुङ र केशव तुलाधरलाई साधारण तारेखमा रिहा गर्ने आदेश गरेको थियो। तर, पूर्वगृहमन्त्री बालकृष्ण खाणको हकमा पाण्डे र खरेलको राय बाझिएपछि २८ मंसिरमा न्यायाधीश कृष्णराम कोइरालाले राय दिएका थिए। जसमा खाणलाई ३० लाख रुपैयाँ धरौटीमा छाड्ने उल्लेख थियो। जसपछि उनी रिहा भएका छन्।

आलमविरुद्धको...

पृष्ठ १ बाट क्रमशः

आलमको मुद्दा जिल्ला अदालत रौतहटमा १८ कात्तिक ०७६ देखि विचाराधीन छ। यसबीचमा १७ पटक पेसी तोकिसकिएको छ। तर, मुद्दाको अन्तिम किनारा अझै लाग्न सकेको छैन।

आइतबार न्यायाधीश अभाव भएपछि पेसी स्थगित भएको हो। अदालतमा रहेका सात न्यायाधीशमध्ये तीन उच्च अदालतमा नियुक्त भएका छन्। दुई बिदामा छन्। गोला गर्दा रहेका दुवै न्यायाधीशको भागमा मुद्दा नपरेपछि सुनुवाइ सरेको जिल्ला अदालतका स्रेस्तेदार उद्धव ढोडारीले बताए। 'आलमसँग सम्बन्धित मुद्दाको पेसी आइतबार स्थगित भएको छ। अर्को पेसी २० वा २१ माघमा तोकिनेछ। न्यायाधीश अभाव हुँदा पेसी स्थगित भएको हो,' उनले भने।

आलमविरुद्ध विस्फोटक पदार्थ बमसमेतको प्रयोग गरी ज्यान मार्ने उद्योगसमेतमा मुद्दा चलिरहेको छ। जिल्ला अदालत रौतहटले गत २२ कात्तिकमा मुद्दाका पक्ष र प्रतिपक्ष दुवैलाई १५ दिनभित्र बहस नोट पेस गर्न आदेश गरेको थियो। तर, आलम पक्षका दुई अधिवक्ताबाहेक अन्यले हालसम्म बहस नोट पेस गरेका छैनन्।

पीडित पक्षबाट बहसमा उत्रिएका अधिवक्ता पुष्प पौडेलले पेसी स्थगित हुनुमा न्यायाधीश अभाव र बहस नोट पेस नहुनु दुवै कारण रहेको बताए। 'समयसीमा तोकेर नै अदालतले बहस नोट पेस गर्न भनेको थियो। सोहीअनुसार पीडित पक्षबाट बहसमा उत्रिएका सबै अधिवक्ताले बहस नोट पेस गरेका छन्,' उनले भने, 'तर, आलमको पक्षबाट बहसमा उत्रिएका अधिवक्ता दुईजनाले बाहेक अन्यले हालसम्म पनि बहस नोट पेस गरेका छैनन्। त्यसो हुँदा पनि आइतबारको पेसी सर्न पुगेको हो। न्यायाधीश अभाव पनि अर्को कारण हो।'

आलम पुर्पक्षका लागि हाल ललितपुरको नक्खु जेलमा छन्। यसबीचमा तीन १७ पटकसम्म पेसी सरिसकेको छ। न्यायाधीश 'आफूअनुकूल' नभएपछि आलम पक्षका अधिवक्ताबाट पटक-पटक पेसी सारिँदै आएको छ। बहस नोट पेस नगर्नुको पछाडि यसै रणनीतिले काम गरेको हुन सक्ने आशंका छ।

मुद्दाको बहस जिल्ला न्यायाधीश बाबुकाजी बानियाँको इजलासमा गत २१ कात्तिकदेखि भइरहेको थियो। मुद्दामा जटिलता देखिएपछि न्यायाधीश बानियाँले १५ दिनभित्र बहस नोट पेस गर्न आदेश गरेका थिए। अदालतका अनुसार आलमविरुद्धको मुद्दामा सरकारी वकिल पक्षको बहस २१ कात्तिकमै सकिएको छ। जाहेरीवालातर्फका वकिलको बहस पनि सकिएको छ।

Invitation for Sealed Bid for Postal Highway Directorate Project Office, Kapilvastu

Notice No: 02-2080/81

First Date of publication: **2080/10/1 (15 January, 2024)**

Government of Nepal, Physical Infrastructure and Transport, Department of Roads, Postal Highway Directorate, Project Office Kapilvastu invites Single Stage Double Envelope Electronic Bids from eligible bidders for the construction of Box Culverts mentioned in table below under National Competitive Bidding Procedure.

S. No	Contract/Package No.	Description and location of Works	Average Annual Turnover ofbest 3 yearsover the last 10years (NRs. In Million)	MinimumWork experience of similar size and nature: at least one contract for construction of Motorable Bridge/box culvert construction works with value given below (Nrs in Millions)within the last 10(Ten)years	Bid Security Amount (NRs. in Millions)	Fee (non refundable) for Bidding document (NRs.)
1	HRPK/337011284/ 2080-81/BC-01(Re)	RCC Box Culvert (2 cell*6m*5m) Construction at Baikunthapur Khola Ch 10+542, Narayanchowk Parasi Road	36.00	10.00	0.59	5,000
2	HRPK/337011284/ 2080-81/BC-02(Re)	RCC Box Culvert (3 cell 6m*6m) Construction at Bhim Tandi Khola Ch 7+765, Narayanchowk Parasi Road	50.00	14.00	0.82	5,000
3	HRPK/337011284/ 2080-81/BC-03(Re)	RCC Box Culvert (2 cell*6m*5m) Construction at Ganga Sagar Khola Ch 6+744, Narayanchowk Parasi Road	38.00	11.00	0.63	5,000
4	HRPK/337011284/ 2080-81/BC-04(Re)	RCC Box Culvert (4 cell*6m*6m) Construction at Pidura Khola Ch 6+122, Narayanchowk Parasi Road	55.00	15.00	0.91	5,000

Last Date and time for Bid Submission	Last Date and time for Bid Opening
2080/10/16(January 30, 2024), Time: Within 12.00 hr	2080/10/16(January 30, 2024), Time: 13.00 hr

Eligible Bidders may ***visit PPMO's website*** www.bolpatra.gov.np/ppmo ***e-procurement section*** forfurther information or contactPostal Highway Project Office, Kapilvastu at email:hrpkapilvastu@gmail.com.

Project Chief

पश्चिम नेपालमा...

पृष्ठ १ बाट क्रमशः

भूकम्पबाट कक्षाकोठा एक हजार तीन सय ८५ कक्षाकोठा पूर्ण क्षतिग्रस्त भएका छन् भने एक हजार नौ सय ९५ मा आंशिक क्षति पुगेको छ। त्यसैगरी, स्वास्थ्य संस्थाका २७ र ३५ सरकारी भवन पुनर्निर्माण गर्नुपर्ने देखिन्छ। एक हजार ५३३ गोठमा क्षति पुगेको र ८८ टन खाद्यान्न नष्ट भएको प्राधिकरणको तथ्यांक छ।

निजी आवासका लागि प्रतिपरिवार पाँच लाख अनुदानको प्रस्ताव गरिए पनि यसबारे सरकारले निर्णय गरेको छैन। निजी आवास पुनर्निर्माणका क्रममा पनि पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि पूर्वाधार बनाउन, पुनर्स्थापना गर्न, स्थानीय स्रोत सामग्री प्रयोगबापत थप प्रोत्साहन रकम दिन र संकटासन्न परिवारका लागि सुरक्षित आवास निर्माणका लागि खर्चनुपर्ने देखिन्छ।

पूर्ण क्षतिग्रस्त घर पुनर्निर्माणमा पाँच लाख र आंशिक क्षतिमा एक लाखका दरले खर्च लाग्ने अनुमान छ। त्यसैगरी, स्वास्थ्य संस्था पुनर्निर्माणमा निर्माणमा तीन करोड तथा विद्यालय र अन्य सरकारी भवन पुनर्निर्माणमा एक-एक करोडका दरले खर्च लाग्ने आकलन छ।

'क्षतिको विवरण संकलन गरेर लागत अनुमान गरेका छौँ,' प्राधिकरणका प्रवक्ता खड्काले भने, 'अब सामान्य मर्मत गर्नुपर्ने, रेक्टोफिटिङ गर्नुपर्ने र पुनर्निर्माण नै गर्नुपर्ने घरको विवरण संकलन हुनेछ। नौ सय इन्जिनियर परिचालन गरेमा ४५ दिन लाग्ने आकलन छ।'

प्राधिकरणले निजी आवास पुनर्निर्माण स्थानीय तहको नेतृत्वमा तथा सार्वजनिक पूर्वाधार पुनर्निर्माण विषयगत निकाय र प्रदेश सरकारको समन्वयमा अगाडि बढाउनुपर्ने प्रस्ताव गरेको छ। 'कर्णाली र सुदूरपश्चिम प्रदेश सरकारमातहत राष्ट्रिय मापदण्डबमोजिम पुनर्निर्माण र विपत् व्यवस्थापनका लागि संरचना स्थापना गर्न सकिन्छ,' उनले भने, 'अहिले सैद्धान्तिक छलफलको क्रममा छ, सरकारले थप निर्णय गर्छ।'

१७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट एक सय ५४ जनाको ज्यान गएको थियो भने त्यसअघि १६ असोजमा बझाङको चैनपुर केन्द्रविन्दु भएर गएको ६.३ म्याग्निच्युडको भूकम्पले एकजनाको ज्यान गएको थियो। २२ कात्तिक ०७९ मा डोटीको पूर्वीचौकी केन्द्रविन्दु भएर गएको ६.६ म्याग्निच्युडको भूकम्पले ६ जनाको मृत्यु भएको थियो। सरकारले तीनवटै भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण एकसाथ गर्ने तयारी गरेको हो।

प्राधिकरणले अनुमान गरेको लागत चालू आव ०८०/८१ को पुँजीगत बजेट तीन खर्ब दुई अर्ब सात करोडको २३.९९ प्रतिशत हो। भूकम्पपछि मन्त्रिपरिषद्को बैठकले संसदीय विकास कोषको आठ अर्ब २५ करोड भूकम्प पुनर्निर्माण कोषमा सार्ने र १० अर्बको कोष बनाउने निर्णय गरेको थियो। तर, कोषमा हालसम्म एक अर्ब मात्र पठाइएको छ। भूकम्पपछिको पुनर्निर्माणका लागि प्रारम्भिक अनुमानभन्दा निकै बढी स्रोत आवश्यक पर्ने भन्दै सरकारले विपत् व्यवस्थापन कोषमा सहयोग उपलब्ध गराउन व्यक्ति, संघसंस्थाका साथै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई आह्वान गरेकामा २७ करोड ९१ लाख मात्र संकलन भएको छ। प्राधिकरणअन्तर्गत विपत् व्यवस्थापन कोषमा पौने दुई अर्ब छ।

अर्थ मन्त्रालयले भूकम्पपछिको पुनर्निर्माणका लागि दातासँग पहिलो चरणको छलफल गरेको छ। 'प्राधिकरणले गरेको प्रारम्भिक विश्लेषणका आधारमा स्रोत व्यवस्थापनका लागि दातृ निकायसँग पनि छलफल गरेका छौँ,' अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले भने, 'केही आन्तरिक स्रोतबाट व्यवस्थापन हुन्छ। केही रकम दातृ निकायबाट परिचालन भएको ऋणलाई पुनर्निर्माणमा (प्राथमिकताका आधारमा ऋण सार्ने) लगाउन सकिन्छ भनेका छौँ, उहाँहरूले सहमति जनाउनुभएको छ।' शिक्षा क्षेत्रमा भने ०७२ मा गएको भूकम्पका लागि प्राप्त बजेटबाट पनि खर्च गर्न सकिने देखिन्छ।

तर, त्यसअघि मोडालिटी तय हुनुपर्ने अर्थको भनाइ छ। 'पुनर्निर्माण सहरी विकासमार्फत जाने कि स्थानीय तहमार्फत भनेर सरकारले निर्णय गर्ला। अनुदान के-कसरी दिने भनेर पनि मापदण्ड तय भएपछि अर्थले स्रोत जुटाउँछ, त्यसमा समस्या हुँदैन,' शर्माले भने। ०७२ मा गोरखाको बारपाक केन्द्रविन्दु भएर भूकम्पपछिको पुनर्निर्माणका लागि सरकारले दाता सम्मेलन नै गरेको थियो।

वार्षिक एक मिटर...

पृष्ठ १ बाट क्रमशः

अधिकांश ठाउँमा पानीको सतह वार्षिक रूपमा एक मिटर तल झरिरहेको जनाएको थियो,' उनले भने, 'उपत्यकामा ठाउँअनुसार पानीको सहत फरक-फरक छ।'

उपत्यकाका खोला-किनारका क्षेत्रमा समेत २०-२५ फिट गहिरो खनेपछि मात्रै पानी आउँछ। माथिल्लो सतहमा पानी भेट्न मुस्किल हुन थालेपछि अधिकांश ठाउँमा डिप बोरिङ गर्न थालिएको छ। पानीको सतह घटेपछि पुराना इनार सुक्ने क्रम बढेको छ। जलविद् उपाध्यायले जमिनमुनिको पानी तान्नेबारे सरकारी निकायले अनुगमन र कडाइ गर्न आवश्यक रहेको बताए। यसोगर्दा जथाभावी पानीको दोहन रोकिने उनको भनाइ छ।

ठूला भवनले मात्रै तान्छन् दैनिक ६० करोड लिटर भूमिगत पानी

उपत्यकामा बनिरहेका अग्ला भवनले जमिनमुनिको पानी अत्यधिक तान्ने र विनाअनुमति डिप बोरिङ गरिरहेका छन्। काठमाडौँमा चार सय ५० भन्दा बढी ठूला भवन (अस्पताल, अपार्टमेन्ट, सरकारी कार्यालय, होटेल)ले अनुमति नलिई डिप बोरिङ चलाउँदै आएको खानेपानी मन्त्रालयको तथ्यांक छ। विनाअनुमति जथाभावी डिप बोरिङ र फाउन्डेसनको काम गर्दा भूमिगत पानीको सतह घट्ने र जमिनमै असर पर्ने विज्ञहरूको भनाइ छ। कतिपयले एउटा डिप बोरिङको अनुमति लिएर सातवटासम्म चलाएको काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड)ले जनाएको छ। खानेपानी मन्त्रालयको तथ्यांकअनुसार होटेल, अस्पताल, हाउजिङ, सरकारी र निजी आवास क्षेत्रलगायतले दैनिक ६० करोड लिटर भूमिगत पानी तान्छन्।

बर्खाअघिसम्म केयुकेएलले उपत्यकामा दैनिक १८ करोड लिटर मेलम्ची र आसपासका मुहानको १२ करोड लिटर पानी वितरण गरिरहेको थियो। तर, हाल मेलम्चीको पानी बन्द छ। मेलम्ची बन्द भएपछि भूमिगत पानीको दोहन झनै बढेको छ।

उपत्यकामा खोला, कुवा र मूलको भन्दा बढी पानी डिप बोरिङ र इनारबाट तान्ने गरिन्छ। पिउनका लागि केयुकेएलले तालिकाअनुसार उपत्यकामा पानी वितरण गर्ने गरे पनि अन्य प्रयोजनमा भने भूमिगत पानीकै भर छ। उपत्यकाका विभिन्न ठाउँमा पानीको सतह मापन गर्न 'ग्राउन्ड वाटर मनिटरिङ वेल' बनाउने बोर्डको योजना भए पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन।

२ देखि १२ माघसम्म निर्वाचन आचारसंहिता

राष्ट्रिय सभा उम्मेदवारले अधिकतम साढे तीन लाख खर्च गर्न पाउने

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचन आयोगले ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनका लागि आचारसंहिता जारी गरेको छ। आचारसंहिता २ माघदेखि लागू हुनेछ। आयोगको आइतबार बसेको बैठकले निर्वाचन आयोग ऐनको दफा २२ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १ (२) अनुसार २-१२ माघसम्म लागू हुने गरी आचारसंहिता जारी गरेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

आयोगका अनुसार उम्मेदवारका अलावा संघ, प्रदेश र स्थानीय तहका सरकार, मातहत निकाय, मन्त्री, कर्मचारी, सुरक्षा निकाय र सुरक्षाकर्मी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, विद्यालयदेखि विश्वविद्यालयसम्म शिक्षक तथा कर्मचारी, निजी क्षेत्र (बैंक तथा वित्तीय संस्था र परियोजना), दातृ निकाय, सञ्चार क्षेत्र, दल तथा भ्रातृ संगठन, सार्वजनिक पदधारण गरेका व्यक्ति र मतदातालाई आचारसंहिता लागू हनेछ।

२१ फागुनमा रिक्त हुने राष्ट्रिय सभाका २० मध्ये १९ सिटका लागि ११ माघमा निर्वाचन हुँदै छ। १९ सिटका लागि आठ दलबाट ५१ जनाको उम्मेदवारी परेको छ। एक सिटमा राष्ट्रपतिबाट मनोनीत गरेर पूर्ति गरिनेछ। २० फागुनसम्म पदावधि भएका राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनासहित २० जना सदस्य ६ वर्षे कार्यकाल पूरा गरेर बिदा हुँदै छन्।

मंगलबारदेखि लागू हुने आचारसंहिताले उम्मेदवारदेखि मतदातासम्मलाई निर्वाचन स्वतन्त्र ढंगले सम्पन्न गर्न जिम्मेवार बनाएको छ। प्रवक्ता पौडेलका अनुसार कुनै सार्वजनिक स्रोत-साधन र सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन आचारसंहिताले दिँदैन।

निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन पाइँदैन। कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचनसम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन बन्देज लगाएको छ। राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्नअंकित कुनै सामग्री उत्पादन तथा प्रयोगका साथै बिक्री-वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन आचारसंहिताले दिँदैन।

यसैगरी, ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय र अपांगता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन तथा बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन पाइँदैन। आचारसंहिताअनुसार



■ **शालिग्राम पौडेल**, प्रवक्ता, निर्वाचन आयोग

निर्वाचन आयोग ऐनको दफा २२ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १ (२) अनुसार २-१२ माघसम्म लागू हुने गरी आचारसंहिता जारी भएको छ। कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न हुँदैन।

प्रचलित कानुनबमोजिम निषेध गरिएको समय र स्थानमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्नेजस्ता भ्रामक टीकाटिप्पणी गर्न वा गराउन हुँदैन। निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री सेयर गर्न हुँदैन।

कुनै पनि किसिमबाट मतदाताको गोप्यता भंग गर्ने कार्य गर्न नहुने, मतदाता र मतदानमा खटिएका कुनै पनि कर्मचारीसँग वादविवाद गर्न वा उनीहरूलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नपाइने आयोगले जनाएको छ। 'कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न हुँदैन,' प्रवक्ता पौडेलले भने। यसैगरी, निर्वाचन प्रचारप्रसारमा संलग्न हुने नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीले आयोगको अनुमति लिई निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न हुँदैन।

मतदान हुने दिनको ४८ घन्टाअघिदेखि मतदानको दिनमा मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तर्क्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचनसँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन आदि गर्न आचारसंहिताले रोक लगाएको छ। निर्वाचन आचारसंहिताले मतदान हुने दिनको अघिल्लो ४८ घन्टा अर्थात ८ माघ राति १२ बजेदेखि निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा-सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न दिँदैन।

■ उम्मेदवारको खर्च सीमा तोकियो

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि आयोगले उम्मेदवारको खर्च सीमा पनि तोकेको छ। राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनको दफा ६५ तथा राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावलीको नियम ४६ (१) अनुसार आयोगले एकजना उम्मेदवारले अधिकतम तीन लाख ५० हजार रुपैयाँसम्म खर्च गर्न सक्ने गरी सीमा तोकेको हो। यो रकम मतदाता नामावली खरिद, सवारीसाधन, इन्धन, प्रचारप्रसार सामग्री, दुवानी, गोष्ठी, अन्तर्क्रिया, प्रचारप्रसार, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन र विविध शीर्षकमा खर्च गर्न सकिने आयोगले जनाएको छ। उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्न र यसरी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको नाम-नामेसीसहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउन आयोगले निर्देशनसमेत दिएको छ। खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनको दफा ६५ तथा निर्वाचन (कसुर तथा सजाय) ऐनको दफा ३१ बमोजिम निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र आयोग वा निर्वाचन कार्यालयमा पेस गर्न पनि आयोगले निर्देशन दिएको प्रवक्ता पौडेलले बताए।

सत्तागठबन्धनका उम्मेदवारलाई जिताउन शीर्ष नेताहरूको अपिल



फाइल तस्बिर

काठमाडौं/ सत्तारूढ सात दलले राष्ट्रिय सभा सदस्य निर्वाचनमा गठबन्धनका साझा १९ उम्मेदवारलाई विजयी गराउन अपिल गरेका छन्। सात दलका शीर्ष नेताले आइतबार अपिल जारी गर्दै गठबन्धनलाई कमजोर बनाउने गतिविधि हुन सक्ने भन्दै सचेत रहन आग्रह गरेका छन्। प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव, लोसपा अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीकी रञ्जिता श्रेष्ठ र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अपिल जारी गरेका हुन्।

संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणका लागि वर्तमान राजनीतिक गठबन्धन निर्माण गरेको शीर्ष सात नेताको दाबी छ। 'राष्ट्रिय सभा निर्वाचनका लागि गठबन्धनका तर्फबाट प्रस्तुत उम्मेदवार हामी सबैका साझा उम्मेदवार हुन्। राष्ट्रिय सभा निर्वाचनका क्रममा हाम्रो गठबन्धनलाई कमजोर गर्ने विभिन्न गतिविधि हुन सक्दछन्। यो निर्वाचन गठबन्धनलाई अझ संगठित र बलियो बनाउँदै देशमा राजनीतिक स्थायित्व थप सुनिश्चित गर्ने अवसर पनि हो। तसर्थ गठबन्धनका पक्षमा दृढतापूर्वक उभिन आवश्यक छ। हामी सम्पूर्ण मतदातालाई राष्ट्रिय सभा निर्वाचनमा गठबन्धनका साझा उम्मेदवारलाई मतदान गरी अत्यधिक मतले विजय गराउन हार्दिक अपिल गर्दछौं,' अपिलमा भनिएको छ। अपिलमा सत्तागठबन्धनमै रहेको जनमत पार्टीका अध्यक्ष सिके राउतको भने हस्ताक्षर छैन।

यसअघि आइतबार बिहान बसेको सत्तारूढ गठबन्धनको राष्ट्रिय सभा निर्वाचन केन्द्रीय समन्वय समितिको बैठकले गठबन्धनका उम्मेदवारलाई मतदान गर्न शीर्ष नेताहरूलाई संयुक्त वक्तव्य जारी गर्न अनुरोध गर्ने निर्णय गरेको थियो। आगामी ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनका लागि गठबन्धनका तर्फबाट कांग्रेसका १०, माओवादीका ६, एकीकृत समाजवादीका दुई र जसपाका एक गरी १९ उम्मेदवार छन्। कांग्रेसका कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना, विष्णुदेवी पुडासैनी, जितजंग बस्नेत, किरणबाबु श्रेष्ठ, पदमबहादुर परियार, विष्णुकुमारी सापकोटा, कृष्णबहादुर रोकाया, बलदेव बोहरा र नारायणदत्त भट्ट उम्मेदवार छन्। माओवादीका चम्पादेवी कार्की, श्रीकृष्णप्रसाद अधिकारी, मनरूपा शर्मा, झक्कुप्रसाद सुवेदी, विष्णुबहादुर विश्वकर्मा र रेणु चन्द उम्मेदवार छन्। एकीकृत समाजवादीका घनश्याम रिजाल र सावित्री मल्ल तथा जसपाकी पूजा चौधरी उम्मेदवार छन्।

■ रास्वपाको दबाब यात्रा

अलपत्र आयोजना स्थलमा २१ सांसदले पैदल यात्रा गर्ने

अनिल यादव/नयाँ पत्रिका

लामो समयदेखि अलपत्र रहेका राष्ट्रिय गौरवका विकास आयोजनामा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले पैदल यात्रा गर्ने भएका छन्। रास्वपाका २१ सांसदले समयमा काम सम्पन्न नभएर अलपत्र रहेका र नागरिकले सास्ती व्यहोरिरहेका २१ आयोजनामा सरकारलाई दबाब दिने उद्देश्यले पैदल यात्रा गर्ने भएको हो।

रास्वपाका उपसभापति एवं सांसद डोलप्रसाद अर्यालका अनुसार कुन-कुन आयोजनामा दबाब यात्रा गर्ने भन्ने विषयमा विस्तृत अध्ययनको जिम्मेवारी पार्टीको पूर्वाधार विकास अनुगमन विभागलाई दिइएको छ। विभागकी संयोजक रहेकी सांसद निशा डाँगी संसद्को पूर्वाधार विकास समितिको समेत सदस्य छिन्।

'कुन-कुन आयोजनालाई प्राथमिकतामा राखेर सुरु गर्ने भन्ने जिम्मा पूर्वाधार विभागलाई दिएका छौं,' उपसभापति अर्याललले भने, 'सडकमा मात्रै नभएर पटक-पटक म्याद थप हुँदा पनि सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका साना-ठूला आयोजनामा पैदल यात्रा गर्ने तयारी छ। सरकारलाई खबरदारी गरेर समयमै ती आयोजना सम्पन्न गराउन दबाब दिने हिसाबले यो पैदल यात्राको तयारी भएको हो।' अर्यालका अनुसार ३ माघमा तोकिएको रास्वपाको केन्द्रीय समितिको बैठकले यसबारे विस्तृत निर्णय गर्ने तयारी छ। 'पार्टीको पूर्वाधार विभागले विस्तृत अध्ययन गरेर बैठकमा सुझाव पेस गर्नेछ। त्यसकै आधारमा यसलाई टुंग्याएर यात्रा अघि बढाउनेछौं,' अर्याललले भने।

शनिबार रास्वपाका सांसद विराजभक्त श्रेष्ठले आफू निर्वाचित काठमाडौं- ८ मा आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा रास्वपाका सभापति रवि लामिछानेले पहिलोपटक पार्टीको यो तयारीबारे जानकारी गराएका थिए। रास्वपाले यसअघि ९-११ पुसमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको नारायणगढ-बुटवल सडकखण्ड विस्तारमा ढिलाइ भएको भन्दै ध्यानाकर्षण गराउन राष्ट्रिय दबाब यात्रा गरेको थियो। लामिछानेको नेतृत्वमा रास्वपाका सांसदले नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोटमा रहेको भृकुटी चोकबाट दबाबमूलक पदयात्रा सुरु गर्दै बुटवलमा पुगेर टुंग्याएको थियो। तर, त्यतिबेला पैदल यात्रालाई नै ओझेलमा



■ **डोलप्रसाद अर्याल**, उपसभापति, रास्वपा

पार्टीको पूर्वाधार विभागले विस्तृत अध्ययन गरेर बैठकमा सुझाव पेस गर्नेछ। त्यसकै आधारमा यसलाई टुंग्याएर यात्रा अघि बढाउनेछौं।

पार्ने आफूमाथि सहकारीको रकम ठगी गरेको आरोप लागेको भन्दै लामिछानेले दुःख पोखे। 'हाम्रा साथीहरूसँगै जोडिएर बुटवल-नारायणगढको पैदल यात्रा गरेको थिएँ,' लामिछानेले सार्वजनिक सुनुवाइ कार्यक्रममा भने, 'त्यो पैदल यात्रा गर्दा खुट्टामा फोका उठेर जति घाउ बन्दा पनि त्यति दुखेन, जति गलत समाचारको हेडलाइनले दुख्यो। त्यसैले अघि मैले भनेजस्तै हामी हावा टन्न भएको भलिबलजस्ता हौं, ड्याङ हान्नेबित्तिकै झन् माथि उक्रने!'

लामिछानेले रास्वपाका २१ सांसदले लामो समयदेखि अलपत्र रहेका २१ वटै विकास आयोजनामा दबाबमूलक पैदल यात्रा गरेर त्यसको समाधानपत्र सरकारलाई बुझाउने बताए। 'रास्वपाका २१ सांसदले २१ वटै अलपत्र आयोजनामा, दबाब यात्रा गरेर ज्ञापनपत्र होइन, त्यसको समाधानसहित समाधानपत्र सरकारलाई दिनेछौं। नबनेसम्म खबरदारी गर्नेछौं। यो हाम्रो मिसन- ०८४ को एउटा अभियान पनि हो। यसको मोडलबारे विस्तृत जानकारी पत्रकार सम्मेलन गरेरै दिनेछौं।'

रास्वपाकी पूर्वाधार अनुगमन विभागकी संयोजक रहेकी सांसद निशा डाँगीले अलपत्र राष्ट्रिय गौरवका २१ वटै आयोजनामा यात्रा प्रारम्भ गर्ने गरी तयारी भइरहेको बताइन्। नारायण-बुटवल दबाब यात्राको प्रभावकारिताले थप यात्राका लागि प्रोत्साहित गरेको उनको भनाइ छ। 'हाम्रो नारायणघाट-बुटवल दबाब यात्रा प्रभावकारी रह्यो,' रास्वपाकी सचेतकसमेत रहेकी डाँगीले भनिन्, 'हामी बाटोमा हिँड्दै गर्दा प्रधानमन्त्रीले देशका नाममा गरेको सम्बोधनमा नारायणगढ-बुटवल सडकखण्डको काम छिटो सम्पन्न गर्न डबल सिफ्टमा काम गर्न निर्देशन दिनुभएको थियो। सबै सुस्त र अलपत्र आयोजनामा यस्तो निर्देशन र दबाब पुऱ्याउन थप पैदल यात्राको तयारी गरेका हौं।'

प्रेमी भगाइएको भन्दै प्रहरीमा उजुरी

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार नगरपालिका- ५ निपानेकी मनीषा महरा प्रेमी विवेक यादवलाई परिवारले भगाएपछि बिचल्लीमा परेकी छिन्। प्रेमविवाह गरी उदयपुरको गाईघाटमा एक सातासम्म मनीषालाई सँगै राखेका विवेकलाई परिवारले भगाएपछि उनी अहिले प्रहरी र विभिन्न सामाजिक संघसंस्था धाइरहेकी छिन्। 'दुवैजना एक-अर्कोविना बाँच्न सक्दैनौं। तर, परिवारले अहिले विवेकलाई गोलबजारबाहिर लुकाएर राखेको सुनेकी छु,' उनले भनिन्, 'श्रीमतीका रूपमा सँगै बसिसकेकाले छुट्टिएर बस्न सक्दिनँ।'



मनीषा महरा

गत कात्तिक अन्तिम साता विवेकले मनीषालाई गाउँबाट भगाएर उदयपुरको गाईघाट लगेर राखेका थिए। छठ पर्वका वेला गाईघाट पुगेका घरपरिवारका सदस्यले विवेकलाई जबर्जस्ती आफूबाट छुट्याएर लगेका थिए। पछि उनी माइती पक्षको सहयोगमा गोलबजारमा रहेको विवेकको घरमा हप्ता दिनजति सँगै बसेकी थिइन्। 'घर भित्र्याएपछि तल्लो जातकी केटी भन्दै उनकी आमा, दिदीलगायतले दिनहुँ कुटपिट गर्न थालेपछि बाध्य भएर माइती फर्किएँ,' उनले भनिन्।

घर भित्र्याएदेखि नै दिनहुँको कुटपिट सहन नसकेर फर्किएपछि माइती पक्षले छोरीलाई यातना दिएको र दलित भन्दै घर निकाला गरेको विषयमा इलाका प्रहरी कार्यालयमा उजुरी दिएका थिए। उजुरी परेपछि वडाध्यक्ष बालकृष्ण गौतमको रोहवरमा गाउँमै छलफल गरी मिलाउने मौखिक सहमतिका आधारमा गाउँमै छलफल गरिएको स्थानीय रवीन्द्र महराले बताए। उनका अनुसार छलफलमा दुवैजनाले आ-आफ्नो परिवारमै बस्ने सहमति जनाएपछि उनीहरूकै चाहनाअनुसार निर्णय भएको हो,' उनले भने। वडाध्यक्ष गौतमले गाउँमा छलफल भएको र केटाकेटी दुवैको रायका आधारमा सहमति भएको दाबी गर्दै भने, 'मनीषामाथि गरिएको कुटपिटको उपचारबापत २५ हजार रुपैयाँ केटा पक्षबाट दिलाइएको हो।'

सामाजिक रूपमा गरिएको छलफलको एक साता नबित्दै पुनः विवेकले मनीषालाई भगाएर गाईघाट लगेका थिए। त्यसलगत्तै परिवारजनले विवेकलाई जबर्जस्ती गोलबजार ल्याएर मंसिरको दोस्रो सातादेखि लुकाएर राखेको उनको गुनासो छ। विवेकको परिवारले सबइन्जिनियर पढेर जागिर खाएको, तर मनीषा सामान्य लेखपढ मात्र भएकीले बुहारी नस्विकार्ने दाबी गरे पनि दलित भएकाले अस्वीकार गरेको स्थानीय अधिकारकर्मी बताउँछन्। 'गैरदलित युवती भएको भए हो-हल्ला नै हुने थिएन। दलित समुदायको युवती भएकैले उनलाई बुहारीका रूपमा अस्वीकार गर्दै विवेकलाई लुकाइएको हो,' दलित महिला केन्द्रका आनन्द पाख्रिनले भने।

चरेस र गाँजासहित ६ जना पक्राउ

मकवानपुर/ प्रहरीले आइतबार फरक-फरक स्थानबाट लागुऔषध चरेस र गाँजासहित ६ जनालाई नियन्त्रणमा लिएको छ। प्रहरीले मकवानपुरको मनहरीमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना.३च ७४०४ नम्बरको कारका चालक याकुब खान, मुस्की राम, इरमान आलम र सोयल मियाँलाई सय ग्राम लागुऔषध चरेससहित पक्राउ गरेको हो।

पक्राउ परेकाको सूचनाका आधारमा प्रहरीले मकवानपुरको मनहरी गाउँपालिका- ६ नयाँबस्ती बस्ने रामनारायण श्रेष्ठलाई पनि नियन्त्रणमा लिएको छ। पक्राउ परेकाले श्रेष्ठबाट खरिद गरेको बताएपछि प्रहरीले श्रेष्ठको घर खानतलासी गर्दा ६ किलो १३५ ग्राम लागुऔषध चरेस फेला पारेको मकवानपुर प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए।

यस्तै, प्रहरीले आइतबार नै हेटौंडाबाट एक किशोरलाई लागुऔषध गाँजासहित पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाही मलंगवा नगरपालिका-१० का १९ वर्षीय इन्ताज आलम छन्। उनलाई प्रहरीले हेटौंडा उपमहानगरपालिका- १० बसपार्कबाट पाँच किलो चार सय ग्राम अवैध गाँजासहित पक्राउ गरेको हो। पक्राउ परेका ६ जनालाई मकवानपुर जिल्ला अदालतबाट सात दिनको म्याद लिई थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रवक्ता भण्डारीले बताए।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कैलाली, सुदूरपश्चिम प्रदेश

हार्दिक अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटनाहरूको समयमा नै सम्बन्धित कार्यालयमा दर्ता गराऔं।
- सबै बालबालिकालाई विद्यालयमा भर्ना गरौं। शिक्षालाई गुणस्तरीय बनाऔं।
- लागुपदार्थको दुर्व्यसनीको कुलतबाट मुक्त भई स्वस्थ नागरिक बनौं।
- खुला स्थानमा दिसापिसाब नगरौं। चर्पीमा मात्र दिसापिसाब गरौं।
- गाउँपालिकामा दर्ता नभएको व्यापार, व्यवसाय उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौं।

अध्यक्ष: **चित्र बहादुर चौधरी** उपाध्यक्ष: **रेखा देवी कठरिया**
तथा
सम्पूर्ण गाउँपालिका परिवार

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

हार्दिक अनुरोध

१. यस नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय गर्दै आउनुभएका सम्पूर्ण व्यवसायीले अनिवार्य रूपमा नगरपालिका कार्यालयमा दर्ता गराउनुहुन तथा व्यवसाय दर्ताको प्रमाणपत्र समयमै नवीकरण गराई जरिवानाबाट बचौं।
२. उमेर पुगेका बालबालिकालाई समयमै विद्यालय भर्ना गरौं, नियमित रूपमा विद्यालय पठाऔं।
३. जन्म, मृत्यु, बसाइँसराइ, सम्बन्धविच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना सम्बन्धित वडा कार्यालयमा समयमै दर्ता गरौं।
४. नगर क्षेत्रभित्रको सडक-किनारा, बजार क्षेत्रलगायत अन्य सार्वजनिक ठाउँ सफा र स्वच्छ राखी स्वस्थ वातावरण निर्माण गर्न सहयोग गरौं।
५. धर्म, संस्कृति र सम्पदाको जगेर्ना गर्दै मौलिक पहिचानको संरक्षण गरौं।

प्रमुख: **रण बहादुर महरा** उपप्रमुख: **कल्पना कुमारी जोशी**
तथा
सम्पूर्ण नगरपालिका परिवार

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन, माडी, बागमती प्रदेश

नगरवासीहरूमा जानकारीमूलक सन्देश

- छोराछोरीमा भेदभाव नगरौं। दुवै समाजका सम्पत्ति हुन्। बालबालिकाको लालनपालन र शिक्षादीक्षामा ध्यान दिऔं।
- व्यक्तिगत घटना दर्ताअन्तर्गत जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- कर समयमै तिरौं।
- विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।
- बालश्रमको प्रयोग नगरौं।
- ज्येष्ठ नागरिकको सम्मान गरौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जथाभावी फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाइमा ध्यान दिऔं।

प्रमुख: **तारा कुमारी काजी महतो** उपप्रमुख: **खेम प्रसाद महतो**
तथा
सम्पूर्ण नगरपालिका परिवार

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन, बागमती प्रदेश

व्यक्तिगत घटना दर्ता गरौं
घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क घटना दर्ता गरौं।

घटना दर्ता कसले गर्ने
- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले,
- विवाह तथा सम्बन्धविच्छेद घटना पतिपत्नी दुवैले,
- बसाइँसराइको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाइँ सरी जाने व्यक्तिले।

समाज र राष्ट्रलाई हुने फाइदा
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्दत मिल्ने,
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने,
- खाद्यान्न कार्यक्रम सञ्चालन गर्न सहयोग हुने,
- आवासको व्यवस्था गर्न सहयोग हुने।

व्यक्तिलाई हुने फाइदा
- घटना दर्ताको प्रमाणलाई कानुनी मान्यता प्राप्त भएकाले जुनसुकै अड्डा-अदालतमा प्रमाणका रूपमा प्रस्तुत गर्न सकिने,
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने,
- स्कुलमा भर्ना हुनका लागि सजिलो पर्ने नागरिकता प्रमाणपत्र लिन सहज हुने,
- नाता कायम गर्न सहज हुने,
- चल-अचल सम्पत्ति नामसारी गर्न सजिलो हुने,
- पति-पत्नीबीच वैधानिक सम्बन्ध कायम हुने,
- जीवन बिमा, पेन्सन, उत्पादन वा बैंकबाट रकम झिक्न सुविधा हुने,
- विदेश जानका लागि भिसा प्राप्त गर्न सुविधा हुने आदि।

प्रमुख: **शमशेर लामा** उपप्रमुख: **देवेन्द्र लामा**
तथा
सम्पूर्ण नगरपालिका परिवार

निरन्तरता र आधुनिकीकरणको मझधारमा माघी

माघी विक्रम संवतअनुसारको माघ महिनाको पहिलो दिन अर्थात् माघ १ गते नेपालका विभिन्न ठाउँमा विभिन्न नामले विशेष पर्व मनाइन्छ । कतै यसलाई माघे संक्रान्ति भनेर घ्यु, चाकु, तरुल, खिचडीजस्ता ऊर्जावर्द्धक खाद्य पदार्थ खाएर मनाइन्छ भने कहीँ यसलाई विशुद्ध धार्मिक हिसाबले नजिकको नदी, तलाउजस्ता जलाशयमा गएर मकर मेलाको नाममा स्नान गरिन्छ । त्यस्तै, कहीँ मकर संक्रान्तिको नाममा पनि मीठा-मीठा खाद्य पदार्थसहित मनाउने चलन छ । यो दिन सूर्य दक्षिणबाट उत्तरतर्फ लाग्ने खगोलीय मान्यताअनुसार उत्तरायणको नाममा दिन लामो र तातो हुँदै जाने दिनका रूपमा पनि मानिन्छ ।

नेपालको जनसंख्याको चौथो स्थान ओगट्ने सफल थारू समुदायले यसलाई माघी पर्वका रूपमा धुमधामका साथ मनाउने गरेको छ । नेपालको तराईका दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर, रुपन्देही, कपिलवस्तु, नवलपरासी, चितवनलगायत जिल्लामा रहेका थारू समुदायको आ-आफ्नै मौलिक वेशभूषा, कला, संस्कृति र परम्परा छन् । त्यसैको प्रभाव हो, कसैले १ माघलाई माघ वा माघी, कसैले संक्रान्ति, कसैले खिचरा, कसैले खिचडा आदि नामले मनाइरहेको पाइन्छ । नाम जे भने पनि यो दिनदेखि नयाँ काम सुरु गर्ने, समुदाय तथा परिवारमा नयाँ नेतृत्व चुन्ने, पारिवारिक मेलमिलापको दिनका रूपमा समेत माघी पर्वको महत्त्व रहेको छ ।

०७८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा बसोवास गर्दै आएका एक सय ४२ जातजातिमध्ये थारू जाति जनसंख्याका हिसाबले चौथो स्थानमा रहेको तथ्यांक छ । हाल नेपालमा थारूको जनसंख्या १८ लाख सात हजार एक सय २४ रहेको छ । थारू समुदायको हकहितको संरक्षण र संवर्द्धन तथा थारू समुदायको सशक्तीकरणका लागि नेपालको संविधान २०७२ को धारा २६३ ले थारू आयोग गठनको व्यवस्था गरेको छ ।

एउटा मौलिक र परम्परागत तथा ऐतिहासिक संस्कृति बिस्तारै आधुनिकीकरणको मारमा पर्दै गएको भान थारू समुदायले गर्न सुरु गरेको छ । बाजे पुस्ता र नाति पुस्ताबीच पर्व मनाउने शैली परिवर्तन हुँदै गएको छ । समय र प्रविधि तथा आधुनिकीकरणका कारण यो अनौठो पनि होइन । नयाँ पत्रिका राष्ट्रिय दैनिकले देशका विभिन्न भागमा रहेका आदिवासी थारूहरूको पर्व र उनीहरूको हकहित तथा संस्कृति संरक्षणका लागि स्थानीय सरकारले गरिरहेको कामको जमर्को गर्ने कोसिस गरेको छ ।



पुस्ता हस्तान्तरणमा चुनौती !

■ कञ्चनपुरमा **मोहन विष्ट**

सूर्य उत्तरायणमा प्रवेश गरेकै दिनदेखि अर्थात् १ माघमा थारू समुदायमा नयाँ वर्षकै रूपमा नयाँ कामको थालनी गरेर माघी पर्व मनाइन्छ । पहिलो दिन जलाशय, नदीमा गएर स्नान पूजाआजा गर्दै आफन्त ठूलाबडाबाट आशीर्वाद लिइन्छ ।

नयाँ वर्षसँगै नयाँ कामको सुरुवात गर्नेदेखि लोकपरम्पराअनुरूप सांस्कृतिक कार्यक्रम गरेर पर्व मनाउने चलन छ । तर, विगतदेखिको लोकपरम्परालाई छाडेर थारू समुदायले आधुनिक रूपमा पर्व मनाउन थालेका छन् । नयाँ पुस्ताले लोकपरम्परा संरक्षणको साटो मञ्च, स्टेजकेन्द्रित कार्यक्रममा जोडबल गर्न थालेपछि वास्तविक थारू समुदायको लोकसंस्कृति परम्परा संरक्षण निरन्तरतामा चुनौती रहेको थारू समुदायका जानकार अगुवाले चिन्ता व्यक्त गर्ने गरेका छन् ।

कञ्चनपुर थारू समुदायका बुद्धिजीवी बलबहादुर डगौरा थारू समुदायको माघीबारे खोज-अनुसन्धान एवं उक्त पर्वको वास्तविकताबारे अध्ययन नहुँदा नयाँ पुस्ताले आधुनिक रूपमा माघी मनाउँदै आएको बताउँछन् । माघी किन मनाउने, कसरी मनाउनेबारे नयाँ पुस्तामा पर्याप्त जानकारी नहुँदा उनीहरू आधुनिकता एव स्टेजकेन्द्रित कार्यक्रममा बढी जोडबल गरिरहेको उनको बुझाइ छ । 'माघीमा मगौना गीतबाट पर्व मनाइन्छ, तर अहिले मगौना गीत कतै बजाएको देखिँदैन, खालि मनोरञ्जनात्मक रूपमा मात्रै मनाइरहेको पाएका छौं,' उनी थप्छन्, 'यसबाट पौराणिक कालदेखि चल्दै आएको लोकपरम्परा संरक्षणमा चुनौती थपिएको छ ।'

उनका अनुसार १ माघमा विशुद्ध धार्मिक अनुष्ठानका साथै क्रमिक रूपमा ठूलाबडाबाट आशीर्वाद लिएर पाँच दिनसम्म माघी मनाइन्छ । माघ धार्मिक महिना भएकाले पुस मसान्तमै पर्वका लागि चाहिने आवश्यक माछा, मासु खाने परिकारको जोहो गरिन्छ । 'पर्वको पहिलो दिन हिंसा गर्ने प्रचलन छैन,' उनले भने, 'अघिल्लो दिन नै खाने परिकारको व्यवस्थापन गरेर पकाइन्छ ।'

२ गते घरको पूजा, ३ गते मठमन्दिरको पूजादेखि क्रमिक रूपमा ५ गतेसम्म मनाइन्छ । विवाह गरेकी छोरीबेटीलाई मीठा खाने परिकार एवं लुगा-कपडासमेत उपहार दिइन्छ ।

'केही छोरीबेटीकै घरमा गएर दिन्छन्, कोहीले घरमै छोरीबेटी बोलाएर उपहार दिन्छन्,' उनी भन्छन्, 'यसबाट छोरीप्रतिको माइती पक्षको उत्तरदायित्व झल्किन्छ ।' डगौरा थारू समुदायको लोकपरम्परा सरंक्षण, संवर्द्धनका लागि माघीबारे खोज-अनुसन्धान हुनुपर्ने र राज्य स्तरबाट समेत पहल हुनुपर्नेमा जोड दिन्छन् ।

थारू कल्याणकारिणी सभा कञ्चनपुरका अध्यक्ष सुनिता चौधरी थारू समुदायको इतिहास, पर्वलाई संरक्षण, संवर्द्धनका लागि व्यक्ति, समुदाय, राज्यका निकायबाट सहयोग आवश्यक रहेको बताउँछिन् । 'पर्व संरक्षणका लागि चुनौती छ,' उनी भन्छिन्, 'तर, जसरी पनि इतिहासको संरक्षण आवश्यक छ ।'



चितवनका गुजेश्वरी चौधरी र सुमना चौधरी ढिक्री तयार गर्दै

उल्लासमय थारू बस्ती

■ धनगढीमा **तेजराज भट्ट**

कामविशेषले बाहिर रहेकाहरू घर फर्कने क्रम बढेसँगै थारू बाहुल्य गाउँमा चहलपहल बढेको छ । घरका आँगन लिपपोत गरेर चिटिक्क पारिएका छन् । चोक-चौतारामा दुई-चारजना जम्मा हुँदा गाउँको 'भल्मन्सा'को बन्ने भनेर चर्चा हुन थालेको छ । थारू समुदायको सबैभन्दा ठूलो पर्व माघी सुरु हुनु साताअघि नै धनगढी उपमहानगरपालिका-१५ कनरीको थारू बस्तीमा माघीको रौनक सुरु भइसकेको थियो । कनरीजस्तै कैलालीका थारू बस्तीमा यतिवेला माघी पर्वको उल्लास छाएको छ ।

मीठोमसिनो खाने, ठूलाबडाबाट आशीर्वाद लिनेसँगै नाचगान गर्दै रमाइलो गरेर थारू समुदायले माघी पर्व मनाउने गर्छन् । माघीमा विवाहिता छोरीचेलीलाई कोसेली दिने, गाउँको नेतृत्व गर्ने भल्मन्सा चयन गर्ने र परिवारका सदस्यमध्ये एकजनालाई घरको मुली तोक्ने परम्परासमेत रहिआएको छ । पश्चिम कैलालीमा थारू समुदाय अहिले माघीको उल्लासमा रमाइरहेको छ ।

पुस मसान्तको अन्तिम दिनबाट माघी पर्व सुरु हुन्छ । त्यस दिन राति थारू समुदायले नाचगान गरेर रमाइलो गर्छन् । मासुका लागि दिउँसो बस्तीहरू बंगुर काटिन्छन्, जसलाई 'जिता-मरना दिन' भन्ने गरिन्छ । प्रत्येक घरमा बंगुरको मासु, माछाको सिघ्रा, ढिक्री, अन्डीको भात, बरिया, खरियालगायत परम्परागत खानाका परिकार पाक्छन् । खानाका परिकारसँगै घरमै उत्पादन गरेको जाँडरक्सी पनि हुन्छ । खानाका परिकार सालको पातबाट बनाइने दुना र टपरीमा राखेर खाने गरिन्छ । खानाका मीठामीठा परिकार खाएपछि गाउँका मान्छे भल्मन्सा र मान्यजनको घरमा जम्मा भएर रातभर नाचगान गर्छन् । मादल, डम्फु, झार बजाएर पुरुषहरू पम्परागत धमार गीत गाउँछन् । मादल, डफुको तालमा झुम्रा, सखिया, मघौटालगायत परम्परागत नृत्य गर्दै महिला-पुरुष रमाइलो गर्छन् । सखियामा गीत पनि गाइन्छ ।

माघे संक्रान्तिको दिन बिहान उज्यालो नहुँदै नदी, खोला, दहहरूमा गएर नुहाउने चलन छ । माघीमा जल किनेर मात्र नुहाउनुपर्छ भन्ने मान्यता रहेको छ । त्यसैले नुहाउनुभन्दा अगाडि पानीमा पैसा चढाउने गरिन्छ । पैसासँगै फूल, दियो, प्रसादका रूपमा मिठाई चढाइन्छ । नुहाएर घर फर्केपछि प्रत्येकले 'सुप्पा'मा राखिएको चामल, दाललगायत खाद्यान्नलाई छुने गर्छन् । त्यसरी छोएको चामललेे आफूलाई आफैंले टीका लगाउँछन् । त्यसपछि आमाबुबा, परिवार तथा गाउँछिमेकमा आफूभन्दा ठूला मान्यजनलाई ढोगेर आशीर्वाद लिने र आफूभन्दा सानालाई आशीर्वाद दिइन्छ । जसलाई 'सेवाढोग' भन्ने गरिन्छ । ढोग-आशीर्वाद लिन आउनेलाई बंगुरको मासु, जाँडरक्सी, खानाका परिकार खुवाएर सत्कार गर्ने चलन छ । यसरी आफूभन्दा ठूलालाई ढोगेर आशीर्वाद लिने र सानालाई प्रेम, स्नेह प्रकट गर्ने भएकाले आपसी सद्भाव बढाउने काम पनि यो पर्वले गर्ने गरेको छ ।

मसान्तको दोस्रो दिनलाई 'खिच्रहुवा' भनिन्छ । यो दिन खिचडी, तरुल पकाएर खाने चलन छ । माघीमा विवाहिता छोरीचेलीलाई कोसेली दिने गरिन्छ । जसलाई 'निसराउ' भनिन्छ । माघे संक्रान्तिको दिन नदी तथा खोलामा नुहाएर आएपछि छोएको चामल, दाललगायत खाद्यान्नमा थपेर कोसेलीका रूपमा दिने गरिन्छ । टाढा भए पनि दाजुभाइ आफ्ना दिदीबहिनीलाई निसराउ दिन जान्छन् । माघीमा छोरीचेली निसराउ लिएर माइती आउने बाटो कुरेर बसेका हुन्छन् । खिच्रहुवासँगै माघी पर्व सकिएको मानिन्छ । कसैले भने थप केही दिनसम्म पनि माघी मनाउने गर्छन् ।

भल्मन्सा छान्ने तयारी

माघीको अर्को महत्त्वपूर्ण पक्ष गाउँको भल्मन्सा चयन गर्नु हो । थारू समुदायले गाउँको अगुवाका रूपमा हरेक वर्ष माघमा भल्मन्सा चयन गर्छ । अधिकांश ठाउँमा माघीमै भल्मन्सा चयन गरिन्छन् । कतिपय ठाउँमा माघी पर्व सकिएपछि पनि भल्मन्सा चयनको काम थालिन्छ । भल्मन्साले गाउँको अगुवाको रूपमा काम गर्छन् । गाउँमा हुने हरेक सामाजिक काम तथा आपत्विपत्मा भल्मन्साले गाउँको नेतृत्व गर्छन् । भल्मन्साले वर्षभरिको भूमिकाबारे गाउँमा अनौपचारिक छलफल सुरु हुन थालेको छ ।

नयाँ भल्मन्सा कसलाई बनाउने भनेर थारू बस्तीमा छलफल सुरु भइसकेको छ । भल्मन्साले राम्रो काम गरेको समुदायले ठहऱ्याएर उसैलाई दोहोऱ्याउने पनि गरिन्छ । गाउँलेको चाहनामा एउटै व्यक्ति लगातार १५-२० वर्षदेखि गाउँको भल्मन्सा बनेको उदाहरण पनि छन् । सामान्यतया गाउँलेबीचको सहमतिमै भल्मन्सा छान्ने चलन छ । पछिल्लो समय सहमति हुन नसके कतिपय ठाउँमा चुनाव पनि हुने गरेको छ । गाउँमा बाटोघाटो बनाउने, सामाजिक काम गर्ने, दुःख-विपत् पर्दा सघाउनेजस्ता काम भल्मन्साकै नेतृत्वमा हुन्छन् । भल्मन्साले गरेका निर्णय सबैले मान्ने हुन्छ ।

थारू बस्तीमा भल्मन्सासँगै चिराकी (चौकीदार) र गुरुवा पनि छानिन्छन् । गाउँमा कुनै सामाजिक वा अन्य कामका लागि मान्छे जम्मा गर्नुपरे भल्मन्साको आदेशअनुसार घरघरमा गएर खबर गर्ने जिम्मेवारी चिराकीको हुन्छ, जसलाई चौकीदार पनि भनिन्छ । गुरुवाले मान्छे बिरामी हुँदा, अन्नबालीमा रोगकिरा लाग्दा झारफुक गर्छन्, पूजापाठ गर्छन् ।

थारू समुदायमा परम्परागत रूपमा चलिआएको भल्मन्सा प्रथालाई पछिल्लो समय कतिपय स्थानीय तहले कानुनी मान्यता पनि दिन थालेका छन् । कैलालीको कैलारी गाउँपालिकाले भल्मन्सा प्रथालाई कानुनी मान्यता दिँदै भल्मन्साको उपस्थितिमा गाउँमा हुने कतिपय निर्णयलाई मान्यता दिने व्यवस्था गरेको छ ।

वर्षभरिका लागि गाउँको नेतृत्व छान्ने मात्र नभई परिवारको घरमुली छान्ने काम पनि माघीमा हुन्छ । खासगरी दाजुभाइको संख्या धेरै भएको संयुक्त परिवारमा घरमुली छान्ने चलन छ । परिवारका लागि खाद्यान्न, लुगाकपडा, बिरामी पर्दा औषधिउपचारलगायतको जोहो गर्ने काम घरमुलीले गर्छन् । घरमुली छान्ने क्रममा आर्थिक हरहिसाबको समीक्षा गर्ने र आर्थिक समृद्धिका लागि नयाँ योजना बनाउने काम पनि हुन्छ । थारू समुदायमा घरको जेठो भएर मात्र घरमुली ठहरिँदैन, घरपरिवारलाई मिलाएर लैजान सक्नेलाई घरमुली छान्ने चलन रही आएको छ ।

सामाजिक, सांस्कृतिक महत्त्व

माघीलाई थारू समुदायले नयाँ वर्षका रूपमा पनि मनाउँछन् । त्यसैले यो पर्वमा वर्षभरिको काम र आर्थिक हरहिसाबको समीक्षा हुन्छ । छुटिन खोजेका दाजुभाइबीच अंशबन्डा गर्ने काम पनि माघमा हुन्छ । यस वर्ष माघे संक्रान्तिदेखि थारू समुदायको २६४८औं नयाँ वर्ष सुरु हुँदै छ । पुसको अन्तिम दिनलाई पुरानो वर्षको अन्तिम दिनका रूपमा पनि मनाइन्छ । प्रायः माघ महिनामा विवाह गर्ने चलन थारू समुदायमा छ । पछिल्लो समय माघी पर्वका अवसरमा थारू बस्तीहरूमा मेला-महोत्सव पनि हुने थालेका छन् ।

माघी मनाउने चलनमा बिस्तारै परिवर्तन हुँदै गएको छ । राति रमाइलो गर्दा परम्परागत गीत, नृत्यको साटो रेकर्ड गरिएका गीतले स्थान पाउन थालेका छन् । रातभर जाग्राम बस्ने चलन हराउन थालेको छ । माघीमा परम्परागत गीतहरू गाउने चलन युवा पुस्तामा कम हुँदै गएको छ ।

माघे संक्रान्तिको दिन थारू समुदायले आफ्नो परम्परागत पोसाक लगाउँछन् । आपसी मनमुटाव त्यागेर आपसी प्रेम, स्नेह, सद्भाव बढाउने भएकाले सामाजिक रूपमा यो पर्वको निकै महत्त्व रहेको छ । आफूभन्दा ठूलालाई आदर, सम्मान र सानालाई स्नेह गर्नुपर्ने असल संस्कार सिकाउने काम पनि यो पर्वले गरेको छ । स्थानीय तहले पनि माघीलाई विशेष महत्त्व दिने गरेका छन् ।

उत्सवसँगै संस्कृति हस्तान्तरणका लागि चितवनको खिचरा

■ चितवनमा **विवेक पोखेल**

बाबाकी सगरवा मुरिया लहान गैनु हाँ, बाबा कि सगरवा ।
सखि ए हो, टोपिया छुटल पानी , घाट , सखि ए हो ॥

माघको पहिलो बह्ममुहूर्तमा पश्चिम तराईका थारू समुदायमा गाइने मेघौटा गीतको यो टुक्कामा माघमा बिहान नै स्नान गर्दा छोरीले असल श्रीमान् पाउने भनेको छ ।

देशभरिका थारू समुदायले यो पर्वलाई आफ्नो नयाँ वर्षका रूपमा मीठो खाएर मनाउने गरेको थारू कल्याणकारिणी सभा (थाकस) चितवनको सभापति ललितकुमार चौधरी बताउँछन् । उनी भन्छन्, 'थारू समुदायको आर्थिक लेनदेन मिलाउने समय वा आर्थिक वर्षको सुरुवातका रूपमा पनि यो दिनलाई लिइन्छ । घर-व्यवहारदेखि खेतीपानी गर्ने र परिवारका सदस्यको कामको बाँडफाँट गरिन्छ । घरमुली छनोट गर्ने काम पनि यहीँ समयमा हुन्छ ।' आफ्नो समुदायको नयाँ नेतृत्व जसलाई बर्घर भनिन्छ । थारू भाषामा 'बडघर' शब्दको अर्थ अगुवा भन्ने बुझिन्छ । गाँउमा सबैले मान्यगन्ने मुखिया भने वडाध्यक्ष र टोल विकास संस्थाको सुरुवात भएपछि अहिले प्रायः हट्दै गएको छ । चितवनमा अहिले थारू समुदायलाई भूगोलका आधारमा १० क्षेत्र (प्रगन्ना)मा विभाजन गरिएको छ । यहाँ खैरहनी, माडी, सौराहा, पदपुर, पटिहानी, मेघौली क्षेत्रमा थारूको बसोवास बाक्लो छ । ०५९ देखि नेपाल सरकारले थारूहरूको माघीपर्वलाई राष्ट्रिय पर्वका रूपमा मान्यता प्रदान गरेको थियो ।

माघको खान्की

माघको विशेष परिकारका रूपमा चितवनका थारूहरूले चिचरलाई लिने गरेका छन् । अनदिको चामललाई केराको पातमा बाँधेर अँगेनामा पोका बनाएर पकाइने चिचर माघको विशेषता हो । भरतपुर- १३ का शंखर थारूका अनुसार चेलीबेटी र ज्वाईंलाई बोलाएर यो दिन चिचरसँगै पिठोलाई मःमलाई जस्तै स्टिम गरेर थारूका पौराणिक माटाको भाडा र ढकियाको प्रयोग गरेर पकाइने ढिक्री, खोलाको ताजा माछा, घोँगी, हाँसको मासु र घरमा नै बनाइएको मदिरा खाएर माघ मनाउने गरिन्छ ।

माघीको ब्रान्ड बनेको चितवनको खिचरा महोत्सव

प्रत्येक वर्ष १ माघमा पर्ने खिचरा पर्वका अवसरमा विगत नौ वर्षदेखि चितवनमा खिचरा महोत्सव हुँदै आएको छ । अहिले चितवनको खिचरा महोत्सव देशभरिका थारू समुदायको पहिचान बनेको छ । ०७० मा थारू जातिको कला, धर्म, रीतिरिवाज, संस्कृतिको जगेर्ना र पुस्ता हस्तान्तरण होस् भन्ने उद्देश्यले थारू खानाको दुई-चार स्टलसहित कलाकार ल्याएर सुरु गरेको महोत्सव अहिले थारू समुदायको मात्र नभई सबै जातिको गर्वको विषय बन्यो । महोत्सवका संस्थापक संयोजक नारायणप्रसाद महतोले भने, 'अहिले देशभरिकै थारू समुदायको यो ठूलो महोत्सव हो । जुन महोत्सव १० वर्षअघि माघीको दिन एकदिने मेलाबाट सुरु भएको थियो ।

यसपटक २८ पुसदेखि १० माघसम्म नवौं संस्करणको खिचरा महोत्सव चलिरहेको छ । थारू कल्याणकारिणी सभा क्षेत्र नं. ७ को आयोजनामा खैरहनी- ५ गौचरनमा थारू समुदायको सांस्कृतिक, वेशभूषा, भाषा-साहित्य, कला-संस्कृति एवं थारू खानाका परिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव हुँदै छ । राष्ट्रिय एकता र विविधता हाम्रो सान, बहुजाति, भाषा, संस्कृति नेपालको पहिचान भन्ने मूल नाराका साथ हुने यस वर्षको नवौं खिचरा महोत्सव एक लाखभन्दा बढीले अवलोकन गर्ने अपेक्षा लिइएको छ । यसपटक महोत्सवमा उद्योग, व्यापार, कृषि तथा पर्यटनको प्रवर्द्धन, स्थानीय कला संस्कृतिको प्रवर्द्धन, स्थानीय स्तरमा उत्पादित वस्तुको प्रवर्द्धन गराउन एक सय ५० वटा स्टल रहेका छन् । होटेल स्टलमा थारू जातिका साथसाथै विभिन्न जातिका खानाका परिकार तथा शैक्षिक, वित्तीय संस्था, विभिन्न संघसंस्थाको स्टलसमेत रहेका छन् । महोत्सवमा प्रतियोगितात्मक कृषि उपज प्रदर्शनी, बाल उद्यान, अटो परिसरसमेत रहनेछन् । महोत्सवकै अवसरमा निःशुल्क स्वास्थ्य शिविर एवं रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

चितवनका स्थानीय तहको योजना

चितवनका ६ स्थानीय तहमा एक सय ८० भन्दा बढी थारू गाउँ रहेका छन् । सात स्थानीय तह रहेको चितवनको खैरहनी नगरपालिका र माडी नगरपालिकाका प्रायः वडामा थारू समुदायको बसोवास छ । कालिका नगरपालिकाको पदमपुर क्षेत्र, राप्ती नगरपालिकाको हर्दी, खुरखुरै, चैनपुरलगायत क्षेत्रमा थारू समुदायको बाहुल्य छ । यस्तै, भरतपुर महानगरपालिकाको मेघौली, पटीहानी, बरौजी, जगतपुर, शुक्रनगर र रत्ननगर नगरपालिकाको बछौली र सौराहामा पनि थारू समुदायको बसोवास बढी छ । इच्छाकामना गाउँपालिकामा भने थारू समुदायको संख्या देखिँदैन । चितवनको मेघौलीमा थारू समुदायको पहिलो होमस्टे खुलेको थियो । अहिले जिल्लामा आधा दर्जनभन्दा बढी थारू समुदायको होमस्टे छन् । चितवनको माडी नगरपालिकामा प्रमुख र उपप्रमुख नै थारू समुदायका छन् भने नगरपालिकाका वडामा पनि थारू समुदायका जनप्रतिनिधि छन् ।

सांस्कृतिक कार्यक्रमतर्फ महोत्सव अवधिभर ठेकरा, क्रमटा, झुमरा, रसधारी, फररा, लाठी नाचजस्ता सांस्कृतिक प्रस्तुति रहनुका साथै राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति तथा खिचरा डान्स आइडल रहनेछ । विगतका महोत्सवबाट थारू जातिको कला, संस्कृति, भाषा, वेशभुषा संरक्षणमा महत्त्वपूर्ण उपलब्ध भएको भन्दै युवा पुस्तामा हस्तान्तरण गर्न महोत्सव फलदायी भएको मूल आयोजक समितिका संयोजक रामेश्वर चौधरी बताउँछन् । उनी थप्छन्, 'पहिले थारू पोसाक चाडपर्वमा मात्र लगाएको देखिन्थ्यो । अहिले दिनहुँजसो यहाँका नयाँ पुस्ताहरू आफ्नै पोसाकमा हुन्छन् । पर्यटकीय स्थलमा नयाँ पुस्ताले सांस्कृतिक नृत्य देखाएर पैसासमेत कमाएका छन् ।'



परम्परागत नृत्य गर्दै कैलालिका थारू कलाकार

योजना बनाउने र समीक्षा गर्ने नयाँ वर्ष

■ बाँकेमा **विश्वराज पछ्लडङ्गया**

माघेसंक्रान्तिलाई थारू समुदायले नयाँ वर्षको रूपमा मनाउँछन् । यस वर्ष थारू संवत् २६४७ मनाउने तयारीमा छन् । नयाँ कामको सुरुवात, घर र गाउँको मुख्य व्यक्ति चयन र गाउँको विकास, निर्माणको योजना माघेसंक्रान्तिमा बनाउने भएकाले थारू समुदायले यो पर्वलाई नयाँ वर्षको रूपमा मनाउने गरेको थारू कल्याणकारिणी सभाका कोषाध्यक्ष चूर्णबहादुर चौधरी बताउँछन् । उनी भन्छन्, 'माघेसंक्रान्तिको अवसरमा घर र गाउँको मुली चयन गरिन्छ । गत वर्षको समीक्षा र आगामी वर्षको योजना बनाइन्छ । दाजुभाइ अलग हुने, विवाह गर्ने, घर बनाउने, जमिन अधियाँ जोत्ने-नजोत्नेलगायत अधिकांश निर्णय माघेसंक्रान्तिको अवसरमा हुने भएकाले यो पर्वलाई नयाँ वर्ष भनिएको हो ।'

२ माघलाई माघी डेवानी भनिन्छ । आफूलाई लागेको माग्ने र दिने गरिने भएकाले यो दिनलाई खोज्नी बोझ्नीको दिन पनि भनिन्छ । 'बिहान घरका सपरिवार बसेर वर्ष दिनमा भएका राम्रा-नराम्रा कामको समीक्षा र आगामी वर्षका लागि कार्ययोजना बनाउने काम यही दिन गरिन्छ,' चौधरी थप्छन्, 'घर छुट्टिने, विवाह गर्ने, घर बनाउने, जमिन खरिद गर्ने, घरको मुली (घरदुच्या) छनोटलगायतको छिनोफानो माघी डेवानीका दिन नै गरिन्छ ।'

घरका सदस्य बसेर वर्ष दिनको समीक्षा र आगामी दिनको कार्ययोजना बनाइसकेपछि प्रत्येक घरबाट एकजना गाउँसभामा सहभागी हुन्छन् । गाउँसभा सकभर मटावा (बरघर)को घरमा हुन्छ । गाउँसभामा सहभागीले गाउँमा आवश्यक विकासका योजना बनाउने, गाउँलाई शान्त, सुव्यवस्थित र मर्यादित बनाउन नीति-नियमसमेत बनाउँछन् । राप्तीसोनारी गाउँपालिकाका निवर्तमान अध्यक्ष लाहुराम थारू भन्छन्, 'घरको मुली, गाउँको मटावा र क्षेत्रको प्रगन्ना पनि २ माघकै दिन चयन गरिन्छ । यो दिनलाई विशेष दिन र स्वतन्त्रताको पर्वको रूपमा लिइन्छ ।'

प्रजातान्त्रिक पद्धतिबाट मटावा चयन

मटावा प्रजातान्त्रिक प्रणालीबाट चयन गरिन्छ । गाउँसभाका सदस्यलाई पुरानो मटावालाई अनुमोदन गर्ने वा नयाँ चयन गर्ने अधिकार हुन्छ । मटावा बहुमतको आधारमा चयन गरिए पनि अल्पमतको पनि कदर गरिन्छ । थारूको भनाइ छ, 'माघी डेवानीकै दिन गाउँको मटावाले पनि गाउँको रेखदेख गरेबापत आफूले पाउने सेवा-सुविधाको माग गाउँसभामा राख्छन् । उक्त सभाले मटावाको ज्याला निर्धारण गर्छ ।'

धार्मिक तथा सांस्कृतिक महत्त्व

माघी पर्वलाई विशेष रूपमा मनाउँछन् । थारू समुदायमा माघी पर्वको सांस्कृतिक महत्त्व मात्र होइन, यसको धार्मिक र सामाजिक मान्यता पनि उत्तिकै छ । परापूर्वकालदेखि मनाउँदै आएको माघी पर्व थारू समुदायले कम्तीमा पाँच दिनसम्म मनाउँछन् ।

पुस मसान्तको अधिल्लो दिन नजिकैको ताल, नदी, पोखरी, कुलो र नहरमा गएर माछा मार्छन् । र, पुस मसान्तका दिन सुँगुर, बंगुर काटेर मासुको जोहो गर्छन् । राप्तीसोनारी गाउँपालिका-६ का निवर्तमान अध्यक्ष जनकबहादुर थारू भन्छन्, 'माघेसंक्रान्तिका दिन पशुपक्षी काटमार र आलो मासु देखाउन मिल्दैन । संक्रान्तिको दिनका लागि पुग्ने मासु पुस मसान्तको बेलुका नै पकाएर राखिन्छ ।'

नजिकको नदी, ताल र पोखरीमा गएर स्नान गर्ने माघीको सबैभन्दा ठूलो विशेषता हो । माघी नुहाउनका लागि पुस मसान्तको बेलुका मटावा (बरघर)को घरमा भेला भएर रातभर धुम्रु गीत गाउँछन् र छोक्रा नाचमा दिल खोलेर नाच्छन् ।

नाचमा बुढादेखि युवासम्म सहभागी हुन्छन् । रातभर नाचगान गरेकाहरू भालेको डाकसँगै नाचगान गर्दै नदी, ताल र पोखरीमा गएर स्नान गर्छन् । नुहाइसकेपछि आफूभन्दा मान्यजनसँग चामलको सेतो टीका थाप्ने र आशीर्वाद लिने चलन रहेको दंगीशरण गाउँपालिका- ३ रातगाउँ, दाङका मोहनलाल चौधरी बताउँछन् । उनी भन्छन्, 'थारू समुदाय शान्तिमा विश्वास राख्ने भएकाले माघेसंक्रान्तिका दिन रातो मासु र टीका लगाए वर्षभरि अशुभ हुन्छ भन्ने विश्वास छ ।'

उनका अनुसार, माघेसंक्रान्तिका दिन नदी, ताल, पोखरी या बग्ने पानीमा बिहानै नुहाए पुण्य प्राप्ति हुने विश्वास छ । नुहाएर घर जानेहरूको शुभसाइतका लागि गाउँको गल्ली र सडकभरि कलश राखिएका हुन्छन् । उक्त कलशमा आफ्नो क्षमताअनुसार रुपैयाँ, पैसा हाल्ने प्रचलन छ । नुहाएर घर जानेबित्तिकै तिलको आगो ताप्ने तथा मास, नुन र चामलको निस्राउ काढ्ने गरिन्छ । चौधरी भन्छन्, 'नुन, मास र चालम एउटा भाँडोबाट तीन, पाँच या सात अञ्जुली अर्को भाँडोमा राख्नेलाई नै निस्राउ काढ्ने भनिन्छ । निस्राउ काढेको नुन, चामल र मास आफ्नो चेलीबेटीलाई दक्षिणाको रूपमा दिने प्रचलन छ ।'

निस्राउ काढिसकेपछि आफूभन्दा ठूलालाई साइनोअनुसार ढोगभेट गरी खानपिन गरिन्छ । माघेसंक्रान्तिको मुख्य परिकार ढिक्री, अनदी चामलको रोटी, सख्खर र तरुल भए पनि यो पर्वमा अधिकांशले जाँड, रक्सी सेवन गर्दछन् । १ माघमा अधिकांश पुरुषहरू घर-घरमा गएर माघी मनाउँछन् भने २ माघमा महिलाले माघी मनाउने प्रचलन रहेको चौधरीको भनाइ छ । १ माघको बेलुकी युवायुवती भेला भएर मघौटा नाच नाच्ने र पैसा लुट्ने तथा लुटाउने गरिन्छ । माघेसंक्रान्तिमा थारू समुदायले *'भौजी भौजी कहनु भौजी नही बोलली रे हाँ.....। सखिए हो भौजिक सेन्डुरा लेहनु लगा र सखिय हो,'* गीतको बोलमा नाच्छन् ।

यो पर्वमा नाचिने नाचको आफ्नै विशेषता र महत्त्व छ । बुढापाकाले आफ्नै किसिमका गीत गाउँछन भने युवायुवती र केटाकेटीले आफ्नो उमेर मिल्ने किसिमको गीतमा नाचगान गरी रमाइलो गर्छन् । *'घरक वरिपरि फुलवा लगावै रे हाँ.....। सखिय हो फुलवा फुलल एजुरार र सखिय हो,'* यस्तो लयको गीत युवायुवतीले गाउँछन्, । मघौटा नाच कम्तीमा पाँच दिनसम्म नाचिन्छ ।

स्वतन्त्रताको पर्व

कमैया मुक्ति हुनुभन्दा पहिले माघी डेवानीकै दिन कसको घरमा कमैया बस्ने, छोड्ने, ज्याला कति लिने-दिने, बुक्रही, कम्लहरी बस्ने, छोड्ने छिनोफानो पनि यसै दिन हुने गर्दथ्यो । कमैया मुक्ति हुनुभन्दा पहिले कमैयाको सौँकीको हिसाबकिताब हुन्थ्यो । थारू संस्कृतिका जानकार एकराज चौधरी भन्छन्, 'कुन मालिकले सौँकी तिर्ने र सौँकी तिर्ने मालिकसँग कति रुपैयाँ ज्याला लिने छिनोफानो माघी डेवानीका दिन गरिन्थ्यो ।'

यसैगरी, माघी डेवानीकै दिन जमिनदारकहाँ गएर अधियाँ खेत जोत्ने या नजोत्ने छिनोफानो पनि हुन्छ । चौधरी थप्छन्, 'यो दिन सानादेखि ठूलासम्म सबै स्वतन्त्र हुन्छन् । आफूलाई मन लागेको खान्छन् । पिउँछन् र निष्फिक्री भएर नाचगानमा सहभागी हुन्छन् । घुमफिर गरी रमाइलो गर्छन् । यसलाई स्वतन्त्रताको पर्व भन्दा पनि हुन्छ ।'

गाउँको विकास, निर्माण र गाउँमा हुने स-साना झै-झगडा तथा विवाद मिलाउन मटावाले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले पनि मटावाको स्थान गाउँमा उच्च हुन्छ । चौधरी भन्छन्, 'मटावाले भनेको कुरालाई गाउँलेले अस्वीकार गर्न मिल्दैन । माघी डेवानीका दिन मटावाको घरमा भेला भएकाले आफ्नो मनमा लागेको तितामिठा सबै कुरा व्यक्त गर्छन् । मटावाले पनि आफूलाई लागेको कुरा गाउँसभामा खुलेर राख्छन् । यसैले माघेसंक्रान्तिको सांस्कृतिक महत्त्व मात्र नभई धार्मिक एवं सामाजिक महत्त्वसमेत रहेको छ ।'

के भन्छन् पालिका प्रमुख ?



● **रेनु दाहाल**, प्रमुख
भरतपुर महानगरपालिका, चितवन

महानगरपालिकाले थारू समुदायका कार्यक्रमलाई नियमित रूपमा आर्थिक सहयोग गर्दै आएको छ । नगरका दुई ठाउँमा थारू संग्रहालय निर्माण र थारू समुदायको संस्कृति प्रवर्द्धनसँगै आयआर्जनका लागि सीपमूलक तालिम र होमस्टेका लागि हामीले कार्यक्रमहरू गर्दै आएका छौं । थारू समुदायको हसुलीको आकृति मेघौलीमा बन्दै छ । यसपटक थारू समुदायलाई अरक्षण नै छुट्याएर नगर प्रहरीको विज्ञापन गरेर नियुक्ति गर्‍यौं । यो थारू आरक्षणको सुरुवात भएको सन्देश हो । हामीले गर्ने हरेक कार्यक्रममा स्थानीय थारू समुदायलाई जोड्ने गरेका छौं ।



● **विनोद रेग्मी**, प्रमुख
कालिका नगरपालिका, चितवन

थारू समुदायले गरेका कार्यक्रमहरूमा सहभागी हुँदै यसको सांस्कृतिक प्रवर्द्धनका लागि सहयोग पुऱ्याउँदै आएका छौं । नगरमा थारू होमस्टे सञ्चालनमा छ । थारू संग्रहालयका लागि भवन निर्माण भएको छ । यसलाई व्यवस्थित गर्न बजेट छुट्याएका छौं ।



● **शशीकुमार खनियाँ**, प्रमुख
खैरहनी नगरपालिका, चितवन

थारू समुदायले गर्ने नेपालभरिको ठूलो महोत्सव खिचरा महोत्सव माघीको अवसरमा हाम्रो नगरपालिकामा हुँदै आएको छ । यसलाई सबैको साझा महोत्सव बनाउनका संरक्षकको रूपमा रहेर हामीले सहयोग गर्दै आएका छौं । नगरपालिकाले थारू समुदायका छात्रालाई नगरभित्रको कलेजमा स्नातकसम्म निःशुल्क पढाउने अभियान छ । नगरपालिकाले ११ र १२ मा निःशुल्क विज्ञान विषय पढाउँदै पनि आएको छ । थारू समुदायलक्षित पोषणको कार्यक्रम सञ्चालनमा छ । चोकचोक र सार्वजनिक स्थानहरूमा थारू समुदायको सांस्कृतिक पहिचान दिने सालिक र मूर्तिहरू निर्माणमा लागेका छौं । थारू समुदायको छुट्टै संग्रहालय बन्दै छ । होमस्टेमा पनि लगानी गर्दै गएका छौं । भाषाभाषी र संस्कृतिको संरक्षणमा समेत लगानी गरेका छौं ।



● **शमशेर लामा**, प्रमुख
राप्ती नगरपालिका, चितवन

थारू समुदायको कला, संस्कृति र मिहिनेतको वर्णन हुने हलो जोत्दै गरेको थारू समुदायको प्रतिनिधित्व गर्ने कङ्क्रिट मूर्तिको आकृति बेल्डिया चोकमा बन्दै छ । थारू समुदायको इतिहास लामो छ । भएका इतिहासलाई संरक्षण गर्न हामीले थारू समुदायका लागि कार्यालयसहितको संग्रहालय बनाउने बजेटको व्यवस्था गरेका छौं । नयाँ पुस्तामा थारू संस्कृति, भाषा, लिपिहरू हस्तान्तरणका लागि काम गर्दै आएका छौं । हामीहरूले थारू समुदायको कला-संस्कृतिको संरक्षणसँगै उनीहरूलाई आयआर्जनमा जोड्नका लागि काम गरिरहेका छौं ।



● **गणेश चौधरी**, अध्यक्ष
जानकी गाउँपालिका, कैलाली

थारू समुदायको सबैभन्दा ठूलो पर्व माघीका अवसरमा गाउँपालिकाको आयोजनामा सांस्कृतिक कार्यक्रम गर्दै छौं । त्यसमा थारू समुदायका परम्परागत सांस्कृतिक नृत्य, गीतहरू प्रस्तुत गरिनेछन् । माघी पर्वसँगै थारू संस्कृतिको संरक्षण र संवर्द्धनका लागि सांस्कृतिक कार्यक्रम गर्न लागेका हौं । माघी पर्वका अवसरमा पालिकाले स्थानीय बिदा पनि दिँदै आएको छ ।



● **ताराकुमारी काजी महतो**, प्रमुख
माडी नगरपालिका, चितवन

माडी नगरपालिकामा प्रमुख र उपप्रमुख हामी दुवै थारू समुदायका छौं । थारू पर्व र रहनसहनका विषयमा हामीहरू जानकार नहुने कुरै भएन । पछिल्लो समय हामीले सामूहिक रूपमा उत्सवको रूपमा एक दिन विशेष कार्यक्रमसहित खिचरा महोत्सव मनाउँदै आएका छौं । थारू लोकसंस्कृति र खानाको महत्त्व झल्कने गरेर गरिने यो कार्यक्रमका लागि नगरपालिकाबाट आर्थिक सहयोग गर्छौं । बहुसंख्यक थारू समुदाय भएकाले पनि माडी नगरपालिकाले थारू समुदायको सबै पर्वहरूलाई नगरपालिकाको महत्त्वपूर्ण पर्वको रूपमा मनाउँदै आएको छ । उनीहरूको वेशभूषा संरक्षणका लागि काम गर्दै आएका छौं । होमस्टे र सांस्कृतिक संग्रहालय स्थापना भएको छ । पुराना गाउँमा थारू बर्गैंचाहरू भएको र अहिले बर्गैंचाहरू मासिएकाले नगरपालिकाले नै नमुनाको रूपमा थारू बर्गैंचा बनाउँदै छौं । भएका चिजलाई व्यवस्थित गर्दै लोप हुन लागेका चिजहरूलाई संरक्षण गर्दै अघि बढाउनुपर्छ भनेर अघि बढेका छौं । थारू संस्कृतिलाई आयआर्जनसँग पनि जोड्दै आएका छौं ।




● **केवल चौधरी**, मेयर
भजनी नगरपालिका, कैलाली

माघी हाम्रो सबैभन्दा ठूलो पर्व हो । माघीमा भगवान् शिव, पार्वतीको पूजा गर्ने र आफूभन्दा ठूलाबडाबाट आशीर्वाद लिने गरिन्छ । राति मादल बजाएर गीत गाउँदै, नाच्दै रमाइलो गर्छौं । परम्परादेखि मनाउँदै आएको यो पर्वले आपसी प्रेम र सद्भाव बढाउने काम गरेको छ । मादल बजाएर परम्परागत गीत, नृत्य प्रस्तुत गर्नेजस्ता माघी पर्व मनाउने संस्कृति पछिल्लो समय हराउँदै गएकाले यसको संरक्षणमा सबैले ध्यान दिनुपर्ने देखिन्छ ।



● **चित्रबहादुर चौधरी**, अध्यक्ष
जोशीपुर गाउँपालिका, कैलाली

माघी थारू समुदायको ठूलो पर्व हो । माघी पर्वको पहिचानका लागि पुस अन्तिम दिन र माघ २ गते गाउँपालिकामा सार्वजनिक बिदा दिँदै आएका छौं । १ गते राष्ट्रिय बिदा नै हुन्छ । विभिन्न संघसंस्थाहरूमार्फत थारू समुदायको कला, संस्कृति प्रदर्शनका लागि पनि सहयोग गरिरहेका छौं । थारू समुदायको परम्परागत पोसाक बनाउने तालिम पनि गाउँपालिकाले सञ्चालन गर्दै आएको छ ।



● **पोतीलाल चौधरी**, मेयर
बेलौरी नगरपालिका, कञ्चनपुर

थारू समुदायको लोकसंस्कृति संरक्षण, प्रवर्द्धनका लागि स्थानीय सरकारले प्रवर्द्धनात्मक भूमिका निर्वाह गरिरहेका छौं । बजेट नै विनियोजन गरेर माघी पर्व संरक्षण संवर्द्धनका कार्यक्रम सञ्चालन गरिँदै आएको छ । खुलामञ्चमा २६ पुसदेखि भएको महोत्सवका लागि चार लाख २५ हजार र १ माघमा बेलौरी नपा- १ रामनगरमा हुने ज्येष्ठ नागरिकबाट आशीर्वाद शुभकामना आदान-प्रदानका लागि दुई लाख रुपैयाँ विनियोजन गरेका छौं । भलमन्सा, अगुवाहरूसँग छलफल गर्दै भाषा, कला, संस्कृति लोकपरम्परा संरक्षण संवर्द्धनका लागि पालिकाबाट सहयोग जारी रहेको छ ।



● **पदम बोगटी**, प्रमुख
भीमदत्त नगरपालिका, कञ्चनपुर

थारू समुदायको लोकसंस्कृति माघी संरक्षण, प्रवर्द्धनका लागि उल्टाखामस्थित थारू संग्रहालमा सांस्कृतिक कार्यक्रम गरिनेछ ।





● **हरिश्चन्द्र राना**, प्रमुख
बेलडाँडी गाउँपालिका, कञ्चनपुर

थारू समुदायको माघी मिलन कार्यक्रम सञ्चालनका लागि एक लाख रुपैयाँ विनियोजन गरेर लोप भइरहेको थारू समुदायको माघी पर्व प्रवर्द्धन गरिरहेका छौं । थारू समुदायको लोकपरम्परा, संरक्षण, प्रवर्द्धनका लागि पालिकास्तरबाट सम्पूर्ण प्रयास जारी रहने तथा थप कार्यक्रम गर्दै जानेछौं ।



● **भोजराज बोहरा**, प्रमुख
बेदकोट नगरपालिका, कञ्चनपुर

माघी मिलन कार्यक्रममा पालिकाबाट आवश्यक बजेट नै विनियोज भएको छ । यो थारू समुदायको लोकसंस्कृति संरक्षणका लागि खर्च गरिनेछ ।



● **निर्मल राना**, प्रमुख
लालझाडी गाउँपालिका, कञ्चनपुर

पालिका र वडाहरूबाट समेत बजेट विनियोजन गरेर कार्यक्रम सञ्चालन गरिने गरेको छ । पालिकाबाट दुई लाख रुपैयाँ बजेट विनियोजन गरेर सांस्कृतिक प्रवर्द्धन गरिनेछ ।



● **भुलियाकुमारी राना**, उपप्रमुख
पुनर्वास नगरपालिका, कञ्चनपुर

थारू समुदायको माघी मिलन कार्यक्रम संरक्षणका लागि पालिकाबाट आवश्यक योजना ल्याउनेछौं । विगतमा पनि कार्यक्रम गरिएको र अहिले पनि आवश्यक बजेट सहयोग गरिनेछ ।



● **द्रोपती राना**, उपप्रमुख
कृष्णपुर नगरपालिका, कञ्चनपुर

विगतका वर्षहरू जस्तै यस वर्ष पनि कृष्णपुरमा माघी मिलन कार्यक्रम प्रवर्द्धनका लागि पालिकाबाट आवश्यक सहयोग गरेका छौं । थारू समुदायको लोकसंस्कृति र परम्परागत खाने परिकारको प्रदर्शन गरिनेछ । केही दिन पहिले वडाका १५ भलमन्सा समितिसँगको छलफलमा विशुद्ध थारू समुदायका लोकनृत्य, खाने परिवार पकाएर नयाँ पुस्तालाई संस्कृतिबारे अभिमुखीकरण गराइएको छ ।

महोत्सवमय माघी

■ दाङमा **दीपक बोहरा**

माघा ना हैली सुअरिक
सिकार खाइली होना
सखि ए हो, माघा के पिइली गुरी गुरी जाँड
सखि ए हो, माघा के पिइली गुरी गुरी जाँड

माघ महिना नजिकिएसँगै माघीको पौराणिक यी गीतहरू थारू समुदायमा गुञ्जिन थालेका छन् । गाउँ-घरमा हुने हरेक कार्यक्रममा थारू पोसाकमा नाचगान हुने गर्छ भने अतिथिहरूलाई ढिक्री खुवाउन थालिएको छ । नयाँ वर्षका रूपमा मनाइने माघी पर्वलाई थारू समुदायले धुमधामका साथ मनाउने गर्छन् ।

माघी एक हप्तासम्म मनाइन्छ । 'संस्कार, संस्कृति, खानपानका हिसाबले थारू समुदाय धनी मानिन्छ', अधिवक्ता तथा थारू अगुवा रामशरण चौधरी भन्छन्, 'कपडा, खानपान, नाचगानमा केही परिवर्तन भए पनि परम्परागत रूपमा मनाउँदै आएको माघी पर्वमा खासै बदलाव आएको छैन ।'

केही-केही कुरामा भने बदलाव आएको उनको अनुभव छ । पहिले माघ १ गते बिहानै मादल बजाउँदै, गीत गाउँदै खोलामा नुहाउन जाने र घरमा आएर मान्यजनलाई ढोग गर्ने, खाना खाने र नाचगान गर्ने चलन थियो । तर, त्यो कुरालाई नयाँ पुस्ताले खासै चासो दिएको देखिँदैन । नुहाउन गएर घरमा आएपछि आफूभन्दा ठूलालाई ढोग गर्ने चलनसमेत हराउँदै जान थालेको छ ।

माघीको दोस्रो दिन ढकिया भरी चामल तथा तरकारीहरू दिने चलन थियो । तर, अहिले चामल र तरकारीको सट्टा पैसा नै दिने गरिन्छ । विगतमा आफैं मादल बजाएर नाच्ने चलन थियो । तर, अहिले 'उफर'बाट गीत बजाएर नाच्ने चलन बढ्दै गएको छ । माघी पर्वमा मुख्य परिकारका रूपमा लिइने श्याम जिरा, सेता धान, गक्या, तिल्की धान, मसुली, सिमचारो धान लोप हुँदै गएका छन् । अहिले प्रायः हाइब्रिड धान मात्र प्रयोग हुने गर्छ ।

समयअनुसार माघी पर्व मनाउने शैली फेरिँदै जान थालेको हो । विगतमा सानो गाउँको खाली स्थानमा बसेर मनाइने माघी यतिबेला महोत्सवको रूपमा परिवर्तित हुँदै आएका छन् । केही दिनअघि मात्रै थारू कल्याणकारी सभा दाङको आयोजनामा घोराहीमा माघी महोत्सव भयो । दंगीशरण गाउँपालिकाले पुस २७ र २८ मा माघी महोत्सव आयोजना गऱ्यो । विगतदेखि नै माघी महोत्सवका रूपमा परिणत हुँदै गएको थारू अगुवा जीवराज चौधरी बताउँछन् । उनी थप्छन्, 'स्थानीय तहमा जनप्रतिनिधिहरू आएपछि वडा-वडामा माघी महोत्सवहरू हुन थालेका छन् । विभिन्न संघसंस्थाले पनि महोत्सवका रूपमा मनाउने गरेका छन् ।' महोत्सवका रूपमा मनाउनाले माघीको महत्त्वलाई थप बढाउने उनको बुझाइ छ । थारू समुदायको कला, संस्कृति, रहनसहन, खानपानलाई सबैले बुझ्न महोत्सवले भूमिका खेल्ने उनको भनाइ छ । परम्परालाई कायमै राखेर भए पनि नयाँ र थप मनोरञ्जनको तरिकाबाट मनाउन कामहरू गर्नुपर्ने उनी बताउँछन् ।

नयाँ पुस्ताले हरेक कुराहरूलाई बिसँदै जाने भएकाले पनि संस्कृति जगेर्ना गर्न नयाँपनसहितको शैली आवश्यक रहेको चौधरीको जिकिर छ । तर, माघीको पहिचान भने हराउन नहुनेमा पनि उनी सतर्क छन् । विगतमा माघीको अवसरमा विभिन्न घाटमा स्नान गर्ने गरिएको भए पनि यो काम बिस्तारै हराउँदै गएको छ । घरका वृद्ध व्यक्तिहरू तीर्थस्थलमा गएर नुहाउने इच्छा व्यक्त गरे पनि आजभोलि घरमै नुहाउन थालिएको छ । यसप्रति थारू समुदायका अग्रजहरूले दुःख व्यक्त गर्न थालेको चौधरी बताउँछन् ।

माघीमा थारू समुदायमा जिमीदारको घरमा कमैया बस्ने वा नबस्ने भनेर छिनोफानो गर्ने दिनका रूपमा पहिले व्यापक थियो । कमैया प्रथाको अन्त्यपछि त्यो परम्परा हटेको छ, तर निर्मूल भएको छैन । थारू समुदायले कमैया र कम्लरी बस्ने दास व्यवस्थाको दुःखद संस्कारको लामो संघर्षपछि अन्त्य भएको छ ।

सांस्कृतिक संस्कार र पर्वका रूपमा रहेको माघीलाई थारू समुदायको मुक्ति पर्वका रूपमा लिन थालिएको थारू अगुवाको भनाइ छ ।

माघेसंक्रान्ति अर्थात् माघी पुसको अन्तिम दिनदेखि सुरु हुन्छ । थारू समुदायमा पुसको अन्तिम दिनमा गाउँभरिका मानिस मिलेर सुँगुर काट्ने चलन छ । यसलाई 'जिता मर्ना' भनिन्छ । र, त्यो दिनलाई 'जिता मर्ना दिन' भनिन्छ ।

पुस मसान्तमा विभिन्न प्रकारका परिकार (सुँगुरको मासु, ढिक्री, रोटी, माछा आदि)हरू तयार गरिन्छ । र, रातभरि नाचगानका साथ रमाइलो गर्ने प्रचलन छ । विशेषगरी यस पर्वमा छोक्रा नाच (मघौटा नाच) र धुम्रु गाउने गरिन्छ ।

माघ १ गते अर्थात् माघीको दिन बिहानै भाले बासेको पहिलो प्रहरमा सम्पूर्ण गाउँका मानिस सँगै सामूहिक रूपमा नदीमा नुहाउन जान्छन् । र, घरमा आई आ-आफ्नो दिदीबहिनीहरूलाई उपहार दिने गर्छन् जसलाई 'निस्राउ' भनिन्छ । त्यसपछि सबैजना सबैसँग गाउँभरि ढोगसलाम गर्छन्, आशीर्वाद थाप्छन् र नाचगान गर्दै रमाउँछन् । वर्षभरिका सुखदुःख का कुराहरू साटासाट गर्छन् । घरपरिवारमा भित्र पनि कामको बाँडफाँट गर्छन् । त्यसैगरी त्यही दिन गाउँका सबैजना जम्मा भएर गाउँको महटावाँ (बरघर) चुन्ने र चौकीदार चुन्ने कार्य हुन्छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार १ माघ ०८०

सबै बैंकको ब्याजदर एकल अंकमा

काठमाडौं/ निक्षेप बढ्दै जाने, तर कर्जाको माग न्यून भएपछि बैंकहरूले निक्षेपको ब्याजदर थप घटाएका छन् । बैंकहरूले माघदेखि लागू हुने गरेर निक्षेपको ब्याजदर औसतमा शून्य दशमलव ८३ प्रतिशत विन्दुले घटाएका हुन् । नेपालमा २० वाणिज्य बैंकले पुसमा व्यक्तिगत मुद्दती निक्षेपमा औसत ८.९९ प्रतिशत ब्याज दिएका थिए भने माघमा ८.१६ प्रतिशतमा झारिएको छ । यसैगरी, संस्थागत मुद्दती निक्षेपको ब्याजदर पनि ०.७६ प्रतिशत विन्दुले घटाएर ६.१२ प्रतिशतमा झारिएको छ । निक्षेपको ब्याजदर घटाएसँगै आधारदर पनि घट्ने भएपछि कर्जाको ब्याजदर पनि घट्नेछ ।

■ माघका लागि तोकिएको ब्याजदर

बैंक	निक्षेप ब्याजदर (%)	
	व्यक्तिगत	संस्थागत
एनआइसी एसिया	८.०६५	६.०६५
एनएमबि	८.६	७
नबिल	८.१	६.१
राष्ट्रिय वाणिज्य	८.०६५	६.०७
नेपाल इन्भेस्टमेन्ट मेगा	९	६.६
ग्लोबल आइएमई	८.१	६.१
हिमालयन	८.१५	६.१५
स्ट्यान्डर्ड चार्टर्ड	८.०७	५.२५
कृषि विकास बैंक	७.२६	५.७६
सानिमा	८.१५	६.१५
प्रभु	८.०६५	६.०६५
एभरेष्ट	८	६
नेपाल एसबिआई	८.२५	६.२५
नेपाल बैंक	८	६
सिटिजन्स	९.१५	६.६
कुमारी	८.११	६.११
लक्ष्मी सनराइज	८	६
सिद्धार्थ बैंक	८.१	६.१
प्राइम	८.१	६.१
माछापुच्छ्रे बैंक	८	६

तरलता अभाव भएसँगै बैंकहरूले गत आवदेखि ब्याजदर बढाउँदै लगेर दोहोरो अंकमा पुऱ्याएका थिए । तर, अहिले वाणिज्य बैंकहरूमा पाँच खर्बभन्दा बढी लगानीयोग्य पुँजी छ । तर, कर्जाको माग बढ्न नसकेपछि माघसम्म आउँदा सबै बैंकको ब्याजदर एकल अंकमा झरेको छ ।

नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले माग र आपूर्तिको सिद्धान्तअनुसार ब्याजदर घटाएको बताए । 'अहिले बैंकहरूमा निक्षेप थुप्रिएको छ । तर, कर्जाको माग छैन । त्यसैले ब्याजदर घटाउँदै गएका छौं,' उनले भने, 'ब्याजदर घट्दैमा कर्जाको माग बढ्छ भन्ने छैन ।

■ चालू आर्थिक वर्षको ६ महिना

४.९३ खर्ब राजस्व संकलन, ५.६१ खर्ब खर्च

पुसमा उठ्यो एक खर्ब ४६ अर्ब राजस्व, ६ महिनाको लक्ष्यको ७५ प्रतिशत मात्रै राजस्व संकलन

पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक कर्षको बजेट कार्यान्यवनको ६ महिना बित्दा सरकारको खर्च र राजस्व संकलन कमजोर देखिएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार यस अवधिमा लक्ष्यको ७५.६५ प्रतिशत राजस्व संकलन भएको छ । त्यस्तै, वार्षिक बजेटको ३२.०३ प्रतिशत मात्रै खर्च भएको छ ।

आर्थिक गतिविधि शिथिलतालाई नजरअन्दाज गर्दै सरकारले चालू आर्थिक वर्षको बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखको ल्याएको थियो । तर, ६ महिना बित्दा सरकारले पाँच खर्ब ६१ अर्ब मात्रै खर्च गरेको महालेखा नियन्त्रकको कार्यालय स्रोतले जानकारी दिएको छ । यद्यपि, यसमा पुँजीगत, चालू र वित्तीय व्यवस्थातर्फ भएको निकासा खुलाइएको छैन । आइतबार मध्यरातसम्म सरकारी कोषका खाता खुला राखिएको छ । त्यसैले खर्च र राजस्वको यकिन तथ्यांक भने सोमबार मात्रै सार्वजनिक हुने कार्यालयले बताएको छ ।

आइतबार साँझ आठ बजेसम्मको अपडेटअनुसार चार खर्ब ९३ अर्ब राजस्व संकलन भएको छ । जुन पहिलो ६ महिनाका लागि निर्धारित लक्ष्यभन्दा एक खर्ब ५८ अर्ब ६१ करोड ८६ लाख रुपैयाँ कम हो । पुस मसान्तसम्म आयकर र मूल्यअभिवृद्धि करको पहिलो किस्ता बुझाउने समय भएकाले यो महिनामा (खासगरी पुस मसान्ततिर) बढी राजस्व संकलन हुने गरेको छ ।

■ अन्य प्राप्ति जोड्दा पाँच खर्ब ११ अर्ब पुग्यो राजस्व

अर्थ मन्त्रालयले आइतबार साँझसम्म पाँच खर्ब ११ अर्बको राजस्व संकलन भएको जानकारी दिएको छ । बजेटको लक्ष्यमा नराखिएको अन्य प्राप्ति शीर्षकको रकमलाई समेत समेटेर अर्थ मन्त्रालयले राजस्वको तथ्यांक सार्वजनिक गर्दै आइरहेको छ । तर, अन्तर्राष्ट्रिय मुद्राकोषको मापदण्डअनुसार यसलाई राजस्वबाट अलग्गै शीर्षकमा देखाउनुपर्ने हुन्छ । गत आर्थिक वर्षको पहिलो ६ महिनामा यस्तो प्राप्तिसमेत जोडेर राजस्व संकलन चार खर्ब ८३ अर्ब पुऱ्याइएको थियो ।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

महालेखाको तथ्यांकअनुसार गत वर्ष यही अवधिमा चार खर्ब ५८ अर्ब ९८ करोड राजस्व संकलन भएको थियो । जसअनुसार गत आवको पहिलो ६ महिनाको दाँजोमा अहिले ३४ अर्ब बढी राजस्व उठेको देखिन्छ ।

■ पातलिँदै सञ्चित कोष घाटा

मासिक तथ्यांकका आधारमा हेर्दा राजस्व संकलन क्रमशः बढ्दो क्रममा देखिन्छ । मंसिरमा ८६ अर्ब ७८ करोड राजस्व उठेकोमा पुसमा एक खर्ब २९ अर्ब राजस्व संकलन भएको हो । महालेखा नियन्त्रकको कार्यालयअनुसार आइतबार एकै दिन ३४ अर्ब बढी राजस्व उठेको छ । अनुमानित हिसाबले खर्च हुन नसकेको र राजस्वसमेत बढ्दै जाँदा पुस मसान्तसम्म सञ्चित कोष घाटा घटेर ६० अर्बमा झर्ने कार्यालयका अधिकारीहरूको अनुमान छ । जुन तीन दिन पहिलेसम्म एक खर्ब ४० अर्बसम्म पुगेको थियो । सरकारी कोषबाट हुने निकासाको तुलनामा आम्दानी कमजोर भएपछि सञ्चित कोष घाटा चुलिँदै जाँदा सरकारको नियमित भुक्तानीसमेत प्रभावित बनेको थियो ।

■ लक्ष्य भेट्टाउनै सकस

सरकारले हरेक वर्ष बजेटमा निर्धारित राजस्वको लक्ष्यलाई मासिक रूपमा निर्धारण गर्दै आइरहेको छ । यो वर्ष वार्षिक बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखमध्ये १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख राजस्वबाट व्यहोर्ने महत्त्वाकांक्षी लक्ष्य सरकारले राखेको छ । तर, पछिल्लो समय कमजोर मागका कारण बजार चलायमान बन्न नसकेर उद्योगधन्दा प्रभावित भइरहेको अवस्थामा सरकारको राजस्व संकलनमा असर परेको छ । जसअनुसार राजस्व संकलन लक्ष्यको तुलनामा ज्यादै कमजोर देखिन्छ ।

आर्थिक वर्षको सुरुवाती महिना साउनमा लक्ष्यको तुलनामा १४ अर्ब ६२ करोड ९२ लाख कम राजस्व उठेको थियो । भदौमा यो अन्तर २४ अर्ब ६९ करोड ३९ लाख थियो भने असोजमा चाडबाडकेन्द्रित मागले आयात बढेपछि राजस्व संकलन र लक्ष्यको अन्तर घटेर १७ अर्ब २७ करोड ५७ लाख पुगेको थियो । तर, कात्तिकमा एकाएक लक्ष्य र संकलनको अन्तर बढेर ३८ अर्ब १२ करोड पाँच लाख पुग्यो । त्यसपछि मंसिरमा यो अन्तर घटेर पाँच अर्ब ९८ करोड पुगेको थियो । तर, वर्षकै अधिक राजस्व संकलन हुने महिना पुसमा आइपुग्दा पनि राजस्व संकलन र लक्ष्यबीचको अन्तर ५७ अर्ब ९१ करोड ८५ लाख पुगेको छ । समग्र ६ महिनामा यो अन्तर एक खर्ब ५८ अर्ब ६१ करोड ८६ लाख पुगेको छ ।

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कैलाली, सुदूरपश्चिम प्रदेश

हार्दिक अनुरोध

- यातायात तथा आवागमनमा अवरोध हुने गरी सडक तथा सडकपेटीमा निर्माण सामग्री नराखौं ।
- आफ्नो घर तथा पसलबाट निस्केको फोहोर नगरपालिकाले तोकेको स्थान र समयमा राख्ने गरौं ।
- नगरवासीले तिरेको करबाट नगरको विकास निर्माण कार्य हुने भएको हुँदा आफूले तिनुपर्ने कर समयमा नै बुझाऔं ।
- नगरपालिकामा दर्ता नभएको व्यापार, व्यवसाय, उद्योग तथा फर्महरू तुरुन्त दर्ता गरौं ।
- खुला स्थानमा दिसापिसाब नगरौं । चर्पीमा मात्र दिसापिसाब गरौं ।

प्रमुख **केवल चौधरी** उपप्रमुख **राजु तिरुवा**
तथा
सम्पूर्ण नगरपालिका परिवार

विदेशी वायुसेवाले खोस्दै नेवानिको व्यापार

२५% पुगेको नेवानिको बजार हिस्सा १४% मा खुम्चियो, राष्ट्रिय ध्वजावाहक कमजोर बन्दा विदेशी वायुसेवाले उठाउँदै लाभ

नवीन अर्याल/नयाँ पत्रिका

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि) कमजोर बन्दा विदेशी वायुसेवा कम्पनीहरूले लाभ उठाउन थालेका छन् । निगमका जहाजहरू उड्नेभन्दा धेरै ग्राउन्डेड भइदिँदा २५ प्रतिशतसम्म पुगेको अन्तर्राष्ट्रिय बजार हिस्सा सन् २०२३ मा १४.२ प्रतिशतमा खुम्चिएको छ ।

गत वर्ष त्रिभुवन विमानस्थलबाट हालसम्मकै धेरै ४५ लाख ४१ हजार हवाई यात्रुले अन्तर्राष्ट्रिय यात्रा (आवतजावत) गरेका छन् । जसमध्ये ६ लाख ४५ हजार एक सय ६६ यात्रुलाई निगमले सेवा दिएको छ । यो संख्या कुल यात्रुको १४.२ प्रतिशत मात्र हुन आउँछ । बाँकी यात्रुलाई स्वदेशी लगानीकै हिमालय र बुद्ध एयरसहित विदेशी वायुसेवा कम्पनीले सेवा दिएका हुन् । गत वर्ष तीनवटा स्वदेशीसहित ३५ भन्दा धेरै वायुसेवा कम्पनीले त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सेवा दिएका थिए ।

सन् २०१९ मा निगमले कुल अन्तर्राष्ट्रिय यात्रुमध्ये १८ प्रतिशतलाई सेवा दिएको थियो भने सन् २०२० मा २५ प्रतिशत, सन् २०२१ मा २० प्रतिशत र सन् २०२२ मा २०.५६ प्रतिशत यात्रुलाई सेवा दिएको देखिन्छ ।

निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुईवटा वाइडबडी एयरबस-३३० र दुईवटा न्यारोबडी एयरबस-३२० जहाज छन् । न्यारोबडी जहाजहरू उडानभन्दा बढी ग्राउन्डेड हुँदै आइरहेका छन् । अहिले पनि निगमको न्यारोबडी ९एन-एकेएक्स कलसाइनको जहाज ग्राउन्डेड अवस्थामै छ । यो जहाज पछिल्लो ६ महिनामा चार महिनाभन्दा बढी ग्राउन्डेड भइसकेको छ । इन्जिनमा समस्या आएर ग्रान्उडेड गरिएको जहाज कहिलेदेखि उड्छ, निगमलाई नै पत्तो छैन ।

२८ डिसेम्बर २०२१ मा बायाँ इन्जिनमा समस्या आएर न्यारोबडी ९एन-एकेडब्लू कतारको दोहामा ग्राउन्डेड भएको थियो । त्यसयता दुईवटा न्यारोबडी जहाज पटक-पटक महिनौं ग्राउन्डेड भइरहेका छन् । यसरी जहाज ग्राउन्डेड भइरहँदा निगमको अन्तर्राष्ट्रिय उडान अस्तव्यस्त भएको छ । साथै, व्यस्त सिजनमा जहाज अभावले उडान कटौती

■ नेवानिको अन्तर्राष्ट्रिय बजार हिस्सा

वर्ष	बजार हिस्सा (%)
२०१२	७
२०१३	७
२०१४	६
२०१५	८
२०१६	११
२०१७	१०
२०१८	११
२०१९	१८
२०२०	२५
२०२१	२०
२०२२	२०.५६
२०२३	१४.२



गर्नुपर्दा निगमको बजार हिस्सा विदेशी कम्पनीले लिन थालेका छन् ।

निगमले भारतको नयाँदिल्ली, मुम्बई, बैंग्लोर, बैंकक, क्वालालम्पुर, हङकङ, दोहा, जापान, दुबई, दम्मामलगायतका गन्तव्यमा उडान गर्दै आएको छ । निगमले वाइडबडी जहाजबाट कोरिया, अस्ट्रेलिया, युरोप हुँदै अमेरिकासम्म उडान गर्ने लक्ष्य लिएको थियो । तर, अहिलेसम्म जापानबाहेक अरू लामो दूरीका गन्तव्यमा उडान गर्न सकेको छैन । लामो दूरीमा उडान गर्ने जहाजलाई छोटो दूरीमा प्रयोग गर्दा निगमले वाइडबडीमा ठूलो घाटा व्यहोर्दै आएको छ ।

निगम नेतृत्व जहाजहरू उडाएर आम्दानी गर्नेभन्दा पनि ग्राउन्ड ह्यान्डलिङ सेवामा सन्तुष्ट भएर बसेका छन् । ग्राउन्ड ह्यान्डलिङ सेवामा केन्द्रित हुँदा भएका जहाजहरू पूर्ण क्षमतामा सञ्चालन गर्न निगम व्यवस्थापन अक्षम साबित हुँदै आएको छ । निगमको ग्राउन्ड ह्यान्डलिङ सेवा खोसिएमा कर्मचारीलाई तलब खुवाउनसमेत सकस हुन्छ । निगमले काठमाडौं, भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई ग्राउन्ड ह्यान्डलिङ सेवा दिँदै आएको छ ।

■ धेरै यात्रु बोक्ने वायुसेवा

सन् २०२३ मा ३१ हजार चार सय ६० अन्तर्राष्ट्रिय उडान-अवतरणमार्फत ४५ लाख ४१ हजारभन्दा बढी यात्रुले आवागमन गरेका छन् । सबैभन्दा धेरै निगमले ६ लाख ४५ हजार एक सय ६६ यात्रुलाई सेवा दिएको छ । एक वर्षमा ६ लाख २७ हजार ८१ यात्रुलाई सेवा दिएर कतार एयरवेज दोस्रो बनेको छ ।

यस्तै, हिमालय एयरलाइन्सले चार लाख ६२ हजार सात सय ६४, इन्डिगो एयरले चार लाख ५० हजार, एयर इन्डियाले तीन लाख ५६ हजार ६ सय ९४, फ्लाई दुबईले तीन लाख ६८ हजार सात सय ३९ यात्रुलाई सेवा दिएको छ ।

एक वर्षमा टाटा भिस्टाराले एक लाख ५५ हजार चार सय ३९, सिंगापुर एयरलाइन्सले एक लाख १४ हजार पाँच सय ४३, मालिन्दो एयरले एक लाख पाँच हजार, मलेसिया एयरलाइन्सले एक लाख २० हजार, जजिरा एयरवेजले एक लाख १९ हजार ६ सय ९५, एयर अरेबियाले एक लाख ६७ हजार चार सय २७ यात्रुलाई सेवा दिएको त्रिभुवन विमानस्थल कार्यालयले जनाएको छ । स्वदेशी वायुसेवा कम्पनी बुद्ध एयरले एक वर्षमा नौ हजार आठ सय ९९ यात्रुलाई सेवा दिएको छ । बुद्धले भारतको बनारस र कोलकाता उडान गर्दै आएको छ ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश

महानगरवासीमा अनुरोध

- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबाल्नौं । बाल्नुपरे पनि काम सकिनासाथ तुरुन्त निभाउने गरौं । सलाई, लाइटरजस्ता वस्तु बच्चाको पहुँचबाट टाढा राखौं ।
- व्यक्तिगत घटना दर्ता (विवाह दर्ता, बसाइँसराइ, जन्मदर्ता) समयमै गरौं ।
- बालबालिकालाई विद्यालय पठाऔं, काममा नलगाऔं ।
- आफ्नो घर-आँगन सफा राखौं ।
- विकास निर्माणको काममा जनसहभागिता जुटाऔं ।
- आफ्नो पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- आफ्नो पालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार, व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- भुक्तानी गनुपर्ने सबै प्रकारका कर समयमै भुक्तान गरी जरिवानाबाट बचौं ।
- छाडा चौपायालाई नियन्त्रण गरौं । सडकमा नछाडौं ।

प्रमुख **रेनु दाहाल** उपप्रमुख **चित्रसेन अधिकारी**
तथा
सम्पूर्ण महानगरपालिका परिवार

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर, सुदूरपश्चिम प्रदेश

नगरवासीमा अनुरोध

१. नगरवासीले समयमा नै एकीकृत सम्पत्ति कर, मालपोत कर, व्यवसाय कर, घर बहाल करलगायतका करहरू समयमा नै तिरी नगर विकासमा सहभागी बनौं ।
२. नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गरेर बसेका व्यवसायीले समयमा नै व्यवसाय सूचीकृत गरी वडा कार्यालयबाट व्यवसाय कर दर्ता प्रमाणपत्र लिएर मात्र व्यवसाय सञ्चालन गरौं ।
३. नेपाल सरकारले जारी गरेको भवन निर्माण आचारसंहिता पूर्ण रूपमा पालना गरौं, नक्सा पास गरेर मात्र घरटहरा निर्माण गरौं ।
४. सडकका क्षेत्रभित्र निर्माण भएका अव्यवस्थित टहरा र पाली हटाऔं, सडकमा बिग्रिएर रहेका सवारीसाधन, निर्माण सामग्रीलगायत समान हटाएर नगरको सौन्दर्य बढाउन सहभागी बनौं ।
५. नगर क्षेत्रभित्र अखाद्य वस्तु बिक्री-वितरणमा पूर्ण रूपमा रोक लगाइएको छ, यसतर्फ नगरवासी सचेत रहौं ।
६. अव्यवस्थित पार्किङ तथा ठेला व्यापारलाई व्यवस्थित गरौं ।
७. फोहोर व्यवस्थापनका लागि सचेत बनौं, आफ्नो गाउँटोल सफा राखौं, सचेत र जिम्मेवार नागरिक बनौं ।
८. व्यक्तिगत घटना जन्म, विवाह, बसाइँसराइ सम्बन्धविच्छेद तथा मृत्यु आ-आफ्नो वडा कार्यालयमा गई ३५ दिनभित्र दर्ता गरी जरिवानाबाट बचौं ।
९. बालविवाह, बहुविवाह गर्नु भनेको कानुनको उल्लंघन गर्नु हो, तसर्थ यस्तो गतिविधि नियन्त्रणमा सहभागी बनी सामाजिक उत्तरदायित्व निर्वाह गरौं ।
१०. प्राकृतिक स्रोत र साधन (ढुंगा, बालुवा गिट्टी, ग्राबेल माटो) नागरिकको साझा सम्पत्ति हो, चोरी-निकासी नियन्त्रण तथा संरक्षणमा जुटौं ।

प्रमुख **पोतीलाल चौधरी** उपप्रमुख **जोगराम चौधरी**
तथा
सम्पूर्ण नगरपालिका परिवार

फुकोट कर्णाली जलविद्युत्ले स्थानीयलाई मुआब्जा दिँदै

मुआब्जाका लागि १३ करोड ६३ लाख खर्च गरिँदै

सुर्खेत/ कालिकोटमा निर्माण हुने फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाले स्थानीयका घर-टहरा तथा गोठको क्षतिपूर्ति दिने भएको छ । जिल्ला प्रशासन कार्यालय कालिकोटले घर-टहरा तथा गोठको क्षतिपूर्तिका लागि १५ दिनभित्र सम्पर्क गर्ने सार्वजनिक सूचना प्रकाशित गरेको छ ।

आयोजनाबाट प्रभावित हुने कालिकोटका रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका र पचाल झरना गाउँपालिकाका स्थानीयलाई घर-टहरा, गोठ तथा अन्य क्षतिपूर्तिबापत मुआब्जा दिने तयारी भएको कालिकोटका प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले बताए ।

'अहिले प्रभावित क्षेत्रका चार सय ८० जनाका घर-टहरा, गोठलगायतका भौतिक संरचनाको मुआब्जाका लागि सूचना निकालेका छौं,' उनले भने, '१५ दिनभित्र आफूले भोगचलन गरेको संरचनाको जग्गाधनी तथा घरधनी नागरिकता र जग्गापुर्जाको प्रतिलिपिसहित निवेदन दिन आह्वान गरेका छौं ।'

तत्काल सान्नी त्रिवेणी गाउँपालिका वडा नं १, २, ३ र ४, रास्कोट नगरपालिका वडा नं ६, ७, ८ र ९ र पचाल झरना गाउँपालिका वडा नं १, २, ८ र ९ मा रहेका संरचनाको मुआब्जा दिइने प्रमुख जिल्ला अधिकारी नेपालीले बताए ।

'छुटपुट र त्रुटि भएमा आयोजना फिल्ड कार्यालय मान्म र रकुमा निवेदन दिने व्यवस्था गरेका छौं,' उनले भने, 'हामीले सरकारी मूल्यांकनअनुसार मुआब्जा दिने निर्णय गरेका छौं ।'

सघन सहरी भवन डिभिजन कार्यालय जुम्लाले गरेको मूल्यांकनअनुसार नै घर-टहरा, गोठ तथा अन्य क्षतिपूर्तिबापत मुआब्जा दिन लागिएको आयोजनाका प्रमुख ई. डम्बर उप्रेतीले बताए । 'अहिले १३ करोड ६३ लाख रुपैयाँ मुआब्जामा जान्छ,' उनले भने, 'छुटपुट भएमा त्यसको लागत पनि बढ्न सक्छ ।'

आयोजनाका लागि जम्मा ६ सय ४६ मिटर लामो परीक्षण सुरुङ खन्ने काम सकिएको आयोजनाका प्रमुख उप्रेतीले बताए ।

सरकारले चार सय ८० मेगावाटको फुकोट कर्णाली जलाशययुक्त जलविद्युत् आयोजनाको ५१ प्रतिशत सेयर भारतीय कम्पनी एनएचपिसी लिमिटेडलाई दिने र ४९ प्रतिशत सेयर नेपालको रहने निर्णय गरिसकेको छ ।

टिआरसीमा अझै कति दिन झुटो बोल्नु ?

संक्रमणकालीन न्यायका विषयमा सबैतिरबाट दबाब आइरहेको हुनाले अब विधेयक रोक्नुहुन्न, प्रक्रियामै गएर भए पनि टुंग्याउनुपर्छ



● रमेश लेखक

अग्रलेख

विस्तृत शान्तिसम्झौता भएको १७ वर्ष पूरा भएको छ। ०६३ मंसिरमा सम्पन्न विस्तृत शान्तिसम्झौताको महत्त्वपूर्ण पक्ष हो, संक्रमणकालीन न्याय। हामी सबै १७ वर्षदेखि संक्रमणकालीन न्याय टुंग्याउन निरन्तर प्रयत्न गरिरहेका छौं। तर, त्यसलाई परिणाममुखी निष्कर्षमा पुऱ्याउन सकेका छैनौं। ०६३ देखि अहिलेसम्म म स्वयं यसको साक्षी पनि छु। शान्ति प्रक्रिया, अन्तरिम संविधान र वर्तमान संविधान निर्माण तथा संक्रमणकालीन न्यायसम्बन्धी कानुनलाई निष्कर्षमा पुऱ्याउने सवालमा म कुनै न कुनै रूपमा संलग्न रहें। कहिलेकाहीं लाग्छ, यो प्रक्रियामा संलग्न साथीहरूमध्ये संसद्मा म एक्लो भएको छु। कमरेड सुवास नेम्वाङ हुनुहुन्थ्यो। उहाँ बित्नुभएपछि संक्रमणकालीन न्यायसम्बन्धी विधेयकको प्रक्रिया पूरा गर्ने कानुन समितिमा पनि म एक्लो भएको छु। ०६३ सालदेखि अहिलेसम्म आउँदा अब टुंग्याइन्छ, निष्कर्षमा पुऱ्याइन्छ भन्दै पटक-पटक झुटो पनि बोल्नुपरेको छ। कहिलेकाहीं नेताहरूसँग मैले ठट्टा गरेर के भन्छु भने, तपाईंहरू मन्त्री एक, दुई वा तीन वर्षमा फेर्नुहुन्छ, यो झुटो बोल्ने कुरामा १७ वर्षसम्म मान्छे फेर्नुहुन, के हो ? अब गरिहाल्छौं, दुई सातामा गर्छौं, एक सातामा गर्छौं, १५ दिनमा गर्छौं, दुई महिनामा गर्छौं, एक वर्षमा गर्छौं भन्दाभन्दै १७ वर्ष त बितिसक्यो। अनि झुटो पनि एक्लै बोल्नुपरेको जस्तो भइरहेको छ। त्यसैले, अझै कति झुटो बोल्नु ? अब यसलाई निष्कर्षमा पुऱ्याउनैपर्छ, यसको विकल्प छैन।

यस विषयमा हामी एक्लै छैनौं। पीडित, अन्तर्राष्ट्रिय समुदाय, सञ्चारजगत्, नागरिक समाज, अदालत, पार्टी, सेना, सुरक्षा निकायलगायत सबै पक्ष छन्। धेरै कुराका बीचमा यसलाई निष्कर्षमा पुऱ्याउनुपर्नेछ। हामी मात्रै छौं र हामीले मात्रै गरेको छलफल भन्ने होइन, यतिका सबै भएको हुनाले सबैले सबै कुरा बुझ्न थालेका छन्। स्थिति के हो, कहाँनेर रोकियो, किन रोकियो भन्ने सबैले बुझेका छन्। त्यसैले, यसलाई पनि हामीले ध्यान दिन जरुरी छ।

अब मूल विषय बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा हामीबीच चारवटा विषय मिल्न बाँकी छन्। जसमा मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने, मानव अधिकार उल्लंघनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने, द्वन्द्वमा संलग्न बाल सेनालाई परिपूरण (राहत र सहयोग) मा समेट्दा कसरी र कुन शब्द प्रयोग गर्ने, घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने छ। अबका दिनमा यी चार विषयमा सहमति गरेर जानुको विकल्प छैन। यी चारबाहेक अन्य विषय पनि देखिएका छन् भने तिनमा पनि छलफल गरेर मिलाउनुपर्छ।

हामी नयाँ कानुन बनाउँदै छैनौं भन्ने तथ्यलाई ध्यानमा राखियो भने सहजता होला। किनभने हामीले यो कानुन पहिलोपटक ०७१ मै बनाएका हौं। ऐन लागू भएको १० वर्ष पुग लागिसक्यो। यो ऐन कार्यान्वयनमा आउनेबित्तिकै सर्वोच्चमा मुद्दा पऱ्यो, झन्डै १० महिना छलफल चल्यो। त्यसपछि फैसला आयो। फैसला आएकै नौ वर्ष पुग लाग्यो। फैसलामा केही विषयलाई प्रारम्भदेखि नै शून्य घोषणा गरियो। सर्वोच्चले ऐनका केही कुरा मिलेन भनेकाले तिनलाई संशोधन गर्ने उद्देश्यसहित विधेयक आएको हो। सर्वोच्चले गम्भीर मानव अधिकार उल्लंघनका घटनालाई परिभाषित गर भनेको थियो। साथै, यी घटनामा मेलमिलाप हुन सक्दैन भनेको थियो। तेस्रो सामान्य मानव अधिकार उल्लंघनको घटनामा पनि पीडितको स्वतन्त्र सहमतिविना मेलमिलाप हुँदैन भनेको थियो। यसलाई 'रेगुलर कोर्ट अफ ल'बाटै हेर भनेको थियो। यी विषयलाई सम्बोधन गर्ने गरी विधेयक आएको छ। गम्भीर मानव अधिकार उल्लंघन, पीडितको स्वतन्त्र सहमति, रेगुलर कोर्ट अफ जस्टिसबाट निराकरण गर्ने कुरालाई सम्बोधन गरेर आएको हुनाले यसलाई नयाँ विधेयक र कानुनका रूपमा हामीले हेर्ऱ्यौं भने फेरि अलमलमा पर्छौं।

अब चारवटा विवादलाई कसरी टुंग्याउने भन्ने हेर्रौं। एउटा त स्वेच्छाचारी हत्या अथवा दोहोरो भिडन्तबाहेकको हत्या के राख्ने भन्नेमा विवाद छ। स्वेच्छाचारी अर्थात् आर्बिटरी किलिङ अन्तर्राष्ट्रिय रूपमै मान्यताप्राप्त शब्द हो। यो संसारमा जहाँसुकै प्रयोग हुन्छ, धेरै 'क्वालिफाई' राखिराख्नुपर्दैन। अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएको शब्द हो। यसकारण 'स्वेच्छाचारी हत्या' भन्दा पुग्छ।



अर्को प्रश्न, पीडितको स्वतन्त्र सहमति नभए के गर्ने भन्ने आयो। त्यो राख्नैपर्दैन। किनकि, पीडितको स्वतन्त्र सहमति भएन भने मेलमिलाप हुँदैन। कानुनले कुनै कुरा भनेको छ भने त्यो भएन भने हुँदैन। यसरी बुझ्दा हुन्छ। भोलि यसमा अन्यथा व्याख्या भयो भने यसलाई व्याख्या गर्ने र टेक गर्ने ठाउँ त छँदै छ। हामीले सामान्य हिसाबमा यसरी बुझ्नुपर्छ।

अर्को द्वन्द्वका सबै पीडितलाई कसरी समेट्ने भन्ने प्रश्न छ। खास गरेर बाल सैन्यको कुरा उठेको छ। हाम्रो समझदारी 'बालसेना' शब्द प्रयोग नगर्रौं भन्नेमा छ। तर, द्वन्द्वका पीडितलाई सम्बोधन गर्रौं भन्ने छ। कुन शब्दमा सम्बोधन गर्ने भन्ने प्रस्ताव गर्रौं, सम्बोधन गर्रौं। यसमा कुनै आपत्ति छैन। सजाय कम गर्ने विषयमा घटी सजाय अन्तर्राष्ट्रिय अभ्यास नै हो। कतिपय देशमा त सजाय नै नगर्ने प्रचलन छ। कोम्बियाले राजनीतिक अपराध भनेर सजाय नै नगर्ने व्यवस्था गरेको छ। रेगुलर क्रिमिनल जस्टिस सिस्टमलाई हामीले संक्रमणकालीन न्यायका रूपमा हेर्नुहुँदैन। 'रेगुलर क्रिमिनल जस्टिस सिस्टम'को 'जुरिसप्रुडेन्स' छुट्टै हो भने संक्रमणकालीन न्यायको 'जुरिसप्रुडेन्स' बेग्लै हो। यसलाई मिसमास गरियो भने कठिनाइ हुन्छ। किनभने, दुवैको विधिशास्त्र बेग्लै हो। रेगुलर क्रिमिनल जस्टिस विधिलाई 'ट्रान्जिस्नल जस्टिस'को विधिशास्त्रले खारेज गर्छ। घटि सजाय संक्रमणकालीन न्यायप्रणालीको विधिशास्त्रको पक्ष भइसक्यो। सजाय घटाएर जानुपर्छ भन्नेमा संसारभर आमसहमति छ। किनभने पहिलो त यसको विधि सत्य अन्वेषण गर्ने हो। भएको के हो, जान्नका लागि केही सुविधा दिऊँ, ता कि उसले साँचो बोलोस् भन्ने हो। दोस्रो न्याय हो, अभियोजन हो। गम्भीर प्रकृतिको अपराध गरेको छ भने सजाय गर भन्छ यसले। तेस्रो परिपूरण हो। चौथो भनेको द्वन्द्वको पुनरावृत्ति नहुने ग्यारेन्टी गर्ने भन्ने नै हो। त्यसपछि मात्र संस्थागत सुधारका कुरा होलान्।

> संक्रमणकालीन न्यायसम्बन्धी कानुनलाई निष्कर्षमा पुऱ्याउने सवालमा अब गरिहाल्छौं भन्दाभन्दै १७ वर्ष बितिसक्यो। अझै कति झुटो बोल्नु ? अब यसलाई निष्कर्षमा पुऱ्याउनैपर्छ, यसको विकल्प छैन।

घटि सजायमा एउटा त कारण दिएर न्यायाधीशलाई नै छान्न दिऊँ भनेर जान सकिन्छ। यो अवस्था कति घटाउन दिने भन्ने प्रचलन ज्यादा भएकाले कारण खोलेर जाँदा बिग्रिँदैन। होइन, कारणले मात्र पुगेन, प्रतिशत पनि तोकौं भन्दा कति तोक्ने हो ? यो यो कारणका आधारमा यो प्रतिशतभन्दा कम नहुने गरी भन्ने हो कि वा योभन्दा बढी नबढ्ने गरी भन्ने हो ? यस विकल्पमा जान सकिन्छ, यसमा धेरै बहस गरिरहनु आवश्यक छैन। यो यो कारण, यो यो आधारमा अदालतले सजाय घटि गर्न सक्नेछ, सजाय घटि गर्दा १० प्रतिशतभन्दा बढी गर्न पाइनेछैन भन्ने हो कि २० प्रतिशतभन्दा कम गरिनेछैन भन्ने हो, राख्न सकिन्छ। तर, अब यसलाई टुंग्याएरै जानुपर्छ। १७ वर्षसम्म यसलाई सहमतिमै टुंग्याऊँ, प्रक्रियामा जानुहुन्न, अल्पमत, बहुमत गर्नुहुन्न, सहमतिमा लानुपर्छ भन्ने एउटा पात्र म पनि हुँ। तर, अब म पनि कुन ठाउँमा पुगिरहेको छु भने हामी उत्तम प्रयत्न गरौं, यसलाई सहमतिमा टुंग्याउन। तर, अन्त्यसम्म सहमति भनेर नबसौं, आउने अधिवेशनको पहिलो दिनमै यो विधेयक समिति सभापतिले प्रतिवेदनसाथ सदनमा प्रस्तुत गर्नुपर्छ।

पीडितले पनि अब हामी संयमित हुन सक्दैनौं, धैर्य राख्न सक्दैनौं, अब तपाईंहरूले यसलाई पास गर्नुस्, ज्यादा शब्दमा खेलेर राजनीति गर्नुभयो भने ठीक हुँदैन, अब हामी आन्दोलन गर्छौं भनिरहनुभएको छ। अन्तर्राष्ट्रिय समुदायको कुरा गर्दा भेट भयो कि संक्रमणकालीन न्याय कहिले टुंग्याउने हो भन्ने प्रश्न सुन्नुपर्छ ? अब झुटा कुरा गरेर हुँदैन। मिडिया, नागरिक समाजलगायत सबैतिरबाट प्रश्नैप्रश्न उठिरहेका छन्। त्यसैले, अबको कति दिन, हप्ता दिन, १० दिन, १५ दिन, हाउस चल्नुभन्दा पहिला कति दिन हामी आपसमा औपचारिक, अनौपचारिक रूपले यो समितिको बैठक गरेर, पाँचजना छुट्टै बसेर, अनौपचारिक रूपमा थोरै नेतासँग कुरा गरेर वा यसमा सहभागी अन्य साथीसँग छलफल गरेर, जसरी हुन्छ हप्ता १० दिनमा सहमतिमा टुंग्याऔं। यदि यो सहमतिमा टुंगिँदैन भने अब 'एग्री टु डिसएग्री' भएर विधिवत् प्रक्रियामा लिएर जाऔं। प्रमुख प्रतिपक्षी एमालेसहित अन्य दलका साथीले पनि अब प्रक्रियामा जानुपर्छ भनिसक्नुभएको छ। उहाँहरूको मतसँग सहमत हुँदै प्रक्रियामा जानुपर्छ भन्ने मेरो निष्कर्ष हो। कुरा नमिलेको चारवटा विषयमा प्रश्न बनाएर प्रक्रियामा जान सकिन्छ। साथै, नमिलेका अन्य विषय पनि छन् भने तिनलाई पनि प्रक्रियामा लगेर टुंग्याउन सकिन्छ। अब यसलाई रोक्नुचाहिँ हुँदैहुन्न।

प्रक्रियामा जाँदा धेरै डर मान्नुपर्ने अवस्था छैन। किनभने बजेटमै मतविभाजन गरिसकेका छौं। अहिलेसम्म बजेटमा मतविभाजन हुने प्रचलन थिएन। भए पनि ध्वनि मतले हुन्थ्यो। विधिवत् रूपले सदनमा मतविभाजनको अभ्यास अवलम्बन गरिसकेपछि कुनै पनि विधेयकलाई हामीले अनावश्यक रोकिराख्ने कुराले अब राम्रो हुँदैन। त्यसैले, अब यसलाई प्रक्रियामा गएर भए पनि टुंग्याउनुपर्छ भन्ने मेरो मान्यता छ। केही दिनसम्म अझै प्रयास गरौं। मन्त्री र कानुन समितिका सभापतिबाट पहल पनि भइरहेको छ। यति गर्दा पनि सहमति हुँदैन भने विधिवत् प्रक्रियामा लिएर जानुको विकल्प छैन। नमिलेका विषयलाई प्रक्रियाबाटै टुंग्याएर पीडितलाई न्याय दिने दिशातिर जानुपर्छ। सबैतिरबाट अब धेरै भयो है, कानुन बनाउनुस्, अगाडि बढ्नुस्, भन्ने दबाब छ। सबै कुरामा पूर्ण भन्ने त कमै हुन्छ। केही कमीकमजोरी रह्यो भने फेरि संशोधनको बाटो छँदै छ। तर, अब यो विधेयकलाई रोक्नुहुन्न, प्रक्रियामै गएर भए पनि टुंग्याउनुपर्छ।

(काग्रेस नेता लेखक संघीय संसद्को कानुन समितिका सदस्य हुन्)

---

३ प्रश्न

यातायातविज्ञ **आशिष गजुरेल**लाई



हामीकहाँ सडक दुर्घटना किन बढिरहेको छ ?

मुख्यतः हाम्रा सडक पूर्वाधार असुरक्षित छन्। दुर्घटनाको मुख्य कारण सडक पूर्वाधार नै हो। अर्को कारण गुड्नलायक नभएका सवारीसाधन पनि गुडिरहेका छन्। यातायातसम्बन्धी ऐन कानुनको कार्यान्वयन पनि फितलो छ। अझ ट्रायल नै नदिई सवारीचालक अनुमतिपत्र दिइएको समाचार आइरहेको छ। यो निकै गम्भीर लापरबाही हो। यसबाहेक दुर्घटनापछि तत्काल उद्धार गर्न नसक्दा पनि मृत्यु हुनेको संख्या बढिरहेको छ।

यति धेरै सडक दुर्घटना र यात्रुहरूको मृत्यु हुनुमा दोष कसको हो ?

यसको जिम्मेवारी राज्यले नै लिनुपर्छ। सडक सुरक्षा निजी क्षेत्रले हेर्दैन। यसको सम्पूर्ण जिम्मेवारी राज्यकै हो। राज्यले जनतालाई हरेक हिसाबमा सुरक्षा प्रदान गर्नुपर्छ। तर, दिनहुँ सडक दुर्घटनाबाट यात्रुको ज्यान गइरहँदा पनि राज्यले त्यसलाई गम्भीर रूपमा लिएको देखिँदैन। दुर्घटनापछि उच्च तहबाट विज्ञप्ति आउँछ, तर समाधानका लागि ठोस निर्णय वा काम हुँदैन। मौनधारण, मृतकलाई सहिद घोषणा र क्षतिपूर्ति दिएर सडक दुर्घटना न्यूनीकरण वा समाधान हुँदैन। यति गम्भीर र जटिल विषयमा कर्मकाण्डी किसिमको भूमिका राज्यले निभाउनु हुँदैन।

सडक सुरक्षा मजबुत गर्न वा दुर्घटना न्यूनीकरण गर्न के गर्नुपर्ला ?

सर्वप्रथमतः यातायात र सडक पूर्वाधारसम्बन्धी नीति राम्रो हुनुपर्छ। त्यसको कार्यान्वयन पनि सही ढंगले गर्नुपर्छ। त्यस्तो किसिमको तदारुकता राज्यसँगै हुनुपर्छ। यदी दुर्घटना कम गर्ने हो भने सडक सुरक्षा परिषद् गठन गर्नुपर्छ। परिषद्मार्फत सडक पूर्वाधार, सवारीसाधनको अवस्था, नियम-कानुनको पालना, उद्धार, सडक प्रयोगकर्ताको अनुशासनलगायत विषयलाई वैज्ञानिक ढंगले अध्ययन गरी कार्यान्वयन गराउन सकिन्छ।

प्रेरक प्रसंग

कस्तो हुनुपर्छ सन्त ?

स्वामी विवेकानन्द सिकागो धर्म सम्मेलनमा वक्ताका रूपमा सहभागी हुन जाने निश्चित भएपछि उनी यात्राको तयारीमा जुटे। यात्रामा जाने दिन नजिकिँदै गर्दा एक दिन उनी आफ्ना गुरु स्वामी रामकृष्ण परमहंसकी धर्मपत्नी माता शारदाबाट आशीर्वाद लिन गए। चरण स्पर्शपछि उनले करबद्ध हुँदै गुरुआमासित भने- माता, मलाई अमेरिकाको सिकागो सहरमा आयोजना हुने धर्म सम्मेलनमा भारतीय संस्कृतिमाथि बोल्न निम्तो आएको छ। मलाई हजुरको आशीर्वाद चाहियो।



विवेकानन्दको अनुरोध सुनेपछि माता शारदाले भनिन्- आशीर्वादका लागि भोलि आउनू। म सबैभन्दा पहिले तिमी आशीर्वादका लागि योग्य छौ या छैनौ, त्यो हेर्छु। माताका आदेशपछि विवेकानन्द आफ्नो कुटितिर लागे। भोलिपल्ट उनी पुनः आशीर्वादका लागि माता शारदाकहाँ पुगे। उनी त्यतिखेर भान्छामा व्यस्त थिइन्। उनले विवेकानन्दलाई देखेपछि नजिकै एउटा कुनामा रहेको चक्कु देखाउँदै भनिन्- विवेक, तिमी मलाई सबैभन्दा पहिले उः त्यो चक्कु देऊ त ! विवेकानन्दले चक्कु उठाएर उनलाई दिए। चक्कु लिएपछि उनले धेरै ज्ञानगुनका कुरा सुनाउँदै विवेकानन्दलाई भनिन्- तिमीलाई मेरो आशीर्वाद छ, तिमी आफ्नो लक्ष्यमा सफल हुनेछौ।

विवेकानन्दले माताको आशीर्वादको खास अर्थ बुझ्न सकेनन्। उनले प्रश्न गरे- माता, हजुरले मलाई आशीर्वाद दिनुअघि चक्कु किन माग्नुभएको थियो ? माता शारदाले भनिन्- म तिम्रो मन देख्न चाहन्थें। जब तिमीले चक्कु मेरातर्फ बढायौ, त्यतिखेर तिमीले चक्कुको धारवाला भाग आफूतिर राखेर बिँडतिरको सुरक्षित भागचाहिँ मलाई दियौ। यथार्थमा सन्त त्यही हो, जो स्वयं आपतमा परे पनि संसारको कल्याणमा जुटिरहन्छ। त्यसैले, तिमी अवश्यै सफल हुन्छौ। जाऊ लक्ष्य पूरा गरेर फर्क।

टिप्पणी nayapatrikaofficial @naya_patrika

चालक बढी सचेत बनौं

नेपालमा दिनदिनैजसो कुनै न कुनै स्थानमा कुनै न कुनै स्तरको दुर्घटना भएका समाचार आइनैरहेका हुन्छन्। यस्ता दुर्घटनाबाट सबैभन्दा पहिले यात्रु या चालक स्वयंको ज्यान जान सक्छ। दुर्घटनाबाट कैयौं व्यक्ति घाइते हुन सक्छन्। उनीहरूको अंगभंग हुन सक्छ। भौतिक रूपमा ठूलो क्षति हुन सक्छ। त्यसैले, यसमा संलग्न सबै सचेत हुनु जरुरी छ। तर, सबैभन्दा बढ्ता सचेतचाहिँ चालक स्वयं हुनुपर्ने देखिन्छ। कतिपय दुर्घटनाबाट चालकसमेतको ज्यान गएको सुनिन्छ। त्यसैले, सचेत नबन्दा आफू र आफ्ना यात्रुको ज्यान जोखिममा पर्न सक्ने, अंगभंग हुन सक्नेलगायत कारणले पनि चालक नै बढी सचेत नभई यस्ता अधिकांश दुर्घटनामा कमी आउन कठिन छ।

● **सुदीप केसी**, लगन, काठमाडौं

चिसोपीडितलाई सहयोग गर

मधेशमा बढेको चिसोले गर्दा यहाँ बसोवास गर्ने विपन्न समुदायका वृद्धवृद्धा बिरामी पर्न थालेको समाचार पढ्दा दुःख लाग्यो। अहिले स्थानीय तहमा शक्तिशाली स्थानीय सरकार छ। ऊसित शक्ति पनि छ र बजेट पनि छ। यस्तोमा चिसोबाट प्रभावित स्थानीयवासीलाई वडाबाटै सहयोग उपलब्ध गराउनुपर्छ। अरू ठूलो सहयोग गर्न नसकेपछि पर्याप्त दाउरा र केही न्यायो ओढ्ने उपलब्ध गराउनुपर्ने देखिन्छ। भविष्यमा चिसोबाट कसैको ज्यान गएको समाचार पढ्नु नपरोस्।

● **उपासना श्रेष्ठ**
टाँडी, चितवन

सद्भाव कायम रहोस्

दलितलाई सामाजिक बहिष्कार प्रकरणमा गैरदलित समुदायले दलितसँग आफूहरूबाट गल्ती भएको र आगामी दिनमा यस्तो गल्ती नदोहोऱ्याउने प्रतिबद्धतासाथ माफी मागेको समाचार पढ्दा खुसी लाग्यो। कम्तीमा गैरदलित समुदायले आफूहरूबाट गल्ती भएको महसुस त गरेछन्। अहिले आफूहरूबाट गल्ती भए पनि आगामी दिनमा त्यस्तो गल्ती नदोहोरिने अवस्थाको सुनिश्चितता गर्न सकेको खण्डमा यसले समाजमा सामाजिक सद्भाव कायम राख्न सहज हुन्छ। त्यसैले जातीय विभेद नगर्रौं र सामाजिक सद्भाव कायम गर्रौं।

● **वन्दना आचार्य**
स्युचाटार, काठमाडौं

दुर्घटनाको जिम्मेवार को हो ?

पछिल्ला दुई दिनमा विभिन्न ६ स्थानमा सवारी दुर्घटना हुँदा २२ को मृत्यु भएको समाचार पढ्दा साह्रै दुःख लाग्यो। कुनै पनि दुर्घटनाले दुःखद समाचार नै ल्याउँछ। झन् विभिन्न व्यक्तिको अकालमै ज्यान गएको समाचारले सबैलाई भावुक बनाउँछ। यस्ता दुर्घटना जो-कसैका लागि अप्रिय नै हुन्छन्। झन् दुर्घटनामा आफन्त गुमाउने परिवारका सदस्यका लागि त यस्ता दुर्घटना जीवनभरका लागि पीडादायी बन्ने गर्छन्।

शनिबार काठमाडौंको चन्द्रागिरिमा भएको दुर्घटनामा एक चिकित्सक, उनका कलिला छोरा नै हुन्छन्। झन् दुर्घटनामा आफन्त गुमाउने परिवारका सदस्यका लागि त यस्ता दुर्घटना जीवनभरका लागि पीडादायी बन्ने गर्छन्। शनिबार काठमाडौंको चन्द्रागिरिमा भएको दुर्घटनामा एक चिकित्सक, उनका कलिला छोराछोरी र सासू-ससुराको ज्यान गएको समाचार पढ्दै गर्दा सो दुर्घटनास्थलको सडकको अवस्था निकै नाजुक भएको, उकालो र बिग्रेको, खाल्डाखुल्डी भएको सडकका कारण गाडी पछाडि हट्दा दुर्घटना भएको खबर थाहा भयो। यहाँ सडकको दुरावस्था नै दुर्घटनाको कारण देखिन्छ। उता दाङमा चाहिँ चालकले ट्राफिक प्रहरीलाई छलेर तीव्रगतिमा बस कुदाउँदा दुर्घटना भएको रहेछ। यस दुर्घटनाबाट १२ यात्रुले ज्यान गुमाए भने २४ घाइते भए। यस दुर्घटनापछि चालकको लापरबाही बढ्ता जिम्मेवार देखिन्छ।

त्यसैले, यस्ता सबै दुर्घटनाको सत्यतथ्य जाँचबुझ गरी कारण पत्ता लगाउने र त्यसमा आवश्यक सुधार गर्ने कार्यतर्फ राज्यको अविलम्ब ध्यान जानु जरुरी देखिन्छ।

● **अनिता मिश्र**, जनकपुरधाम, धनुषा

राममन्दिर प्राण-प्रतिष्ठाको राजनीति

समानताका लागि संघर्षरत भारतमा यहाँका राजनेताले मन्दिर-मस्जिदको आगो झोस्दै राजनीतिक रोटी सेकिरहेका छन्



देश/विदेश

● अभय कुमार

२२ जनवरीमा अयोध्यामा राम मन्दिरको उद्घाटन हुँदै छ। यो उद्घाटन केवल आस्थासँग मात्रै सम्बन्धित थियो भने यसमा भाग लिने मानिस सम्भवतः धार्मिक नेता हुन्थे। तर, यस्तो देखिँदैन, उद्घाटन कार्यक्रममा धार्मिक गुरुभन्दा बढी राजनीतिक नेता सामेल हुँदै छन्। स्वयं प्रधानमन्त्री नरेन्द्र मोदी कार्यक्रमको 'रौनक' बन्दै छन्। उनीबाहेक भाजपा र आरएसएसका ठूला नेता पनि उद्घाटन मञ्चमा देखिनेछन्। केही विपक्षी राजनीतिक दललाई निम्तो दिइएको छ। भाकपा मार्क्सवादीले निम्तो अस्वीकार गरेर ठूलो साहस देखाएको छ। भाकपाले यसरी धर्म निरपेक्षताको अडान लिनु ठूलो हिम्मतको विषय हो। तर, यी सबलाई बेवास्ता गर्दै सत्ताधारी पार्टी, समर्थक पत्रिका र टिभी च्यानल दिनरात धर्मको अफिम जनतामाझ बाँडिरहेका छन्। हरेक दिन मिडिया मन्दिर समारोहलाई लिएर विशेष 'सो' चलाइरहेको छ। हिन्दी पत्रिका र च्यानल 'रामभक्तिमा' मग्न देखिन्छन्। राम मन्दिर निर्माणको श्रेय एक पार्टी विशेषका विशेष नेतालाई दिइँदै छ र विपक्षी पार्टीलाई खुलेर 'खलनायक'का रूपमा पेस गरिँदै छ।

यो सबै देख्दा दुःख लाग्छ। के बाबासाहेब अम्बेडकरले यही भारतको सपना देखेका थिए ? के यही भारतका लागि भगत सिंहले बालिदान दिएका थिए ? जब यो मुलुकमा धर्मका नाममा राजनीति हुन्छ, तब राष्ट्रिय एकता कमजोर हुन्छ भन्ने ऐतिहासिक तथ्यलाई मेटाउने कोसिस गरिँदै छ। हाम्रा नेता र मिडियाले हाम्रो संविधान धर्मनिरपेक्ष हो भन्ने तथ्य बिर्सेको भान हुन्छ। सत्ताको नशामा चूर भएर नेताहरूले राज्यको धर्म हुँदैन, बरु राज्यले सबै धर्मलाई समान रूपमा हेर्छ भन्ने धर्मनिरपेक्षताको मर्मलाई नै अनदेखा गरेका छन्। अहिले संकटको समय हो किनभने मुलुकको सारा ऊर्जा मन्दिर निर्माणमा खर्च भइरहेको छ। यो संविधानको मूल्यको उल्लंघन पनि हो। यी प्रश्न गर्दा हामीलाई 'हिन्दूविरोधी' वा 'राष्ट्रविरोधी' घोषित गरिन सक्छ। तर, यी प्रश्न त्यो सूर्यजस्तै छन्, जसलाई हत्केलाले छोप्न सकिँदैन। ढिलो-चाँडो यी प्रश्न उठ्ने नै छन्। दुर्भाग्य, साम्प्रदायिकताको उन्मादले मुलुकका ज्वलन्त प्रश्न दबिएका छन्। मिडियाले गाँस, वास र कपासका मामिलामा प्रश्न उठाउँदैन, बरु यसले फजुलका धार्मिक झगडा देखाउँछ। यता भारत समानताका लागि संघर्षरत छ भने उता भारतका राजनेताले मन्दिर-मस्जिदको आगो झोस्दै राजनीतिक रोटी सकिरहेका छन्।

हिन्दुत्वका समर्थकहरू राम मन्दिरलाई आस्थाको विषय मान्छन्। तर, उनीहरूप्रति मेरो एक प्रश्न छ, यदि राम मन्दिर धार्मिक आस्था हो भने उद्घाटन चुनावको ठीक अगाडि किन भइरहेको छ ? यदि यो आस्थाको मामिला हुन्थ्यो भने उद्घाटनको जिम्मा धर्मगुरुलाई दिइन्थ्यो र सरकारले आमजनताको भलाइका लागि काम गर्थ्यो। नरेन्द्र मोदी भगवान् रामको नाम जपेर तेस्रोपटक प्रधानमन्त्री बन्न आतुर छन् भन्ने देखिन्छ। यसपटक विपक्षी दल आफ्ना मनमुटाव त्यागेर एकै ठाउँमा आएका छन् भन्ने उनलाई थाहा छ। मोदीलाई सन् २०१४ अर्थात् १० वर्षअघि आफूले गरेको अधिकांश वाचा पूरा भएका छैनन् भन्ने पनि थाहा छ। महँगी कम भएको छैन। युवाले रोजगारी पाएका छैनन्। घरबारविहीनले ओत लाग्ने घर पाएका छैनन्। मोदी शासनकालमा दुई कुरा बहुतै सफलतासाथ सम्पन्न भएका छन्। पहिलो, केही मुठीभरका मानिसको



तस्बिर : पिटिआई

खजाना भरिएको छ भने दोस्रो, आरएसएसको साम्प्रदायिक एजेन्डा मुलुकभीर फैलिएको छ। आज हरेक ठाउँमा गेरुवा झन्डा देख्न सकिन्छ। अहिले सार्वजनिक संस्थान पनि गेरुवा शक्तिको कब्जामा छन्। बाबरी मस्जिदलाई सहिद बनाएर सोही स्थानमा राममन्दिरको निर्माण पनि त्यहाँ गेरुवा एजेन्डाअनुरूप नै भएको थियो र अहिले यो एजेन्डा राजनीतिक शक्तिको दुरुपयोग गरेर पूरा गरिँदै छ। गेरुवा शक्तिले आमचुनावसम्म धार्मिक कट्टरता कायम राखिराख्न चाहन्छ। साम्प्रदायिक शक्ति मानिसहरू धर्म र भावनामा आएर मतदान गरून् भन्ने चाहन्छ। इतिहासमा अब के हुन्छ भन्नेबारे भविष्यवाणी गर्न गाह्रो हुन्छ। उदाहरणका लागि सन् २००४ मा 'साइनिङ इन्डिया'को नारा लगाउँदै अत्यधिक पैसा खर्च गर्दै चुनाव लडेका अटल विहारी बाजपेयी पराजित भएका थिए। यो तथ्य भाजपा र आरएसएसलाई राम्रोसँग थाहा छ। कहिलेकाहीं पूर्वनिर्धारित योजना सफल नहुन पनि सक्छ भनेर हिन्दूत्वका नेतालाई थाहा छ। यसैकारण रामका नाममा राजनीति भइरहेको छ। यदि विकासको राजनीति गरेका भए यी नेतालाई रामका नाममा राजनीति गर्नुपर्थेन।

वास्तवमा राम मन्दिर भाजपा र आरएसएसका लागि धार्मिक नभई पूर्ण रूपमा राजनीतिक मुद्दा हो। भाजपा र आरएसएसलाई मुलुकमा ठूलो जनसंख्याले भगवान् रामलाई पुज्छन् भन्ने थाहा छ। यसैकारण गेरुवा शक्तिले राम मन्दिर भत्काउने 'आतंककारी मुसलमान' बाबर थिए भन्ने भ्रम फैलाएको छ। राम मन्दिर आन्दोलनका नाममा साम्प्रदायिक शक्तिले हिन्दू र मुसलमानलाई आपसी शत्रुका रूपमा पेस गरेका छन्। यो शक्तिले राम मन्दिर निर्माण गरेर हिन्दू धर्मलाई पुनरुत्थान गर्ने विष फैलाएको छ। दुःखको कुरा सर्वोच्च अदालतले पनि यसमा भिडलाई हेरेर सतही फैसला दिएको छ। अहिलेको यो नाजुक समयमा हामीले धैर्य राख्न जरुरी छ। लोकतान्त्रिक एवं शान्तिपूर्ण ढंगले आफ्ना कुरा राख्न र यसैअनुरूप आन्दोलन अगाडि बढाउन आवश्यक छ। अहिले रामका नाममा निस्किरहेका ठुल्दूला च्यालीमा उपद्रवी नारा लागिरहेका छन्। यस्ता मामिलामा हामी संयम हुन आवश्यक छ।

(कुमार स्वतन्त्र पत्रकार एवं राजनीतिशास्त्रका अध्यापक हुन्)
सत्य हिन्दीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
सोमबार १ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ प्रधानमन्त्री एकदिवसीय कप

सन्दीपको शतकमा एपिएफको विजयी सुरुवात

एपिएफले पहिलो खेलमै जित निकाल्यो, बागमतीको लगातार दोस्रो हार

नयाँ पत्रिका

सन्दीप जोराको शतकप्रेरित विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा विजयी सुरुवात गरेको छ। आइतबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा रोहितकुमार पौडेलेको कप्तानीमा रहेको एपिएफले बागमती प्रदेशमाथि ८९ रनको सहज जित निकालेको हो। पहिले ब्याटिङ गरेको एपिएफले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २४१ रन बनाएको थियो। प्रत्युत्तरमा बागमतीले ४२.५ ओभरमा सबै विकेट गुमाउँदै १५२ रन मात्र बनायो।

राष्ट्रिय टोलीका कप्तान रोहितले आफ्नो कप्तानीमा एपिएफका लागि डेब्यु जित निकालेका छन्। गत संस्करणमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबबाट खेलेका रोहित यसपटक एपिएफ क्लबमा आबद्ध भएका हुन्। प्रशिक्षकका रूपमा ज्ञानेन्द्र मल्लले पनि डेब्यु जित पाए। गत वर्ष उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिएका हुन्। पिएम कपबाट उनी प्रशिक्षकको भूमिकामा देखिएका हुन्। जितसँगै एपिएफले २ अंक जोडेको छ। लगातार दोस्रो हार व्यहोरेको बागमती अंकविहीन छ। पहिलो खेलमा बागमती नेपाल पुलिस क्लबसँग ६८ रनले पराजित भएको थियो। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको अर्को खेलमा कर्णालीले गण्डकीमाथि सात विकेटको जित निकालेको छ।

कप्तान रितको अर्धशतक

एपिएफविरुद्ध बागमतीका कप्तान रित गौतमले अर्धशतकीय इनिङ्स खेले। ओपनर आशुतोष घिरैयाले ४१ रनको योगदान गरेका हुन्। पहिलोपटक बागमतीको कप्तानी सम्हाल्ने अवसर पाएका रितले ८९ बलमा ६० रन बनाए। आठ चौका प्रहार गरेका रित मौसम ढकालको बलमा अमर रौटेलाबाट क्याच आउट भए। आशुतोषले ५७ बलमा ४१ रनको योगदान गरेका हुन्। रविन जोशीले अविजित २० र विवेक मगरले १५ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

दोस्रो विकेटका लागि रित र आशुतोषले ५६ रनको साझेदारी गरेका थिए। बलिङतर्फ एपिएफका कप्तान रोहितले सर्वाधिक चार विकेट लिए। रोहितले ९ ओभरमा एक मेडनसहित २६ रन मात्र खर्चिए। राष्ट्रिय टोलीका अन्य सदस्य अविनाश बोहरा र श्याम ढकालले समान दुई विकेट लिँदा पूर्ण विक र भुवन कार्कीले समान एक विकेट लिएका थिए।



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

टोली सम्हाले, आफूले शतक हाने

एपिएफको जितमा युवा ब्याटर सन्दीप जोराले शतक बनाएका छन्। ४१-४ को नाजुक अवस्थामा रहेको एपिएफलाई सन्दीपले जितको आधार तय गरेका हुन्। टस हारेर ब्याटिङको निम्तो पाएको एपिएफले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै २४१ रनको योगफल तयार पारेको थियो। पाँचौं नम्बर क्रिजमा आएका सन्दीपले ११२ रन बनाए। सन्दीपले आफ्नो करिअरमा बनाएको यो उच्च स्कोर हो। उनले ११७ बलमा सात चौका र पाँच छक्कासहित सर्वाधिक ११२ रन बनाएका हुन्। उनलाई रिजन ढकाल र विकेटकिपर रविन जोशीले रनआउट गराएका हुन्। सन्दीप प्रतियोगितामा शतक बनाउने दोस्रो खेलाडी बनेका छन्।

उद्घाटन खेलमा नेपाल पुलिसका रसिद खानले बागमतीविरुद्ध नै शतक बनाएका हुन्। एपिएफका लोकेश बमले २७, अमरसिंह रौटेलाले २२, अविनाश बोहराले अविजित १८, ओपनर आसिफ शेखले १५, अर्का ओपनर प्रज्ज्वल शाही र भुवन कार्कीले समान १० रन बनाएका छन्। यसअघि कप्तान रोहित पाँच बलमा २ रन बनाएर आउट भए। चौथो विकेटका रूपमा सूर्य तामाङले समित महर्जनलाई एलबिडब्लू धरापमा पारेपछि एपिएफ संकटमा परेको थियो। छैटौं विकेटका लागि सन्दीप र लोकेशले ६६ तथा आठौं विकेटको लागि सन्दीप र अमरसिंहबीच ६८ रनको साझेदारी भएपछि एपिएफ ठूलो स्कोरतर्फ बढेको हो। बागमतीका लागि सूर्यले तीन विकेट लिए। प्रतिश जिसी र रिजन ढकालले समान दुई तथा सोनु देवकोटाले एक विकेट हात पारेका हुन्।

कर्णालीको सहज जित



भैरहवास्थित सिद्धार्थ रंगशालामा भएको खेलमा कर्णालीले गण्डकी प्रदेशलाई सात विकेटले पराजित गरेको छ। सुरुवाती ब्याटिङ गरेको गण्डकीले ४५ ओभरमा नौ विकेट गुमाउँदै १२३ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा कर्णालीले ३३.२ ओभरमा तीन विकेट गुमाउँदै विजयी सुरुवात गरेको हो। गण्डकीको भने लगातार दोस्रो हार हो। पहिलो खेलमा गण्डकी लुम्बिनी प्रदेशसँग चार विकेटको पराजित भएको थियो।

कर्णालीको जितमा हिमांशु शाहीले अर्धशतकीय इनिङ्स खेले। उनले ७१ बलमा पाँच चौका र दुई छक्कासहित ५३ रन बनाएका हुन्। निश्चल रावलले अविजित २९, रवीन्द्र शाहीले २० र अर्जुन घर्तीले अविजित १० रनको योगदान दिए। बलिङमा गण्डकीका अंकित न्यौपाने र विपिन खत्रीले समान दुई विकेट लिए।

चलेन गण्डकीको ब्याटिङ

अग्रपंक्तिका पाँच ब्याटर चल्न नसक्दा गण्डकीले प्रतियोगितामा लगातार दोस्रो हार व्यहोरेको छ। टस हारेर ब्याटिङ गरेको गण्डकीले निर्धारित ४५ ओभरमा नौ विकेट गुमाउँदै १२२ रनको सामान्य योगफल बनायो। गण्डकीका अमृत गुरुङ र कमल परियारले समान २१ रनको सर्वाधिक योगफल बनाए। अग्रपंक्तिका पाँच खेलाडी २२ बनाउँदा गुमाएपछि गण्डकी थप दबाबमा आएको थियो। ७.३ ओभरमा १४ रन बनाउँदा चार विकेट गुमाएको हो। छैटौं नम्बरमा आएका ब्याट्समयान अश्वानी रानाले १६ र कप्तान विपिन खत्रीले १० रन मात्रै जोड्न सके। चन्द्र पौडेल १४ र अंकित न्यौपाने २ रनमा अविजित रहे। कर्णालीका अनुज चुनारा, दिनेश अधिकारी र दीपेन्द्र रावतले समान दुई विकेट लिए। प्रकाश जैसी, दिवान पुन र रवीन्द्र रावतले समान एक विकेट लिए।

खेल संक्षेप

सुबिन र रिहाना च्याम्पियन

काठमाडौं/ विभागीय टोली त्रिभुवन आर्मी क्लबका सुबिन श्रेष्ठ र रिहाना शेरचन योनेक्स सनराइज इनास सबजुनियर च्यालेन्ज यू-१५ प्रतियोगिताको च्याम्पियन बनेका छन्। सुबिनले आर्मीकै सुदेश राजकोटीलाई २१-१५ र २१-१० ले पराजित गरे। रिहानाले मोहन भूगोल ब्याडमिन्टन फाउन्डेसनका निभा राईलाई २१-१२ र २१-१० ले पराजित गरिन्। विजयी दुवै खेलाडीले जनही १० हजार रुपैयाँ प्राप्त गरेका छन्। उपविजेताले पाँच हजार पाए। तेश्रो स्थान पुरुषतर्फ कैलालीका शिशिर राना र धन्यन्तरीका सत्यम कार्की रहे। महिलातर्फ दीपक ब्याडमिन्टन एकेडेमीका अस्मिता खत्री र आइबिएससीका टिसारानी शाक्यले प्राप्त गरेका छन्। यू-१३ तर्फ पुरुषमा आर्मीका सुदेश राजकोटी र महिलातर्फ मोहन भूगोल ब्याडमिन्टन फाउन्डेसनका निभा राईले उपाधि जिते। तेस्रो स्थानमा पुरुषतर्फ तनहुँका सफल भुजेल र एपिएफका आरुष सिम्खडा र महिलातर्फ आर्मीकी समृद्धि श्रेष्ठ र दीपक ब्याडमिन्टन एकेडेमीकी अस्मिता खत्री विजयी रहे। यू-११ तर्फ कास्कीका सक्षम गुरुङ च्याम्पियन भएका छन्।

यापी भैरव पहिलो

काठमाडौं/ यापी भैरव युथले चाँगुनारायण नगरपालिकाव्यापी फुटसल प्रतियोगिताको उपाधि जितेको छ। नगरपालिकाको सहयोगमा वडा नम्बर २ दुवाकोटस्थित फैढोका फुटसलले आयोजना गरेको चाँगुनारायण कप आन्तरिक फुटसल प्रतियोगिताको फाइनलमा यापी भैरवले वडा नम्बर ७ को बागेश्वरी युथलाई पराजित गरेको थियो। चाँगुनारायण नगरपालिकाका सबै ९ वडाबाट दुईका दरले कुल १८ टिम सहभागिता थियो। प्रतियोगिताको उत्कृष्ट खेलाडी बागेश्वरी युथ टिमका कृष्णकुमार केसी भए। यापी भैरव युथ टिमका पूजन ठुइयाले उत्कृष्ट गोलकिपरको पुरस्कार जिते। यापी भैरवकै इशान श्रेष्ठ प्रतियोगिताको उच्च गोलकर्ता भएका थिए। इशानले कुल पाँच गोल गरेका थिए। प्रतियोगिताको विजेता टिमलाई ५० हजार र उपविजेतालाई २५ हजार तथा उत्कृष्ट खेलाडीलाई जनही पाँच हजार रुपैयाँका दरले पुरस्कृत गरिएको थियो।

एड्भान्स एकेडेमीलाई उपाधि

धादिङ/ एड्भान्स एकेडेमीले धादिङ जिल्लास्तरीय अन्तरमाध्यमिक विद्यालय भलिबल प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगितामा नलाङ पात्ले उपविजेता बन्यो। प्रतियोगितामा पशुपति र बागेश्वरी संयुक्त रूपमा तेस्रो भए । विजेता एड्भान्सले ५०, उपविजेता नलाङले ३० तथा संयुक्त तेस्रो टोलीले समान सात हजार प्राप्त गरेका छन्। प्रतियोगिता एमालेको भ्रातृ संगठन नेपाल खेलकुद महासंघ जिल्ला कमिटी धादिङले आयोजना गरेको हो।

आयोजक गण्डकी र पुलिस भिड्दै

कास्की/ टाइगर कप महिला तथा पुरुष क्लब च्याम्पियनसिप प्रतियोगिताको उद्घाटन सोमबार हुँदै छ। चौथो संस्करणको प्रतियोगितामा महिला र पुरुषतर्फ नेपालका पाँच र भारतको एक गरी समान ६ टोलीको सहभागिता रहनेछ। आयोजक टाइगर ग्रुपले प्रतियोगिताको तयारी पूरा भएको जनाएको हो। प्रतियोगितामा महिलातर्फ विभागीय टोलीहरू सशस्त्र प्रहरी बलको एपिएफ क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लबसँगै चन्द्रागिरी नगरपालिका, न्यू डायमन्ड स्पोर्टस् क्लब, गण्डकी प्रदेश भलिबल संघ र भारत हरियाणा राज्यको महिला पुलिस क्लबले प्रतिस्पर्धा गर्नेछन्। पुरुषतर्फ पनि एपिएफ, आर्मी र पुलिससँगै गण्डकी प्रदेश भलिबल संघ, हेल्प नेपाल स्पोर्टस् क्लब र श्रीलंकाको आर्मी टिम छन्।

जापानको सानदार जित

एजेन्सी/ सानदार कमब्याक गर्दै उपाधि दाबेदार जापानले एएफसी एसिया कपमा विजयी सुरुवात गरेको छ। आइतबार कतारको अल थुमाम रंगशालामा जापानले भियतनाममाथि ४-२ को जित निकालेको हो। जापानको जितमा ताकुमी मिनामिनोले दुई तथा केइटो नाकामुरा र आयसे युडाले समान एक गोल गरेका हुन्। भियतनामका एनगुएन बाच र फम हाईले समान एक गोल फर्काए। जितसँगै समूह 'डी'मा जापानले ३ अंक जोडेको छ।

मिनामिनोको दुई गोल

जापानले पहिलो हाफमै २-१ ले पछि परेको स्थितिमा कमब्याक गर्दै विजयी सुरुवात गरेको छ। मिनामिनोको दुई गोल गरे। खेलको ११औं मिनेटमा मिनामिनोको गोलमार्फत जापानले अग्रता लिएको थियो। जापानको अग्रता ६ मिनेट मात्रै टिक्यो। पाँच मिनेटपछि नै बाचले भियतनामलाई बराबरीमा ल्याए। खेलको ३३औं मिनेटमा पामले गोल गर्दा भियतनाम २-१ ले अघि रह्यो।

४५औं मिनेटमा मिनामिनोले व्यक्तिगत दोस्रो गोल गर्दा जापान २-२ को बराबरीमा आयो। इन्डोको पासमा मिनामिनोले सहजै गोल गरे। पहिलो हाफमा थपिएको चार मिनेटको इन्जुरी समयमा नाकामुराले जापानलाई ३-२ ले अगाडि बढाएका हुन्। ८५औं मिनेटमा युडाले गोल गर्दै जापानलाई सहज जित दिलाए।



एन्फाको पुनरावेदन कमिटीमा एपिएफको उजुरी

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) अनुशासन कमिटीले श्री स्टारमाथि गरेको निर्णय चित्त नबुझेपछि विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले पुनरावेदन कमिटीमा उजुरी हालेको छ। सहिद स्मारक 'ए' डिभिजन लिग ०७९/८० अन्तर्गत जावलाखेलविरुद्ध श्री स्टार क्लबले श्रम स्वीकृतिविना विदेशी खेलाडी खेलाएको भन्दै एपिएफले एन्फामा उजुरी गरेको थियो। सात महिनापछि १५ पुसमा एन्फाले श्री स्टार दोषी भएको ठहर गर्दै कारबाहीस्वरूप जरिवाना गरेको थियो। एन्फाले १९ पुसमा श्री स्टारमाथि कारबाही भएको जानकारी गराएको हो। एन्फाले क्लबलाई तीन लाख तथा नाइजेरियन खेलाडीद्वय मार्टिन कयोडे अजयी र पिटर सेगुनलाई जनही ५० हजार जरिवाना गरेको थियो। तर, एन्फाको निर्णय चित्त नबुझेपछि पुनरावेदनमा गएको एपिएफका कोषाध्यक्ष विजयकुमार केसीले बताएका छन्।

'फिफा अनुशासन कोड २०२३ को १९औं बुँदाको नं. १ र २ बमोजिम र २८औं बुँदाको नं. १ बमोजिम साथै 'एएफसी अनुशासन तथा नैतिकता कोड, २०१९' को बुँदा ५६ को १, २ र ३ बमोजिम प्रतियोगितामा खेलाइएको उक्त खेल (जावलाखेल ०-१ श्री स्टार) लाई नै रद्द गराई दोषी टिमले प्राप्त गरेको अंक घटाउनुपर्नेमा सो नगरी जरिवाना मात्र गरिएकाले यस क्लबलाई गम्भीर मर्का पर्न गएको हुँदा पूर्ण रूपमा नियमको पालना गरिदिन हुन अपिल गर्दछौं,' केसीले एन्फालाई बुझाएको पत्रमा भनिएको छ, 'साथै सहिद स्मारक ए डिभिजन लिगको विद्यमान नतिजासमेत संशोधन गरी सहिद स्मारकजस्तो नेपालकै एक मात्र प्रतिष्ठित र गरिमामय लिग प्रतियोगितामा खेलप्रेमी महानुभाव तथा दर्शकको पनि गम्भीर चासो र सरोकार रहने हुँदा सम्बन्धित सम्पूर्णका लागि उक्त संशोधित नतिजा पुनः प्रकाशन गरिदिन हुन निर्देशानुसार अपिल तथा अनुरोध गर्दछौं।' गत २७ जेठमा भएको जावलाखेलसँगको त्यो खेलपछि श्री स्टारको शीर्ष डिभिजन हैसियत जोगिएको थियो भने एपिएफ रेलिगेसनमा परेको हो। एपिएफको मागअनुसार सो खेलमा श्री स्टारलाई ३-० ले पराजित गर्ने हो भने एपिएफ रेलिगेसन पर्नेछैन भने श्री स्टार रेलिगेसनमा पर्नेछ।

जोकोभिचको सहज जित

एजेन्सी/ साबिक विजेता नोभाक जोकोभिचले वर्षको पहिलो ग्रान्डस्लाम टेनिस प्रतियोगितामा विजयी सुरुवात गरेका छन्। आइतबार मेलबर्न पार्कमा पहिलो चरणको पुरुष एकलतर्फ सर्बियन स्टार जोकोभिचले क्रोएसियाका डिनो प्रिजमिकलाई ३-१ को सेटमा पराजित गरेका हुन्। योसँगै उनले अस्ट्रेलियन ओपनमा लगातार २९ खेल जितेका छन्। चार घन्टा चलेको खेलको पहिलो सेट जोकोभिचले ६-२ जिते। दोस्रो सेट प्रतिस्पर्धात्मक बन्यो भने १८ वर्षीय खेलाडीसँग ६-७ (५-७) ले पराजित भए। त्यसपछिका खेलमा सानदार प्रदर्शन गर्दै उनी ६-३ र ६-४ ले जित निकाल्न सफल भए। वरीयताको १७८औं खेलाडीसँग खेलपछि जोकोभिचले अनुभवको कमी रहेको प्रतिक्रिया दिए। डिनोले अझै मिहिनेत गर्नुपर्ने उनको भनाइ थियो। 'धेरै दबाब थियो, तर आफ्नो खेल देखाएँ,' जोकोभिचले भने। जोकोभिचले दोस्रो चरणमा एलेक्स पोरिन र मार्क पोल्मान्सको विजेतासँग खेल्नेछन्।



साबालेन्काको एकपक्षीय जित

महिलातर्फको खेलमा बेलारुसकी आर्यना साबालेन्काले एकपक्षीय जित निकालेकी छिन्। साबालेन्काले जर्मनीकी १८ वर्षीया इला सेइडेललाई २-० को सोझो सेटमा पराजित गरेकी हुन्। ५३ मिनेट चलेको खेलमा साबालेन्काले ६-० र ६-१ ले खेल आफ्नो पक्षमा पारिन्। 'खेल निकै भिन्न रह्यो, तर खुसी छु,' २८ वर्षीया साबालेन्काले भनिन्। साबालेन्काले दोस्रो चरणमा चेक रिपब्लिकी ब्रेन्डा फ्रुभिर्टोभाको सामना गर्नेछिन्। फ्रुभिर्टोभा रोमिनियाकी एना बोग्डनलाई २-६, ६-३ र ६-४ ले स्तब्ध बनाउँदै दोस्रो चरणमा प्रवेश गरेकी हुन्।

भारतलाई एक खेलअघि नै शृंखला

एजेन्सी/ लगातार दोस्रो जित निकाल्दै आयोजक भारतले अफगानिस्तानविरुद्धको तीन टी-२० शृंखला एक खेलअघि नै जितेको छ। अफगानिस्तानले सुरुवाती ब्याटिङ गर्दै घरेलु टोली भारतलाई १७३ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा भारतले १५.४ ओभरमा चार विकेट गुमाएर लक्ष्य पूरा गरेको हो। पहिलो खेलमा पनि भारतले अफगानिस्तानलाई ६ विकेटले नै हराएको थियो।

पहिलो खेलमा शिवम दुबेले अर्धशतकीय इनिङ्स खेल्दै भारतलाई जित दिलाएका हुन्। दोस्रो खेलमा पनि उनले अर्धशतक हिर्काए। तेस्रो खेल १७ जनवरीमा हुनेछ।

जैसवाल र दुबेको अर्धशतक

भारतको सहज जितमा ओपनर यशस्वी जैसवाल र चौथो नम्बरमा क्रिजमा आएको शिवम दुबेले अर्धशतकीय इनिङ्स खेलेका छन्। ओपनर तथा कप्तान रोहित शर्मा शून्यमा पेभिलियन फर्कंदा जैसवालले ३४ बलमा ६८ रन बनाए। उनले पाँच चौका र ६ छक्का प्रहार गरेका हुन्। दुबेले शृंखलामा दोस्रो अर्धशतक बनाउने क्रममा ३२ बलमा ६३ रन जोडेका हुन्। उनले पाँच चौका र चार छक्का हिर्काए। विराट कोहलीले १६ बलमा २९ रनको योगदान गरे। अफगानिस्तानका करिम जानतले सर्वाधिक दुई विकेट लिए। भारतको जितमा दुबे र जैसवालले तेस्रो विकेटका लागि ९२ रनको साझेदारी गरेका थिए। जैसवाल र कोहलीबीच ५७ रनको साझेदारी भएपछि भारत बलियो स्थितिमा पुगेको थियो।

नैबको अर्धशतक

टस हारेर ब्याटिङ गरेको अफगानिस्तानले निर्धारित २० ओभरमा १७२ रन बनाएको थियो। गुल्बदिन नैबले ३५ बलमा ५७ रन बनाए। उनले पाँच चौका र चार छक्का प्रहार गरेका हुन्। यसबाहेक नजिवुल्लाह जर्दानले २३, करिम जानतले २०, मुजिब रहमानले २१, मोहम्मद नाबी र रहमनुल्लाह गुर्वाजले समान १४ रन बनाएका थिए। भारतका अर्शदीप सिंहले सर्वाधिक तीन विकेट लिए। उनले ४ ओभरमा ३२ रन खर्चिएका हुन्। यसैगरी रवि बिस्नोई र अक्षर पटेलले समान दुई विकेट लिए।

रैनादेवी छहरा गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा

आशय पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/०१

मिति २०८०/०६/१६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatra.gov.np/egp समेत प्रकाशित सूचना अनुसार रीतपुर्वक पेश भएका बोलपत्रहरु मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

ठेक्का नं	आयोजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक (मु.अ कर बाहेक पि.एस. सहित)
RRM/PAL/W/NCB-02/2080-81	Upgrading of Sundaredhunga-Juthapauwa-Saljhandi-Road (Ch3+000 to 6+320)	जय के.जे.-जलजला जे.भी., गंगादेव, रोल्पा	रु. १,४१,९६,०११.०३

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/०१

यस अस्पतालबाट मिति २०८०/०९/१३ गते प्रकाशित प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका प्रस्तावहरु मध्ये तपशील बमोजिमको प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील :

सि.नं.	प्रस्ताव नं.	विवरण	छनौट भएको प्रस्तवा दाताको नाम र ठेगाना
१.	-	काउण्टर कलेक्सन	हिमालयन बैंक लि. काठमाडौं

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com